सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

४ वैशाख २०८२, बिहीबार (17 Apr 2025, Thursday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १९ ■ अंक ४ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

सभामुख र सरकारका प्रवक्ताको अभिव्यक्तिले आन्दोलनरत शिक्षक थप निराश र आक्रोशित



बुधबार बिजुलीबजार क्षेत्रमा भएको शिक्षकहरूको प्रदर्शन । तस्बिर : **ज्ञानेन्द्र कार्की**

■ सभामुख देवराज घिमिरेले भने-

बजेट अधिवेशनमा शिक्षा विधेयक प्राथमिकतामा पर्दैन



ऐनलाई एक नम्बर बुँदामा राखेर टुंग्याएर जान सम्भव छैन । किनभने यो अधिवेशनले बजेटसम्बन्धी विषयलाई प्राथमिकता दिनुपर्छ । १५ जेठभित्र बजेट प्रस्तुत भइसक्नुपर्छ । असार मसान्तभित्र पारित भइसक्नुपर्छ । त्यसका आफ्ना कानुनी प्रक्रिया छन् । शिक्षा ऐन चाहियो, ऐन नलिई जाँदैनौं भन्नुभएको छ । तर, उहाँहरूका माग प्रस्ट छैनन् ।

■ शिक्षकहरूप्रति सरकारका प्रवक्ता पृथ्वीसुब्बा गुरुङको संगीन आक्षेप-

के आन्दोलन गरेर राजतन्त्र ल्याउन खोजेको हो ?



शिक्षकहरूले सरकारको कुरा सुन्नुपर्छ । यो आन्दोलनको वेला होइन । भर्नाको वेला शिक्षकहरू फर्किनुपर्छ र काम गर्नुपर्छ । सरकारलाई अप्ठ्यारोमा पारेर, सबै ठप्प पारेर के गर्न खोजेको हो ? हुँदाहुँदा निजामती कर्मचारी पनि आन्दोलनमा आउँछौं भन्ने, सबै आन्दोलनमा गएपछि सरकार कसरी चल्छ ? के सबैले आन्दोलन गरेर राजतन्त्र ल्याउन खोजेको हो ?

नयाँ पत्रिका

शिक्षा ऐनको माग गर्दै १५ दिनदेखि काठमाडौंकेन्द्रित आन्दोलनमा रहेका शिक्षकहरू सभामुख देवराज घिमिरे र सञ्चारमन्त्री पृथ्वीसुब्बा गुरुङका अभिव्यक्तिपछि थप निराश र आक्रोशित बनेका छन् । सभामुख घिमिरेले बजेट अधिवेशनमा शिक्षा विधेयक प्राथमिकतामा नपर्ने बताएका छन् भने सञ्चारमन्त्री गुरुङले आन्दोलनले राजतन्त्र पक्षधरलाई लाभ पुगेको टिप्पणी गरेका छन् ।

बजेट अधिवेशन आह्वान गरिएको दिनमै आएको सभामुखको अभिव्यक्तिले आन्दोलनमा रहेका शिक्षकहरूको भावनामाथि खेलबाड गरेका छन् । अर्कोतर्फ सरकारका प्रवक्तासमेत रहेका सञ्चारमन्त्रीले विद्यालय बन्द गरेर शिक्षकहरूले राजतन्त्र ल्याउन खोजेको गम्भीर आरोप लगाएका छन् । नेपाल शिक्षक महासंघका पदाधिकारीले सभामुख र सञ्चारमन्त्रीको अभिव्यक्तिले सरकार समस्या समाधानमा गम्भीर नदेखिएको पुष्टि भएको प्रतिक्रिया दिएका छन् ।

सभामुख घिमिरेले शिक्षकका माग प्रस्ट नभएको र अधिवेशनमा बजेटले प्राथमिकता पाउने स्पष्ट गरेका छन् । 'ऐनलाई एक नम्बर बुँदामा राखेर टुंग्याएर जान सम्भव छैन । किनभने यो अधिवेशनले बजेटसम्बन्धी विषयलाई प्राथमिकता दिनुपर्छ । १५ जेठभित्र बजेट प्रस्तुत भइसक्नुपर्छ । असार मसान्तभित्र पारित भइसक्नुपर्छ । त्यसका आफ्ना कानुनी प्रक्रिया छन्,' उनले भने । यस्तै, उनले शिक्षकहरूका माग स्पष्ट नरहेको पनि बताए । शिक्षा ऐन चाहियो, ऐन नलिई जाँदैनौं भन्नुभएको छ । तर, उहाँहरूका माग प्रस्ट छैनन्,' उनले भने ।

■ शिक्षक आन्दोलन परिचालन समिति संयोजक नानुमाया पराजुलीको चेतावनी- **डेडलाइन तोकेर सम्झौता गर्नुपऱ्यो, नत्र आन्दोलन रोकिँदैन**



हामीलाई ऐन चाहिन्छ, ऐन ल्याउन सरकारलाई केले छेकेको छ, अझ विद्यालय शिक्षा ऐन प्राथमिकतामा पर्दैन भन्नु गैरजिम्मेवार हो । ऐन नआएसम्म हामीले छोड्दैनौं । सरकारको कुरा हामीले सुन्नेजति सुनिसक्यौं, प्रधानमन्त्री, सभामुख, शिक्षामन्त्रीलगायतले लिखित रूपमा सम्झौता गर्नुपऱ्यो र डेडलाइन तोक्नुपऱ्यो, अन्यथा आन्दोलन रोकिँदैन ।

यद्यपि, शिक्षकहरूले समयसीमासहितको सम्झौतामार्फत तत्काल समस्याको समाधान खोज्न सकिने विकल्प अगाडि सारेका छन् ।

बुधबार मन्त्रि-परिषद्का निर्णय सार्वजनिक गर्न आयोजित पत्रकार सम्मेलनमा बोल्दै सरकारका प्रवक्ताले शिक्षकहरू गलत समयमा आन्दोलनमा उत्रेको आरोप लगाए । 'शिक्षकहरूले सरकारको कुरा सुन्नुपर्छ । यो आन्दोलनको वेला होइन । भर्नाको वेला शिक्षकहरू फर्किनुपर्छ र काम गर्नुपर्छ । के विद्यालय बन्द गरेर राजतन्त्र

» पृष्ठ २ मा क्रमशः

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

■ निजी मेडिकल कलेज सञ्चालकको स्वार्थमा सरकार

एमबिबिएस र बिडिएसको कोटा र शुल्क बढाउन प्रधानमन्त्री नै अग्रसर

पिजी चिकित्सकको बढाइएको तलब दिन अटेर गरेका कलेज सञ्चालककै स्वार्थ पूरा गर्न कार्यदल गठन

शिवहरि घिमिरे / नयाँ पत्रिका

सरकारले तोकेको तलब दिन निजी मेडिकल कलेजहरूले अटेर गरेपछि पोस्ट ग्राजुएट (पिजी) चिकित्सक १४ दिनदेखि आन्दोलन गर्न बाध्य छन् । तर, पिजी चिकित्सककै तलबलाई नै आधार बनाएर पिजी, एमबिबिएस र बिडिएसको कोटा थप्न चलखेल गरिरहेका तिनै कलेजका सञ्चालकहरूको स्वार्थ पूर्ति गर्न प्रधानमन्त्री केपी ओली नै अग्रसर देखिएका छन् ।

प्रधानमन्त्री ओलीले आफ्नै अध्यक्षतामा बुधबार चिकित्सा शिक्षा आयोगको १८औं बैठक राखेर एमबिबिएस र बिडिएस तहमा सिट र शुल्क संरचना पुनरावलोकन गर्न भन्दै ११ सदस्यीय कार्यदल गठन गरी निजी कलेजलाई कोटा थप्न औपचारिक सुरुवात गरेका हुन् । स्रोतका अनुसार प्रधानमन्त्री ओलीले विवादबाट बच्न सरकारी मेडिकल कलेजलाई समेत समेटेर निजी मेडिकल कलेजलाई एमबिबिएस र बिडिएस तहमा ५०० हाराहारी कोटा थप्ने गृहकार्य थालेका छन् । ओलीले शिक्षा मन्त्रालयका सचिव दीपक काफ्लेको संयोजकत्वमा निजी मेडिकल कलेज सञ्चालकसमेत सम्मिलित कार्यदललाई सुझाव प्रतिवेदन पेस गर्न १० दिनको समय दिएका छन् ।

निजी मेडिकल कलेजका तर्फबाट बैठकमा सहभागी कान्तिपुर डेन्टल कलेजका अध्यक्ष डा. बुद्धिमान श्रेष्ठले एमबिबिएसको कोटा थप्ने र शुल्क

» पृष्ठ २ मा क्रमशः



प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बुधबार बसेको चिकित्सा शिक्षा आयोगको बैठक

■ १४ दिनदेखि आन्दोलित पिजी चिकित्सकको प्रतिक्रिया-

योभन्दा लाज केही हुन सक्दैन, हामी विरोध गर्छौं

निजी मेडिकल कलेज सञ्चालकको स्वार्थमा सक्रिय सरकारलाई आफैंले तोकेको तलब नपाएर १४ दिनदेखि आन्दोलित दुई हजार पिजी चिकित्सकको भने चिन्ता छैन । उनीहरूले लामो समयदेखि १७ हजारमा काम गर्दै आएका छन् । हालै सरकारले ४८ हजार ७७३ रुपैयाँ दिनुपर्ने निर्णय गरेको थियो । तर, आफ्नै निर्णयमा बदनियत राख्दै सरकार भने एमबिबिएस र बिडिएस तहमा कोटा थपिदिने गृहकार्यमा लागेको छ । स्वास्थ्यकर्मीका लागि सुरक्षित कार्यदल संघर्ष समितिका संयोजक डा. शेषराज घिमिरेले एमबिबिएसमा कोटा थपिए थप विरोधमा उत्रिने बताए । 'योभन्दा लाज अरू केही हुन सक्दैन, एमबिबिएस डाक्टरको संख्या कम भएको होइन, सरकारले पिजी तहको हिसाब मिलान गर्न चलखेल गरेको छ । एमबिबिएसको कोटा थपियो भने हामी विरोधमा उत्रिन्छौं,' उनले भने, 'हाम्रो पारिश्रमिकको विषय जोडेर अर्को तहमा सम्झौता गर्न पाइँदैन । हामीले काम गरेको पारिश्रमिक देऊ भनेको हो, एमबिबिएसका कोटा थप भनेको होइन । सरकार नै निजी कलेजको स्वार्थमा अग्रसर हुनु खेदजनक छ ।'

बैठकमा सहभागीहरू भन्छन्-



● **डा. बुद्धिमान श्रेष्ठ**
अध्यक्ष, कान्तिपुर डेन्टल कलेज

सरकारले हाम्रो कोटा खुम्च्याएको छ, नौ वर्षदेखि शुल्क पनि समायोजन भएको छैन । बुधबारको बैठकमा शुल्क समायोजन र कोटा थप्नेबारे छलफल भयो । कार्यदल बनेको छ ।



● **अञ्जनीकुमार झा**
उपाध्यक्ष, चिकित्सा शिक्षा आयोग

एमबिबिएसमा कोटा पुनर्मूल्यांकन गर्न कार्यदल गठन गरिएको छ । हाल निजी र सरकारीमा गरी एमबिबिएस र बिडिएस तहमा २२ सय कोटा छ । भौतिक संरचनाले थेग्न सक्ने भएपछि सरकारसँग निजी र सरकारी मेडिकल कलेजले केही कोटा थपिदिन माग गरिरहेका छन् । कार्यदलले यसमा अध्ययन गरेर प्रतिवेदन पेस गर्छ ।



● **डा. विकास देवकोटा**
सचिव, स्वास्थ्य मन्त्रालय

आवासीय चिकित्सक भनेका विद्यार्थी र कर्मचारी दुवै हुन् । एमबिबिएस पढ्दा ठुलो लगानी लाग्छ, पछि पिजी अध्ययनमा पनि २२-२४ लाख त खर्च हुन्छ नै, यस्तोमा आवासीय चिकित्सक पनि मर्कामा पर्नुहुँदैन । सञ्चालकहरूको पनि आवासीय चिकित्सकले तिरेको शुल्क पारिश्रमिकमै फिर्ता जान्छ, फाइदा हुँदैन भन्ने भनाइ छ । कार्यदलले अध्ययन गरेर कोटा थप्नेबारे सिफारिस गर्नेछ ।

प्रधानमन्त्रीको कार्यशैलीप्रति रुष्ट कांग्रेस महामन्त्रीद्वयको माग

सरकारको गम्भीर समीक्षा गरौं



● **गगन थापा**, महामन्त्री

अहिले कांग्रेस र एमाले मिलेर बनेको सरकार छ । यो सरकार बन्नुपर्थ्यो वा पर्दैनथ्यो भन्ने चरण अब सकियो । ठुलो उद्देश्यले कांग्रेस र एमाले दुई ठुला प्रतिस्पर्धी पार्टीबिचको सरकार बनेको हो । हामी संविधान संशोधन र सुशासनको एजेन्डामा मिलेका हौं । तर, जुन अपेक्षाअनुसार मिलेका थियौं, त्यो पूरा हुन सकेको छैन । अब गम्भीर समीक्षा गर्नैपर्छ ।



● **विश्वप्रकाश शर्मा**, महामन्त्री

नगर्नुपर्ने निर्णयमा हतारो/गर्नुपर्ने निर्णयमा विलम्ब, सरकारको यो प्रवृत्ति समर्थनयोग्य छैन । मुख्य दुई दल सम्मिलित सरकारको गति सन्तोषजनक भएन । कमजोरी केलाऔं, लय मिलाऔं, गति बढाऔं, सरकार बाहिर अनुभूतिमा भेटिनुपर्छ । सरकार चल्नुपर्छ, तर कार्यशैली बदल्नुपर्छ ।

प्रेम गौतम / नयाँ पत्रिका

प्रमुख सत्तारूढ दल कांग्रेसका नेताहरूले सरकारको काम अपेक्षाकृत नभएको सार्वजनिक असन्तुष्टिमार्फत प्रधानमन्त्री केपी ओलीमाथि दबाब सिर्जना गर्ने सिलसिला जारी राखेका छन् । बुधबार पनि कांग्रेसका महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले

» पृष्ठ २ मा क्रमशः

कांग्रेस-एमाले समीकरणमा समस्या नरहेको उच्चस्तरीय संयन्त्रको दाबी

कांग्रेस महामन्त्री गगन बैठकमै गएनन्

काठमाडौं / सरकारको कार्यसम्पादन र प्रधानमन्त्रीको कार्यशैलीप्रति प्रमुख सत्तारूढ दल कांग्रेसकै शीर्ष तहबाट आलोचना भइरहेका वेला बसेको उच्चस्तरीय राजनीतिक संयन्त्रको बैठकले सत्तासमीकरणमा कुनै समस्या नरहेको निष्कर्ष निकालेको छ । प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारमा बुधबार बसेको बैठकले कांग्रेस र एमालेबिच खटपट नरहेको निष्कर्ष बाहिर ल्याएको हो । यद्यपि, सरकारप्रति खुलेर आलोचना गर्दै आएका संयन्त्रका सदस्य तथा कांग्रेस महामन्त्री गगन थापा भने उक्त बैठकमा अनुपस्थित रहेका थिए ।

संयन्त्र सदस्य एवं गृहमन्त्री रमेश लेखकले बैठकले सत्तासमीकरणमा रहेका दुई दलबिच कुनै समस्या नरहेको निष्कर्ष निकालेको बताए । 'उच्चस्तरीय राजनीतिक संयन्त्र र कार्यदलको बैठकमा समसामयिक विषयमा छलफल भएको छ । सरकारमा दुई दलका बिचमा समस्या भयो कि भनेर अहिले जे आएको छ, त्यस्तो छैन । सरकारमा रहेका दुई दलका बिचमा कुनै समस्या देखिएको छैन, किनभने दुवै दलका प्रमुख नेतासहित बसेर हामीले राम्रोसँग छलफल गरेका छौं,' उनले भने ।

बाहिर सरकारको आलोचना भए पनि अहिले भइरहेका कामबारे तथ्यांकमै केन्द्रित भएर छलफल भएको लेखकले बताए । आर्थिक क्षेत्रमा देखिँदै गएको सुधारले जोसुकै नेताको आलोचनालाई पनि खण्डन गरेको उनको दाबी छ ।

साढे तीन वर्षअघि यौन दुर्व्यवहारमा परेकी दलित युवती मृत फेला

अदालतबाट दोषी ठहर भएका युवक दुई वर्षदेखि फरार थिए, युवतीको शंकास्पद मृत्युलगत्तै आमाले उजुरी दिएपछि गाउँबाटै पक्राउ



छोरी (पूजा) मृत भेटिएपछि भावविह्वल आमा रामवतीदेवी, साथमा आफन्त ।

राजविराजमा **सौरभ यादव**

साढे तीन वर्षअघि यौन दुर्व्यवहारमा परेकी सप्तरीको सुरुंगा नगरपालिका- ७, रामटोलकी दलित युवती पूजा राम मृत भेटिएकी छिन् । पूजाको शव मंगलबार घरदेखि पाँच सय मिटर पर तीनगछियाको पोखरीछेउमा फेला परेको हो ।

प्रहरीले १४ मंसिर ०७८ मा पूजामाथि भएको यौन दुर्व्यवहारमा दोषी ठहर भई फरार रहेका युवक जागेश्वर ठाकुरलाई गाउँबाटै पक्राउसमेत गरेको छ । छोरीको हत्या भएको भन्दै पूजाकी आमा रामवतीदेवीले बुधबार इलाका प्रहरी कार्यालय कडरबोनामा ज्यानसम्बन्धी कसुरमा जाहेरी दिएपछि ठाकुर पक्राउ परेका हुन् । उनले त्यतिवेला पूजालाई घरनजिकैको बाँसघारीमा कपडाले मुख थुनेर बलात्कार प्रयास गरेका थिए । घटना हुँदा नाबालक रहेका ठाकुरलाई जबर्जस्ती करणी उद्योगमा २ चैत ०७९ मै सप्तरी जिल्ला अदालतले आठ महिना कैद र सात हजार रुपैयाँ जरिवानाको फैसला गरे पनि उनी बाल सुधारगृह नगई फरार भएका थिए । गाउँमा लुकिछिपी रहेका उनैले छोरीको हत्या गरेको भन्दै पूजाकी आमा रामवतीदेवीले जाहेरी दिएपछि मात्रै प्रहरीले पक्राउ गरेको हो । अदालतबाट सजाय तोकिएपछि फरार रहेका युवक चितवनमा बस्दै आएको प्रारम्भिक अनुसन्धानमा

» पृष्ठ २ मा क्रमशः

■ यौन दुर्व्यवहारमा परेकी आनन्दीदेवी मृत फेला प्रकरण

आरोपितहरू गाउँमै घुमिरहे, तर परेनन् पक्राउ

लहानमा **मणिलाल विश्वकर्मा**

यौन दुर्व्यवहारमा परेपछि उजुरी दिँदा पनि कारबाही अगाडि नबढेको र गाउँमै मिलापत्र गर्न दबाब आएपछि सिराहाको नरहा गाउँपालिका, बर्छवाकी २५ वर्षीया आनन्दीदेवी सदायको मंगलबार शंकास्पद मृत्यु भयो । तर, लिखित जाहेरी पर्दा पनि महेशपुर पतारी इलाका प्रहरी कार्यालयले आरोपितलाई पक्राउ नगरेको खुलेको छ । आरोपित नवराजपुर- ३, जगतपुर गाउँका २२ वर्षीय सञ्जीवकुमार यादव र ३२ वर्षीय श्यामसुन्दर यादव मंगलबारसम्म गाउँमै रहे पनि प्रहरीले पक्राउ नगरेको हो ।

शवको पोस्टमार्टमपछि बुधबार दाहसंस्कार भइसकेको छ । अहिले भने प्रहरीले आरोपितलाई खोजिरहेको छ । पीडितकी आमा बिलटौनदेवी सदायले ९ पुसमा सञ्जीव र श्यामसुन्दरविरुद्ध जबर्जस्ती करणी उद्योगमा जाहेरी दिएकी थिइन् । तर, इलाका प्रहरी कार्यालयले आरोपितलाई पक्राउ गर्नुको साटो एउटै जाहेरी फरक-फरक मिति उल्लेख गरी फरक नम्बरमा दर्ता गरेको थियो । अनुसन्धान अधिकृतसमेत रहेका महेशपुर पतारी प्रहरी प्रमुख इन्स्पेक्टर रविन मैनालीले पीडितकी आमाले दिएको जाहेरी २५ फागुनमा ५३ नम्बरमा दर्ता गरी अनुसन्धान गरिरहेको बताए ।

यता, गृहमन्त्री रमेश लेखकले प्रहरी महानिरीक्षक दीपक थापालाई फोन गरी तत्काल घटनाको यथार्थ छानबिन गरी दोषी पत्ता लगाउन निर्देशन दिएका छन् ।

गृह मन्त्रालयको नयाँ भवन सिंहदरबारकै आधुनिक

● **डा. जयनारायण आचार्य**
सहसचिव, गृह मन्त्रालय



यो भवन सिंहदरबारमा अरू भवनभन्दा अलि आधुनिक शैलीको छ, मन्त्रालयको संगठन ठुलो भएकाले पनि नयाँ भवन बनाइएको हो । यसमा ठुलो मिटिङ हलसमेत भएकाले सिंहदरबारभित्रका अन्य मन्त्रालयहरूबाट पनि बैठकका लागि बाहिर जानुपर्दैन ।

नयाँ पत्रिका

सिंहदरबारभित्र गृह मन्त्रालय रहेको भवननजिकै अर्को आकर्षक भवन तयार भएको छ । बाहिरबाट हेर्दा नै उक्त भवन सिंहदरबारकै भवनहरूमा फरक देखिन्छ । अगाडिको भागमा सिसा राखिएको भवनको भित्र कोठाका डिजाइनदेखि शौचालयलगायत संरचना पनि आधुनिक छन् । यो गृह मन्त्रालयकै नयाँ भवन हो, जहाँ चालू आर्थिक वर्षभित्रै मन्त्रालय सर्दै छ ।

» पृष्ठ २ मा क्रमशः



बेसमेन्ट पार्किङसहितको भवन ८३ मिटर लामो छ । भवनको भुइँतलाको एकातर्फ पुस्तकालय तथा अर्कोतर्फ राष्ट्रिय आपत्कालीन कार्य सञ्चालन केन्द्र रहनेछन् । पहिलो तलामा जानका लागि तारे होटेलका भवनजस्तै दुईतर्फ ठुला भ्याङ निर्माण गरिएको छ । बेसमेन्ट पार्किङ २५०० स्क्वायर मिटर छ । जुन ३५० साना गाडी र डेढ सय मोटरसाइकल क्षमताको छ । यसले सिंहदरबारभित्रको पार्किङ समस्या पनि केही हदसम्म कम हुने मन्त्रालयका अधिकारी बताउँछन् । तर, पार्किङको प्रवेश गर्ने र निस्कने ठाउँ एउटै र साँघुरो भएकाले भने समस्या हुने देखिन्छ । भवनमा दुईवटा लिफ्ट छन् भने उत्तर र दक्षिणतर्फ आपत्कालीन फलामे भ्याङ जडान गरिएको छ । तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका

एमबिबिएस र...

पृष्ठ १ बाट क्रमशः

समायोजन गर्नेबारे छलफल भएको बताए । 'सरकारले हाम्रो कोटा खुम्च्याएको छ, नौ वर्षदेखि शुल्क पनि समायोजन भएको छैन,' उनले भने, 'बुधबारको बैठकमा शुल्क समायोजन र कोटा थप्नेबारे छलफल भयो ।' तर, एमबिबिएससँग पिजीमा देखिएको समस्याको कुनै सम्बन्ध नरहेको उनको दाबी छ ।

कार्यदलका एक सदस्यले देशभर रहेका १९ मेडिकल कलेजलाई औसत २५ कोटा थप्ने गरी तयारी भएको बताए । 'देशभर १९ निजी मेडिकल कलेज छन् । यी कलेजलाई औसत २५ कोटा थप्ने गरी तयारी भएको छ । कार्यदलले यही सेरोफेरोमा संख्या तोकेर कोटा थप्ने सुझाव दिन्छ,' कार्यदलका एक सदस्यले भने ।

तर, आफैँले तोकेको पिजी तहको ४८ हजार ७७३ रुपैयाँ तलब दिन अटेर गर्ने निजी मेडिकल कलेज सञ्चालकको स्वार्थमा प्रधानमन्त्री नै एमबिबिएस र बिडिएसको कोटा थप्न सक्रिय हुनु लज्जास्पद भएको आन्दोलनरत पिजी चिकित्सकले प्रतिक्रिया दिएका छन् । स्वास्थ्यकर्मीका लागि सुरक्षित कार्यदल संघर्ष समितिका संयोजक डा. शेषराज घिमिरेले एमबिबिएसमा कोटा थपिए थप विरोधमा उत्रिने चेतावनी दिएका छन् । 'योभन्दा लाज अरू केही हुन सक्दैन, एमबिबिएस डाक्टरको संख्या कम भएको होइन, सरकारले पिजी तहको हिसाब मिलान गर्न चलखेल गरेको छ । एमबिबिएसको कोटा थपियो भने हामी विरोधमा उत्रिन्छौँ,' उनले भने, 'हाम्रो पारिश्रमिकको विषय जोडेर अर्को तहमा सम्झौता गर्न पाइँदैन । हामीले काम गरेको पारिश्रमिक देऊ भनेको हो, एमबिबिएसका कोटा थप भनेको होइन । सरकार नै निजी कलेजको स्वार्थमा अग्रसर हुनु खेदजनक छ ।'

शिक्षासचिव डा. काफ्लेे संयोजक रहेको कार्यदलमा स्वास्थ्यसचिव डा. विकास देवकोटा, त्रिवि चिकित्सा शिक्षाशास्त्र संकायका डिन डा. मोहन शर्मा, काठमाडौँ विश्वविद्यालय चिकित्सा शास्त्र संकायका डिन डा. मनोज हुमागाईं, विज्ञहरू डा. भगवान कोइराला, डा. रमेशकान्त अधिकारी, डा. दिव्यासिंह शाह, डा. मंगल रावल, नेपाल मेडिकल कलेजका अध्यक्ष डा. अनिल कार्की र एसोसिएसन अफ प्राइभेट मेडिकल तथा डेन्टल कलेजका अध्यक्ष डा. ज्ञानेन्द्र कार्की सदस्य छन् । यसअघि पिजी तहमा कोटा थप्न लबिङ गरेका कलेज सञ्चालकलाई सरकारले एमबिबिएस र बिडिएसमा कोटा थपिदिने गरी कार्यदल बनाएको हो । कार्यदलमा निजी मेडिकल कलेज सञ्चालकलाई समेत राखिएका कारण पनि कोटा बढाउने निश्चित देखिन्छ ।

चिकित्सा शिक्षा आयोगका उपाध्यक्ष अञ्जनीकुमार झाले एमबिबिएस तहमा कोटा थपिदिन सरकारी र निजी मेडिकल कलेजबाट माग भएकाले अध्ययन गर्न कार्यदल बनेको बताउँछन् । 'एमबिबिएसमा कोटा पुनर्मूल्यांकन गर्न कार्यदल गठन गरिएको छ । निजी र सरकारीमा कोटा थप्न सकिने माग भएपछि कार्यदल बनेको हो,' उनले भने, 'हाल निजी र सरकारीमा गरी एमबिबिएस र बिडिएस तहमा २२ सय कोटा छ । भौतिक संरचनाले थेग्न सक्ने भएपछि सरकारसँग निजी र सरकारी मेडिकल कलेजले केही कोटा थपिदिन माग गरिरहेका छन् । कार्यदलले यसमा अध्ययन गरेर प्रतिवेदन पेस गर्छ ।' तर, पिजी तहमा भने निजी कलेजलाई कोटा नथपिने र पिजी चिकित्सकलाई सरकारले तोकेको तलब दिनैपर्ने अडानमा आयोग रहेको उनले बताए ।

हाल पिजीमा सरकारी कलेजलाई ७०९ कोटा निर्धारण गरिएको छ । यसअघि पाँच सय कोटा रहेकामा गत ९ माघमा चिकित्सा शिक्षा आयोगको बैठकले २०९ कोटा थपेको हो । निजी मेडिकल कलेजमा भने पहिल्यैदेखि सात सय कोटा तोकिएको छ । पिजीमा पनि निजीका सञ्चालकहरूले थप ३५० कोटा माग गर्दै आएका छन् । आफूहरूले भनेअनुसार कोटा नथपिए यस वर्षको पिजी तह नै नपढाउने उनीहरूले धम्की दिँदै आइरहेका छन् ।

कार्यदलका सदस्यसमेत रहेका स्वास्थ्य मन्त्रालयका सचिव डा. विकास देवकाटोले एमबिबिएस र बिडिएस तहमा कोटा थप्नेबारे कार्यदलले अध्ययन गर्ने बताए । 'आवासीय चिकित्सक भनेका विद्यार्थी र कर्मचारी दुवै हुन्, एमबिबिएस पढ्दा ठुलो लगानी लाग्छ, पछि पिजी अध्ययनमा पनि २२-२४ लाख त खर्च हुन्छ नै, यस्तोमा आवासीय चिकित्सक पनि मर्कामा पर्नुहुँदैन,' उनले भने, 'सञ्चालकहरूको पनि आवासीय चिकित्सकले तिरेको शुल्क पारिश्रमिकमै फिर्ता जान्छ, फाइदा हुँदैन भन्ने भनाइ छ, कार्यदलले अध्ययन गरेर कोटा थप्नेबारे सिफारिस गर्नेछ ।'

देशभर १९ निजी मेडिकल कलेज

देशभर सरकारी र निजी मेडिकल कलेजमा एमबिबिएस र बिडिएस तहमा २२ सय कोटा छन् । निजी मेडिकल कलेज १९ वटा छन् । यी सबैमा एमबिबिएस पढाइ हुन्छ भने तीमध्ये दुईवटामा बिडिएससमेत पढाइ हुन्छ । त्यस्तै, पिजी पढाइ हुने १७ निजी कलेज छन् । एमबिबिएस र पिजी पढाइ हुने सरकारी कलेज ६ वटा मात्रै छन् ।

चिकित्सा शिक्षा आयोगका अनुसार एमबिबिएस पढाइ हुनेमा देवदह मेडिकल कलेज, विराट मेडिकल कलेज, बिएमसी मेडिकल कलेज, नोबेल मेडिकल कलेज, जानकी मेडिकल कलेज, नेसनल मेडिकल कलेज, सिओएमएस मेडिकल कलेज, सिएमसी मेडिकल कलेज, धुलिखेल अस्पताल, किस्ट मेडिकल कलेज, केएसमी मेडिकल कलेज, नेपाल मेडिकल कलेज, मणिपाल मेडिकल कलेज, गण्डकी मेडिकल कलेज, लुम्बिनी मेडिकल कलेज, युसिएमएस मेडिकल कलेज र नेपालगन्ज मेडिकल कलेज निजी लगानीमा सञ्चालित छन् । तर, देवदह मेडिकल कलेज र बिएमसी मेडिकल कलेजबाहेक अन्यमा पिजी पनि पढाइ हुन्छ । त्यस्तै, बिडिएस भने कान्तिपुर र पिपल डेन्डल कलेजमा मात्र पढाइ हुन्छ ।

बर्खे अधिवेशन आह्वान

बजेट पारित मूल बिजनेस, त्यसपछि मात्रै नियमित विधायिकी कार्य

कमलराज भट्ट / नयाँ पत्रिका

राष्ट्रपति रामचन्द्र पौडेलले संघीय संसद्को बर्खे (बजेट) अधिवेशन आह्वान गरेका छन् । संविधानको धारा ९३(१) बमोजिम मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपति पौडेलले १२ वैशाख दिउँसो १ बजे बस्ने गरी बुधबार संघीय संसद्को दुवै सदनको अधिवेशन आह्वान गरेका हुन् । अधिवेशन आह्वानसँगै संसद् सचिवालयले सांसदहरूलाई निर्धारित मितिमा उपस्थित हुन सूचना जारी गरेको छ ।

सचिवालयका अनुसार बर्खे अधिवेशन मुख्यत बजेट निर्माणमा केन्द्रित हुन्छ । बजेटका सिद्धान्त र प्राथमिकतामा छलफल गर्ने, पारित गरेर सरकारलाई सुझाव दिने, नीति तथा कार्यक्रममा छलफल गरेर पारित गर्ने र बजेटमा छलफल गरेर पारित गर्ने मुख्य बिजनेस हो । त्यसपछि मात्रै सदन नियमित विधायिकी कार्यमा प्रवेश गर्न भ्याउँछ ।

सरकारले यसपटक बजेटका सिद्धान्त र प्राथमिकता (प्रिबजेट) भन्दा पहिला नीति तथा कार्यक्रम ल्याउने जानकारी संसद् लाई गराएको छ । सभामुख देवराज घिमिरेका अनुसार प्रिबजेट छलफल गराएर नीति र कार्यक्रम ल्याउँदा प्रक्रिया उल्टो भइरहेको जिकिर गर्दै सरकारले पहिला नीति तथा कार्यक्रम ल्याउने भनेको छ । नीति र कार्यक्रममाथि छलफल सकाएर मात्र सिद्धान्त र प्राथमिकता आउनेछ ।

कांग्रेस प्रमुख सचेतक श्याम घिमिरेले अधिवेशन प्रारम्भ भएको केही दिनभित्रै नीति तथा कार्यक्रम पेस हुने बताए । 'यसपटक प्रिबजेटभन्दा पहिला नीति कार्यक्रम आउँछ । नीति तथा कार्यक्रम पेस भएको सातवटा बैठकपछि सिद्धान्त र प्राथमिकता आउँछ,' घिमिरेले भने, 'यो हिसाबले अधिवेशनको केही दिनभित्रै नीति तथा कार्यक्रम प्रस्तुत हुन्छ ।'

हिउँदे अधिवेशनमा अध्यादेशबाट संशोधन गरिएको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) ऐनमा बजेटको १५ दिनअगावै सिद्धान्त र प्राथमिकता पेस गरिसक्नुपर्ने व्यवस्था छ । १५ जेठभित्र बजेट प्रस्तुत गरिसक्नुपर्ने संवैधानिक व्यवस्था छ । योअनुसार सिद्धान्त र प्राथमिकता वैशाख मसान्तभित्र पेस भइसक्नुपर्छ । त्यसअगावै नीति तथा कार्यक्रम ल्याउने सरकारको तयारी छ ।

कानुनमन्त्री अजय चौरसियाले वैशाखको मध्यतिर नीति तथा कार्यक्रम ल्याउने गरी गृहकार्य भइरहेको बताए । 'पहिला नीति तथा कार्यक्रम आउँछ । त्यसपछि सिद्धान्त र प्राथमिकतामा छलफल गरेर बजेट ल्याउँछौँ,' उनले भने ।

अहिले संघीयता कार्यान्वयन गर्ने ऐनहरू नबन्दा शिक्षक आन्दोलित छन् । कर्मचारीले पनि आन्दोलनमा उत्रिन बाध्य हुने चेतावनी दिएका छन् । आन्दोलनका कारण सरकार बजेट अधिवेशनमा पनि ऐन बनाउनुपर्ने दबाबमा छ । तर, सभामुख घिमिरेले भने बजेट पारित नगरी नियमित विधायिकी कार्यमा जान नसकिने स्पष्ट पारेका छन् ।

'सरकारको नीति तथा कार्यक्रममा छलफल गरेर पारित गर्ने, बजेटका सिद्धान्त र प्राथमिकतामाथि छलफल गरेर सरकारलाई सुझाव दिने, त्यसपछि सरकारले ल्याएको विनियोजन शीर्षकहरूमा बजेटको आम्दानी र खर्चका अनुमानहरू स्वीकृत गर्ने बर्खे अधिवेशनको मुख्य काम हो,' घिमिरेले झापामा नेसनल न्युज एजेन्सीसँग कुरा गर्दै बुधबार भने, 'किनभने जेठ १५ भित्र बजेट प्रस्तुत भइसक्नुपर्छ । असार मसान्तभित्र पारित भइसक्नुपर्छ । यो बाध्यताका कारण बजेटले प्राथमिकता पाउँछ ।'

सभामुख घिमिरेले असारअगावै ऐनहरू बनाउन नभ्याइने बताए । सभामुख घिमिरेले बजेट पारित भइसकेपछि ऐनहरूलाई प्राथमिकताका साथ अगाडि बढाइने बताए । 'शिक्षा विधेयक यसपालिको अधिवेशनमा टुंगिन्छ । संघीय निजामती विधेयक पनि प्राथमिकताका साथ कोसिस गरिरहेका छौँ । प्रहरी ऐन प्राथमिकतामा पर्छ,' उनले भने ।

संसद् सचिवालयका प्रवक्ता एकराम गिरीका अनुसार संसद्मा हाल २८ वटा विधेयक विचाराधीन छन् । प्रतिनिधिसभामा २५ र राष्ट्रिय सभामा तीन विधेयक छन् । प्रतिनिधिसभाका समितिमा १५ र राष्ट्रिय सभाको विधायन समितिमा दुई विधेयक छन् ।

कानुनमन्त्री अजय चौरसियाले संसद्मा रहेका विधेयकहरू पारित गराउनुका साथै सरकारले केही नयाँ विधेयक ल्याउने बताए । 'बजेट अधिवेशनमा विधेयक पनि अगाडि बढ्दै जान्छन् । अतिआवश्यक कानुन क्रमशः सदनमा ल्याउँछौँ,' उनले भने ।

माया राईको स्थान
रिक्तताको सूचना टाँस्न विलम्ब

सभामुख देवराज घिमिरेले सहकारी ठगीमा पक्राउ पुर्जी जारी भएर फरार कांग्रेस सांसद माया राईको स्थान रिक्तताको सूचना टाँस्न विलम्ब गरेका छन् । सांसद राई १८ माघदेखि १९ चैतसम्म चलेको संसद्को हिउँदे अधिवेशनमा सदनलाई सूचना नदिई लगातार २७ बैठकमा अनुपस्थित रहिन् । पद जोगाउन अधिवेशन अन्त्य भएपछि २० चैतमा कांग्रेस प्रमुख सचेतकका स्वकीय सचिवले सूचना बुझाएका थिए । म्याद गुजारेर आएको सूचनालाई सभामुख घिमिरेले बुझेका छन् । तर, संविधान उल्लंघन भएको भनेर स्थान रिक्तताको सूचना टाँसेका छैनन् ।



संविधानको धारा ८९(घ) मा संघीय संसद्को सदस्य सम्बन्धित सदनलाई सूचना नदिई लगातार १० वटा बैठकमा अनुपस्थित रहेमा स्थान रिक्त हुने भनिएको छ । प्रतिनिधिसभा नियमावलीको नियम २१३ मा अस्वस्थ वा काबुबाहिरको परिस्थितिमा लगातार १० वटा बैठकमा अनुपस्थित रहनुपर्ने भएमा अग्रिम सूचना सभामुखमार्फत सदनलाई दिनुपर्ने भनिएको छ । तर, सूचना नै नदिई २७ वटा बैठकमा अनुपस्थित राईको स्थान रिक्तताको सूचना टाँस्न सभामुख घिमिरेले आनाकानी गरेका छन् । काठमाडौंको कालीमाटीस्थित स्वर्णलक्ष्मी सहकारीको दुई अर्ब ६५ करोड हिनामिनामा कांग्रेस सांसद राई साढे ६ महिनादेखि फरार छिन् ।

सभामुख घिमिरेले नवलपुरको कावासोतीमा रहेको छिपछिपे उपभोक्ता सहकारीको १६ करोड ६९ लाख अपचलनमा एक वर्षदेखि फरार राप्रपा सांसद गीता बस्नेतको भने पद जोगाइदिएका छन् । बस्नेतको बिदा सूचना २७औँ दिनमा राप्रपा प्रमुख सचेतकले सभामुखलाई दिएका थिए । संविधान र नियमावलीविपरीत उक्त सूचना बुझेर सभामुखले अधिवेशनको अन्तिम दिन सभाबाट स्वीकृत गराई पद जोगाइदिएका थिए । जसको संसद्भित्रै विरोध भएको थियो ।

साढे तीन...

पृष्ठ १ बाट क्रमशः

खुलेको छ । प्रहरीका अनुसार उनी एक साताअघि मात्र गाउँ फर्किएका थिए । सप्तरीका एसपी ढकेन्द्र खतिवडाले सोमबार राति भाइसँगै घरमा रहेकी पूजा एक्कासि हराएको देखिएको र मंगलबार बिहान शव भेटिएको बताए । 'सोमबार रातिसम्म १२ वर्षीय भाइ विश्वजितसँग घरमा रहेकी पूजा भाइ सुतेपछि एक्कासि हराएको खुल्न आएको छ,' खतिवडाले भने, 'खोजी गर्ने क्रममा मंगलबार बिहान शव भेटिएको हो ।' पूजा हराएको राति आमा रामवतीदेवी अष्टयाममा सहभागी हुन बाहिर गएकी थिइन् ।शंकास्पद अवस्थामा शव फेला परेकाले प्रदेश प्रहरी कार्यालय जनकपुरबाट तालिमप्राप्त कुकुरको सहायताले अनुसन्धान अघि बढाएको एसपी खतिवडाले बताए । मृतकको शव पोस्टमार्टमका लागि धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान पठाइएको छ ।

घटनामा संलग्नमाथि कारबाहीको माग गर्दै स्थानीयले बुधबार सप्तरीस्थित पूर्व-पश्चिम राजमार्गमा चक्काजाम गरेका छन् । युवतीको हत्या भएको र घटनामा संलग्नमाथि कारबाही हुनुपर्ने मागसहित स्थानीयले सुरुंगा नगरपालिका- ५, कुसहास्थित पूर्व-पश्चिम राजमार्गमा साँझ आधा घण्टा चक्काजाम गरेका हुन् । चक्काजाम गरेपछि पुगेको प्रहरी टोलीले घटनाको सूक्ष्म अनुसन्धान गर्दै दोषीलाई चाँडै नियन्त्रणमा लिने प्रतिबद्धता व्यक्त गरेपछि चक्काजाम खोलिएको थियो ।

सरकारको गम्भीर...

पृष्ठ १ बाट क्रमशः

प्रधानमन्त्री ओलीको कार्यशैलीप्रति गम्भीर असन्तुष्टि जनाउँदै समीक्षाको माग गरेका छन् ।

कांग्रेस महामन्त्रीद्वयले सरकारको कार्यशैली परिवर्तन अपरिहार्य रहेको निष्कर्ष निकाल्दै तत्काल गम्भीर समीक्षा गर्नुपर्ने ठाउँमा आइपुगेको जनाएका छन् । सरकार आफ्नो उद्देश्यअनुसार काम गर्न असफल भएको थापा र शर्माको दाबी छ । उनीहरूका अनुसार सरकारले गर्नुपर्ने निर्णय गरेको छैन र नगर्नुपर्ने निर्णय भने गरिरहेको छ ।

बारा कांग्रेस क्षेत्र नम्बर ३ को सम्मेलनलाई बुधबार सम्बोधन गर्दै महामन्त्री थापाले सरकार गठनयताको गम्भीर समीक्षा गर्ने वेला आएको बताएका छन् । 'अहिले कांग्रेस र एमाले मिलेर बनेको सरकार छ । यो सरकार बन्नुपर्थ्यो वा पर्दैनथ्यो भन्ने चरण अब सकियो । ठुलो उद्देश्यले कांग्रेस र एमाले दुई ठुला प्रतिस्पर्धी पार्टीबिचको सरकार बनेको हो,' उनले भने, 'हामी संविधान संशोधन र सुशासनको एजेन्डामा मिलेका हौँ । तर, सरकार बनेपछि अहिलेसम्मको अवधि हेर्दा जुन अपेक्षाअनुसार मिलेका थियौँ, त्यो पूरा हुन सकेको छैन । अब हामीले गम्भीर समीक्षा गर्नैपर्छ ।'

थापाले प्रधानमन्त्री ओलीप्रति व्यंग्य गर्दै कांग्रेसमा फरक मत राख्न र आलोचना गर्न पाइनेसमेत बताए । कांग्रेसमा आलोचना गरेकै भरमा कसैमाथि पनि कारबाही नहुने उनले बताए । गत सोमबार बसेको एमाले सचिवालय बैठकमा ओलीले सरकारमै बसेर सरकारको आलोचना गरेको भन्दै थापा र शर्माको विरोध गरेका थिए । सभापति शेरबहादुर देउवा सहमतिबाट तलमाथि नभएको भन्दै ओलीले केही नेताले विरोध गर्दैमा सरकार नढल्ने दाबी गरेका थिए ।

यसैलाई लिएर थापाले कांग्रेसभित्र आलोचना गर्न पाइने र आलोचना गरेकै भरमा एमालेमा जस्तो कारबाही नहुने व्यंग्य गरे । 'कांग्रेस पार्टीमा प्रश्न गर्न पाइन्छ, फरक मत राख्न पाइन्छ, आलोचना गर्न पाइन्छ,' उनले भने, 'आलोचना गरेकै भरमा कोही भीम रावल बन्दैन । किनकि यो कांग्रेस हो । यो हाम्रो पार्टी हो, बा को पार्टी होइन ।'

मंगलबार पनि थापाले एक सार्वजनिक कार्यक्रममा प्रधानमन्त्री ओलीको कार्यशैलीमाथि प्रश्न उठाएका थिए । यति मात्र होइन, प्रधानमन्त्रीको बेडरुमसम्मै बिचौलियाको पहुँच पुगेको अभिव्यक्ति दिएर उनले सरकारको निर्णय प्रक्रियामाथि प्रश्न उठाएका थिए ।

यसैबिच बुधबार नै अर्का महामन्त्री शर्माले सरकारको गति सन्तोषजनक नभएको औँल्याउँदै कमजोरी केलाएर लय र गति बढाउन दबाब दिएका छन् । सरकारको कार्यशैली बदल्नुपर्नेमा जोड दिँदै उनले ट्विटमा भनेका छन्, 'नगर्नुपर्ने निर्णयमा हतारो/गर्नुपर्ने निर्णयमा विलम्ब, सरकारको यो प्रवृत्ति समर्थनयोग्य छैन । मुख्य दुई दल सम्मिलित सरकारको गति सन्तोषजनक भएन । कमजोरी केलाऔँ, लय मिलाऔँ, गति बढाऔँ, सरकार बाहिर अनुभूतिमा भेटिनुपर्छ । सरकार चल्नुपर्छ, तर कार्यशैली बद(ल्नुपर्छ ।'

शर्माले सामाजिक सञ्जाल विधेयक, नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङको बर्खास्ती, शिक्षक आन्दोलन, अख्तियारसम्बन्धी विधेयक, त्रिभुवन विश्वविद्यालयका उपकुलपतिको राजीनामा, राष्ट्र बैंकको गभर्नर नियुक्ति र नेपाल प्रहरीको एआइजीको रिक्त दरबन्दीको विषय अघि सारेका छन् ।

सामाजिक सञ्जाल विधेयक नियमनका नाममा नियन्त्रणको नियतका साथ ल्याइएको, अध्यादेशको प्रत्येक अक्षरमा संवाद गरिएको संयन्त्रमा उक्त विधेयक ल्याउनुपूर्व कुनै संवाद नभएको शर्माले स्पष्ट पारेका छन् ।

नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलाई हटाउनुहुन्न भन्ने कांग्रेसभित्रको फरक मत र आमजनमतको हेक्का सरकारले नराखेको शर्माले बताएका छन् । असन्तुष्टिको आगोमा चरु हाल्नुहुन्न भन्ने सजगता सरकारमा नदेखिएको उनले उल्लेख गरेका छन् ।

शिक्षक आन्दोलनको माग सम्बोधन गर्न ढिलाइ हुँदै गएको भन्दै शर्माले सरकारले निर्णय गर्न मिल्ने बुँदाहरूमा शिक्षक महासंघलाई विश्वासमा लिएर अविलम्ब निर्णयमा पुग्नुपर्ने र विधेयकमार्फत टुंगोमा पुग्ने बुँदाहरूप्रति साझा प्रतिबद्धता गर्नुपर्ने बताएका छन् ।

अख्तियारसम्बन्धी विधेयक राज्यव्यवस्था समितिले उपसमितिमार्फत करिब टुंगोमा पुऱ्याए पनि निर्देशित रूपमा 'होल्ड' गराएको भन्दै शर्माले उक्त कार्य आलोच्य र अनुचित भएको दाबी गरेका छन् ।

त्रिभुवन विश्व विद्यालयका उपकुलपतिले पदत्याग गर्नुपर्ने अवस्था आउनु र फेरि पनि त्रिविमा बेथितिले प्रश्रय पाउनु जुनकुनै कोणबाट पनि गलत भएको उनले दाबी गरेका छन् ।

राष्ट्र बैंकको गभर्नर नियुक्तिको विषयसँग गाँसिएर अनेक थरी प्रश्न उठिसक्दा नियुक्तिमा अझै अलमल जारी रहनु दुःखद रहेको शर्माले बताएका छन् । मौद्रिक नीतिको नेतृत्व गर्ने, समग्र बैंकिङ क्षेत्रको नियामक संस्थाको नेतृत्व चयनमा संवेदनशील अग्रसरता नदेखिनु सरकारको सक्षमतामाथिकै प्रश्न रहेको उनले जिकिर गरेका छन् ।

नेपाल प्रहरीको एआइजी पदमा ६ वटा दरबन्दी रिक्त भएको महिना दिन पुग्न लाग्दासमेत नियुक्तिमा अलमल भएको भन्दै शर्माले यस्ता विलम्बबाट सरकारले प्रशंसा हासिल गर्न नसक्ने बताएका छन् ।

शर्माले उठाएका सात विषय

१. सामाजिक सञ्जाल विधेयक नियमनका नाममा नियन्त्रणको नियत साथ ल्याइयो । अध्यादेशको प्रत्येक अक्षरमा संवाद गरिएको संयन्त्रमा यो विधेयक ल्याउनुपूर्व कुनै संवाद भएन ।

२. कुलमान प्रकरणमा हटाउनुहुन्न भन्ने कांग्रेसभित्रको फरक मत र आमजनमतको हेक्का राखिएन । असन्तुष्टिको आगोमा चरु हाल्नुहुन्न भन्ने सजगता सरकारमा देखिएन ।

३. शिक्षक आन्दोलनको माग सम्बोधन गर्न ढिलाइ हुँदै गएको छ । सरकारले निर्णय गर्न मिल्ने बुँदाहरूमा महासंघलाई विश्वासमा लिएर अविलम्ब निर्णयमा पुग्नुपर्छ, विधेयकमार्फत टुंगोमा पुग्ने बुँदाहरूप्रति साझा प्रतिबद्धता गर्न सकिन्छ, गरिनुपर्छ ।

४. अख्तियारसम्बन्धी विधेयक राज्यव्यवस्था समितिले उपसमितिमार्फत करिब टुंगोमा पुऱ्याएको थियो, यसलाई निर्देशित रूपमा 'होल्ड' गराउने कार्य आलोच्य भएको छ र यो अनुचित छ ।

५. त्रिविका उपकुलपतिले पदत्याग गर्नुपर्ने अवस्था आउनु र फेरि पनि त्रिविमा बेथितिले प्रश्रय पाउनु जुनकुनै कोणबाट पनि गलत भएको छ ।

६. राष्ट्र बैंकको गभर्नर नियुक्तिको विषयसँग गाँसिएर अनेक थरी प्रश्न उठिसक्दा नियुक्तिमा अझै अलमल जारी रहनु दुःखद छ । मौद्रिक नीतिको नेतृत्व गर्ने, समग्र बैंकिङ क्षेत्रको नियामक संस्थाको नेतृत्व चयनमा संवेदनशील अग्रसरता नदेखिनु सरकारको सक्षमतामाथिकै प्रश्न हो ।

७. नेपाल प्रहरीको एआइजी पदमा ६ वटा दरबन्दी रिक्त भएको महिना दिन पुग्न लाग्दासमेत नियुक्तिमा अलमल छ, सरकारले यस्तो विलम्बबाट प्रशंसा हासिल गर्न सक्दैन ।

राजनीतिक विश्लेषक पुरञ्जन आचार्यको टिप्पणी
यो गठबन्धन डिभोर्सतिर जाँदै छ, एमालेबाहेकको सरकार बन्न सक्छ

सत्तागठबन्धनमा असन्तुष्टि चुलिएको छ । कांग्रेस र एमालेबिच धेरै कुरामा असन्तुष्टि छ । सरकार परिवर्तनका केही संकेत देखिएका छन् । यो गठबन्धन डिभोर्सतिर जाँदै छ । कुन ढंगले जान्छ, कहिले जान्छ भन्ने अहिले ठ्याक्कै भन्न सकिँदैन । तर, सरकारकै विकल्पको खोजी भइरहेको छ । वैशाखभित्रै नयाँ सरकार बने पनि अनौठो नमाने हुन्छ । सरकारको कार्यशैलीलाई लिएर महामन्त्रीद्वयको मात्रै होइन, कांग्रेसका अन्य नेताहरूको पनि असन्तुष्टि सार्वजनिक भइरहेका छन् । त्यसको निकास भनेको नयाँ सरकार नै हो । अब एमालेबाहेकको सरकार बन्न सक्छ ।



सभामुख र...

पृष्ठ १ बाट क्रमशः

ल्याउन खोजेको हो ?' उनले भने । नेपाल शिक्षक महासंघका सहअध्यक्ष एवं आन्दोलन परिचालन समितिका संयोजक नानुमाया पराजुलीले सरकारले शिक्षकहरूको मागबारे विगतदेखि नै बेवास्ता गर्दै आएको आरोप लगाउँदै ऐन नआएसम्म पछि नहट्ने बताइन् । उच्चस्तरीय सहमतिमार्फत निकास निकाल्न सकिने उनको संकेत छ ।

'हामीलाई ऐन चाहिन्छ, ऐन ल्याउन सरकारलाई केले छेकेको छ, अझ विद्यालय शिक्षा ऐन प्राथमिकतामा पर्दैन भन्नु गैरजिम्मेवार हो,' उनले भनिन्, 'ऐन नआएसम्म हामीले छाड्दैनौँ । सरकारको कुरा हामीले सुन्नेजति सुनिसक्यौँ, प्रधानमन्त्री, सभामुख, शिक्षामन्त्रीलगायतले लिखित रूपमा सम्झौता गर्नुपऱ्यो र डेडलाइन तोक्नुपऱ्यो, अन्यथा हाम्रो आन्दोलन रोकिँदैन ।'

शिक्षामन्त्री विद्या भट्टराईले शिक्षकहरूका माग सम्बोधन गर्ने गरी निर्णय गरेको बताउँदै संसदीय समितिको उपसमितिमा छलफल भइरहेको बताइन् । 'शिक्षकहरूसँग हामी निरन्तर संवादमा छौँ । संवादको सहज वातावरण बनाउन लागिपरेका छौँ,' उनले भनिन्, 'शिक्षकहरूका माग सम्बोधन गर्ने गरी मंगलबार बसेको मन्त्रिपरिषद् बैठकले केही छलफल गरेको छ । यसैअनुसार मन्त्रालयले आवश्यक सहजीकरण गरिरहेको छ ।'

शिक्षा मन्त्रालयका प्रवक्ता शिवकुमार सापकोटाले पनि शिक्षकका माग सम्बोधनमा समय लाग्ने बताए । 'पूरा गर्न नसकिने मागभन्दा पनि यसको प्रक्रियाको विषय छ । प्रक्रियामा ढिलाइ हुन सक्छ । संसदीय समितिले अझै एक महिना समय लाग्छ भनेको छ,' उनले भने, 'ऐनमा धेरै विषय विवादित छन्, संसद्मा पनि छलफल हुन्छ, त्यसले एउटा समय लिन्छ, ऐन ठ्याक्कै यति समयमा आउँछ भन्न सकिन्नँ ।'

नेपाल शिक्षक महासंघको नेतृत्वमा भएको आन्दोलनमा देशैभरका शिक्षक काठमाडौंमा छन् । उनीहरूले हरेक दिन माइतीघर, बबरमहल र बानेश्वर क्षेत्रको सडकमा दिउँसो १२ बजेदेखि ३ बजेसम्म धर्ना दिँदै आइरहेका छन् । शिक्षकहरूले पठनपाठन रोकेर आन्दोलनमा आएपछि नयाँ भर्ना कार्यक्रम पनि प्रभावित बनेको छ । त्यस्तै, १२ कक्षाको परीक्षामा पनि अन्योल अवस्थामा छ । १ वैशाखदेखि परीक्षण गर्ने भनिएको एसइईको उत्तरपुस्तिका जाँच्ने विषय पनि अन्योलमै छ । सामुदायिक विद्यालयको संख्या २६ हजार ५००हाराहारी छ । ती विद्यालयमा कार्यरत शिक्षक-कर्मचारी दुई लाख ३५ हजारजति छन् ।

गृह मन्त्रालयको...

पृष्ठ १ बाट क्रमशः

बेसमेन्ट पार्किङसहितको भवन ८३ मिटर लामो छ । भवनको भुइँतलाको एकातर्फ पुस्तकालय तथा अर्कोतर्फ राष्ट्रिय आपत्कालीन कार्य सञ्चालन केन्द्र रहनेछन् । पहिलो तलामा जानका लागि तारे होटेलका भवनजस्तै दुईतर्फ ठुला भऱ्याङ निर्माण गरिएको छ ।

पहिलो तलामा गृहमन्त्री र गृहराज्यमन्त्रीका लागि कार्यकक्ष बनाइएको छ । दोस्रो तलामा गृहसचिव र महाशाखा प्रमुख तथा तेस्रोमा अन्य कर्मचारीका कार्यकक्ष रहनेछन् । चौथो तलामा ठुलो बैठक कक्ष बनाइएको छ । जसमा ३५० जना बस्न मिल्ने निर्माण कम्पनी माउन्टेन-सत्येश्वर जेभीका इन्जिनियर संगीतकुमार चौधरीले बताए । उनका अनुसार भवनलाई तीन ब्लकमा बाँडिएको छ । यो भवन साढे दुई वर्षमा तयार भएको हो । 'भूकम्प प्रतिरोधी प्रणालीमार्फत भवन बनाइएकाले एउटा ब्लकले अर्को ब्लकलाई असर नगर्ने गरी निर्माण गरिएको हो,' इन्जिनियर चौधरीले भने ।

बेसमेन्ट पार्किङ २५०० स्क्वायर मिटर छ । जहाँ ३५० साना गाडी र डेढ सय मोटरसाइकल क्षमताको छ । यसले सिंहदरबारभित्रको पार्किङ समस्या पनि केही हदसम्म कम हुने मन्त्रालयका अधिकारी बताउँछन् । तर, पार्किङको प्रवेश गर्ने र निस्कने ठाउँ एउटै र साँघुरो भएकाले भने समस्या हुने देखिन्छ । भवनमा दुईवटा लिफ्ट छन् भने उत्तर र दक्षिणतर्फ आपत्कालीन फलामे भऱ्याङ जडान गरिएको छ ।

नयाँ भवन आधुनिक शैलीको भएको मन्त्रालयका सहसचिव डा. जयनारायण आचार्य बताउँछन् । 'यो भवन सिंहदरबारमा अरू भवनभन्दा अलि आधुनिक शैलीको छ, मन्त्रालयको संगठन ठुलो भएकाले पनि नयाँ भवन बनाइएको हो,' उनले भने, 'यसमा ठुलो मिटिङ हलसमेत भएकाले सिंहदरबारभित्रका अन्य मन्त्रालयहरूबाट पनि बैठकका लागि बाहिर जानुपर्दैन ।' भवनको बाहिरी तथा भित्री डिजाइन पनि अन्य सरकारी कार्यालयभन्दा फरक शैलीको छ ।

५६ करोड ४३ लाख ६३ हजार रुपैयाँ लागतमा भवन निर्माण भएको हो । माउन्टेन-सत्येश्वर जेभीले २८ कात्तिक ०७९ देखि निर्माण थालेको थियो । १५ जेठ ०८२ सम्म सम्झौता अवधि रहेकोमा त्यसअघि नै निर्माणको काम सकिएको छ । 'सम्झौता अवधिमै भवन निर्माण भएको छ, यही आर्थिक वर्षभित्र सर्ने हाम्रो योजना छ,' डा. आचार्यले भने, 'मन्त्रालयले नयाँ भवनका लागि फर्निचरको टेन्डर प्रक्रिया पनि अघि बढाइसकेको छ ।' गृह मन्त्रालय नयाँ भवनमा सरेसँगै सिंहदरबारबाहिर रहेको स्वास्थ्य मन्त्रालयलाई पनि सिंहदरबारभित्र सार्नेबारे छलफल भइरहेको छ ।

Government of Nepal
Ministry of Home Affairs'
District Police Office
Khalanga, Darchula

Invitation for Online Bids

Date of Re-Published- 2082/01/04 (17th Apr 2025)

District Police Office Khalanga,Darchula re-invites online bids from registered, eligible and interested bidders for the following works. For more detail eligible and interested bidders may visit and download from e-GP system http://bolpatra.gov.np/egp.

SN	Contract Identification Number	Description of Works	Cost of Bidding Document	Last date and time of bid submitting electronically	Date of bid opening time and place	Bid Security	Account Details
1	FW/DPO DARCHULA/ WORKS/ NCB/ 2081-82/02/ Re.	Construction of Senior Officer's Quarter, Mess Block and Allied Works at DPO Darchula.	NRs.5,000.00	2082/01/19 till 12:00 Hrs from e-GP system http:// bolpatra.gov. np/egp	2082/01/19 13.00 Hrs at District Police Office Khalanga, Darchula.	NRS. 16,55,000.00	Account Name: Rajaswa khata- (1000200010000) Rajaswa Shirshak No.: (14229) Bank Name: Rastriya Banijya Bank Khalanga,Darchula. Office Code: (314047304) Dharauti Account No :- (4090100202030000) Dharauti Account Name : Treasury and Controller Office,Khalanga, Darchula.

सरकारी विद्यालयको जग्गामा नौ वर्षदेखि निजी विद्यालय सञ्चालन

विद्यालय हटाउन पटक-पटक पत्र लेखे पनि दमक नगरपालिकाले गरेन कार्यान्वयन

झापामा **चिरञ्जीवी घिमिरे**

झापाको दमक नगरपालिका- ९ मा रहेको सरस्वती माध्यमिक विद्यालयको नाममा रहेको जग्गा अतिक्रमण भएको पाइएको छ। दमक- ८ मा सरस्वती माविको नाममा रहेको करिब १३ बिघा जग्गामा निजी विद्यालय, वडा कार्यालय, प्रदेश सरकारले बनाएको अर्गानिक तरकारी बजार तथा निजी घरसमेत बनेको पाइएको हो।

सामुदायिक विद्यालयको नाममा रहेको जग्गामा गडमदर एकेडेमी एन्ड टेक्नोलोजी नामक निजी विद्यालयसमेत सञ्चालन भइरहेको छ। सुरुवातमा यो विद्यालयले सरस्वती माविसँग सम्झौता गरेर विद्यालय सञ्चालन गरिरहेको थियो। तर, ०७३ मा पाँचवर्षे सम्झौता सकिएपछि सरस्वती माविले सम्झौता गरेको छैन। उसले ०७३ देखि नै अनधिकृत रूपमा सामुदायिक विद्यालयको जग्गामा निजी विद्यालय सञ्चालन गरिरहेको सरस्वती माध्यमिक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रेवतराज पुरीले बताए। सरस्वती माविले निजी विद्यालय त्यहाँबाट हटाउन दमक नगरपालिकालाई पटक-पटक पत्र लेखे पनि सुनुवाइ हुन नसकेको उनले बताए।

'सरकारी विद्यालयको जग्गामा निजी विद्यालय सञ्चालन गरिनु अवैध हो। यहाँबाट भाडा पनि आएको छैन। हटाउनका लागि पटक-पटक नगरपालिकालाई आग्रह गर्‍यौं, तर नगरपालिकाले हटाइदिएन,' उनले भने, 'गत वर्ष कार्यपालिका बैठकले हटाउने निर्णय त गर्‍यो, तर शैक्षिक सत्रको बिचमा भएको भन्दै कार्यान्वयन गरेन। नगरपालिकाले नयाँ शैक्षिक सत्र सुरु भएसम्म पर्खनु भन्यो। तर, नयाँ शैक्षिक सत्र सुरु हुँदासमेत त्यहाँबाट हटाइएको छैन।'

सरस्वती माविले उसको जग्गामा निजी विद्यालय सञ्चालन गरेको भन्दै नगरपालिकालाई पटक-पटक पत्र लेखेपछि ९ असोज ०८० मा दमक- ८ का वडाध्यक्ष धर्मप्रसाद दाहालको संयोजकत्वमा अध्ययन समिति बनाएको थियो। अध्ययन समितिले पनि सामुदायिक विद्यालयको जग्गा निजी विद्यालयले प्रयोग गर्नु संघीय तथा स्थानीय शिक्षा ऐनविपरीत हुने भन्दै नयाँ शैक्षिक सत्रअघि नै हटाउनुपर्ने प्रतिवेदन दिएको थियो। समितिले गत साउनमै प्रतिवेदन दिएको हो। यद्यपि, नगरपालिकाले गडमदर नामक निजी विद्यालयलाई २६ चैतमा मात्र नयाँ शैक्षिक सत्रअघि नै हटून भन्दै पत्र लेखेको छ।

गत भदौमै गडमदरलाई सामुदायिक विद्यालयको जग्गाबाट हटाउने निर्णय गरे पनि पत्र भने अन्तिम समयमा मात्र लेखेको हो। नगरपालिकाले पत्र ढिला लेख्दा यो विद्यालय तत्काल यहाँबाट हट्ने देखिँदैन। 'यही शैक्षिक सत्रमा त्यहाँबाट हट्छौं, तर विद्यालय त ८ वैशाखबाट लाग्न थाल्छ। बुधबारबाट नयाँ ठाउँमा भवन बनाउन थालेका छौं,' गडमदरका सञ्चालक सागर सुब्बाले भने, 'ठ्याक्कै यति नै समय लाग्छ त भन्न सक्दिनँ, तर केही समय लाग्न सक्छ।' सुब्बा निजी तथा आवासीय विद्यालय अर्गनाइजेसनको दमक नगर कार्यसमिति सदस्यसमेत हुन्।



सरस्वती माविको जग्गामा सञ्चालन भएको गडमदर एकेडेमी एन्ड टेक्नोलोजी।

नयाँ शैक्षिक सत्रमा पनि सरस्वती माविकै जग्गामा रहेको संरचनाबाट गडमदरले भर्ना सुरु गरे आन्दोलनमा उत्रने सरस्वती माविले चेतावनी दिएको छ। 'एक साताभित्र त्यो विद्यालयलाई नगरपालिकाले हटाएन भने नगरपालिकाको प्रमुख प्रशासनिक भवनको गेटमा तालाबन्दीसमेत गर्छौं,' सरस्वती माविका प्रधानाध्यापक सीताराम ढकालले भने।

दमक नगरपालिका प्रमुख रामकुमार थापाले सामुदायिक विद्यालयको जग्गामा निजी विद्यालय सञ्चालन भएको विषयमा नगरपालिका गम्भीर रहेको बताए। उनले नगरपालिकाले निजी विद्यालय हटाउन पत्र लेखिसकेको बताए। 'त्यो निजी विद्यालय हटाउनुपर्छ भनेर पहिला नै निर्णय गरिसकेका हौं। तर, निर्णय गर्दा विद्यालय चलिसकेका कारण तत्काल केही गर्न सकेनौं,' उनले भने, 'विद्यालय हटाउने पक्षमा छौं। जानकारी पनि गराएका छौं। कुनै शैक्षिक गतिविधि त्यहाँबाट नगर्नू भनेर पत्राचार गरेका छौं। चाँडै यो विद्यालय हट्नेमा विश्वस्त छौं।'

■ विद्यालयको जग्गामा सरकारी संरचनादेखि निजी घरसम्म

सरस्वती माध्यमिक विद्यालयको नाममा दमक- ८ मा रहेको करिब १३ बिघा जग्गामा निजी विद्यालय मात्र होइन, अन्य सरकारी संरचना पनि बनेको छ। यस्तै, निजी घरसमेत बनेको विद्यालय व्यवस्थापन समिति अध्यक्ष रेवतराज पुरीले जानकारी दिए। सरस्वती माविको जग्गामा दमक- ८ को वडा कार्यालयसमेत रहेको उनले बताए। यस्तै, प्रदेश सरकारले निर्माण गरेको अर्गानिक तरकारी बजार पनि यसमै छ।

यो जग्गा संरक्षणका लागि दमक नगरपालिका र सरस्वती माविबिचमा १९ वैशाख ०७८ मै २० वर्षका लागि सम्झौता भएको थियो। तर, सम्झौताअनुसार नगरपालिकाले यसको संरक्षणमा ध्यान नदिएको उनले बताए। 'सम्झौता गरेको मितिले एक वर्षभित्र जग्गा हाल साबिक गर्ने भनिएको थियो। तर, यसमा नगरपालिकाले चासो दिएन। अहिले नै हाल साबिक गर्ने प्रक्रियामा छौं, त्यसपछि कति र कहाँ जग्गा छ भन्ने देखिन्छ,' उनले भने, 'नगरपालिकाले सम्झौताअनुसार नगरेपछि सम्झौता रद्द गर्न व्यवस्थापन समितिले निर्णय गरेर नगरपालिकालाई पठाएका थियौं। तर, नगरपालिकाले सम्झौता रद्द गर्न मानेन।'

सम्झौतामा जग्गा उपयोग गरेबापत दमक नगरपालिकाले वार्षिक प्रोत्साहन रकम विद्यालयलाई उपलब्ध गराउने उल्लेख थियो। तर, कति रकम उपलब्ध गराउने भन्ने सम्झौतामा उल्लेख गरिएको छैन। यद्यपि, नगरपालिकाले प्रोत्साहनबापत कुनै रकम नदिएको सरस्वती माविका प्रधानाध्यापक सीताराम ढकालले जानकारी दिए।

नगरपालिकाको सम्झौताअनुसार अर्गानिक तरकारी बजारबाट आएको नाफाको केही प्रतिशत सरस्वती माविलाई दिइने उल्लेख छ। यद्यपि, हालसम्म त्यो अर्गानिक तरकारी बजार चल्न सकेको छैन। 'यो जग्गाबापत कुनै आम्दानी भएको छैन। विद्यालय सहयोग मागेर चलाइरहेका छौं। तर, यति धेरै जग्गाबाट केही छैन,' प्रधानाध्यापक ढकालले भने, 'जग्गा अतिक्रमण भएको टुलुटुलु हेरर बस्नबाहेक केही गर्न सकेका छैनौं। नगरपालिकाले समेत सम्झौता कार्यान्वयन गरेन।'

दमक- ८ मा सञ्चालन भइरहेको कस्मिक पार्टी प्यालेसले पार्किङस्थलका लागि सरस्वती माध्यमिक विद्यालयको जग्गा प्रयोग गरेको छ। विद्यालयसँग सम्झौता गरेर वार्षिक ५० हजार रुपैयाँ दिने गरी करिब दुई कट्ठा जग्गा लिएको थियो। तर, पछिल्लो दुई वर्षयता सम्झौताअनुसारको रकम पार्टी प्यालेस सञ्चालकले नदिएको प्रधानाध्यापक ढकालले जानकारी दिए। 'सम्झौताअनुसार लिजको पैसा कस्मिक पार्टी प्यालेसले विद्यालयको खातामा हाल्ने गरेको थियो। तर, दुई आर्थिक वर्षको पैसा अहिलेसम्म आएको छैन,' उनले भने।


● **रेवतराज पुरी**, अध्यक्ष, सरस्वती माध्यमिक विद्यालय व्यवस्थापन समिति

सरकारी विद्यालयको जग्गामा निजी विद्यालय सञ्चालन गरिनु अवैध हो। यहाँबाट भाडा पनि आएको छैन। हटाउनका लागि पटक-पटक नगरपालिकालाई आग्रह गर्‍यौं, तर नगरपालिकाले हटाइदिएन। गत वर्ष कार्यपालिका बैठकले हटाउने निर्णय त गर्‍यो, तर शैक्षिक सत्रको बिचमा भएको भन्दै कार्यान्वयन गरेन।


● **रामकुमार थापा**, प्रमुख, दमक नगरपालिका

निजी विद्यालय हटाउनुपर्छ भनेर पहिला नै निर्णय गरिसकेका हौं। तर, निर्णय गर्दा विद्यालय चलिसकेका कारण तत्काल केही गर्न सकेनौं। विद्यालय हटाउने पक्षमा छौं। जानकारी पनि गराएका छौं। कुनै शैक्षिक गतिविधि त्यहाँबाट नगर्नू भनेर पत्राचार गरेका छौं। चाँडै यो विद्यालय हट्नेमा विश्वस्त छौं।

संवैधानिक नियुक्ति विवादमा आइतबार पेसी तोकियो

संवैधानिक इजलासमा विचाराधीन एक दर्जनभन्दा बढी निवेदन एकसाथ राखेर हेरिँदै

शिल्पा कर्ण/ नयाँ पत्रिका

चार वर्षदेखि नियुक्ति प्रक्रियामा प्रश्न उठाई दायर रिटहरूमाथि आइतबार अर्को पेसी तोकिएको छ। संवैधानिक इजलासमा विचाराधीन एक दर्जनभन्दा बढी निवेदन एकसाथ राखी सर्वोच्च अदालतले हेरिरहेको हो।

प्रधानन्यायाधीश प्रकाशमानसिंह राउत नेतृत्वको इजलासले बुधबारको इजलासपछि अर्को पेसी आइतबारका लागि तोकेको हो। यी मुद्दामा चार दिनदेखि सुनुवाइ भइरहेको छ। गत ३० माघ, २१ फागुन, ६ चैत र बुधबार हेर्दाहेर्दैमा राखी संवैधानिक इजलासले सुनुवाइ गरिरहेको हो।



इजलासमा न्यायाधीशहरू सपना प्रधान मल्ल, मनोजकुमार शर्मा, कुमार चुडाल र नहकुल सुवेदी पनि छन्।

अधिवक्ता ओमप्रकाश अर्यालका चार, वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठी, अधिवक्ता कीर्तिनाथ शर्मा पौडेलका दुई-दुईवटा निवेदन छन्। साथै, तत्कालीन सभामुख अग्नि खरेलको निवेदनसमेत लगाउमा छ। निशान्तबाबु खड्का, समृत खरेलसमेत, मनोजकुमार हरिजनसमेत, पुण्यप्रसाद खतिवडासमेत भएको निवेदन हाल विचाराधीन छन्।

केपी ओली नेतृत्वको तत्कालीन सरकारद्वारा संवैधानिक परिषद् अध्यादेश ल्याई गरिएका नियुक्तिको वैधानिकता परीक्षण, अध्यादेशको वैधता, नियुक्ति खारेजीको विषय र विनासंसदीय सुनुवाइ हुने गरी बनाइएको संघीय संसद्को संसदीय सुनुवाइ नगरी नियुक्त हुने नियम खारेजीको विषय यी निवेदनमा छन्। १ पुस ०७७ देखि १० साउन ०७९ सम्म यी रिट दर्ता भएको सर्वोच्चको अभिलेख छ। ६ वर्षे कार्यकाल रहेकोमा पाँचौं वर्ष चल्दै गर्दा बल्ल ती मुद्दामा अदालतले सुनुवाइलाई टुंग्याउने गरी निरन्तरता दिएको हो।

३० मंसिर ०७७ मा तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारीले संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि)सम्बन्धी (पहिलो संशोधन) प्रमाणीकरण गरेकी थिइन्। सोही साँझ प्रधानमन्त्री ओली, तत्कालीन प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरा र राष्ट्रिय सभा अध्यक्षको पदमा रहेका गणेशप्रसाद तिमल्सिना गरी तीनजनाको बैठक बसी विभिन्न आयोग तथा निकायमा ३८ जनाको नियुक्ति सिफारिस गरिएको थियो। यसको भोलिपल्टै १ पुस ०७७ मा अधिवक्ता अर्यालले रिट दर्ता गराएकोमा आठ महिनापछि ०७८ को भदौमा मात्र उक्त रिट इजलासमा पुगेको थियो।

यस्तो नियुक्ति दुईपटक भएकाले यस विषयमा यति धेरै निवेदन दर्ता भएका हुन्। प्रतिनिधिसभा विघटनलगायत पि रस्थितिले नियुक्त भएका पदाधिकारीको संसदीय सुनुवाइसमेत हुन सकेको थिएन। ४५ दिनपछि स्वतः नियुक्त हुने संघीय संसद्को संयुक्त बैठक र संयुक्त समिति कार्यसञ्चालन नियमावलीको व्यवस्थाअनुसार उनीहरूले नियुक्ति बुझेर हालसम्म काम गर्दै आएका छन्। संविधानले अनिवार्य गरेको सुनुवाइ नगरी नियुक्ति गरिएकाले पनि निवेदकले रिटमा नियुक्ति खारेजीको माग गरेका हुन्। ऐनमा परिषद्का अध्यक्षसहित ६ सदस्यमध्ये पाँच उपस्थित भए मात्र गणपूरक संख्या मानिने र निर्णय लिन सकिने व्यवस्था थियो।

संक्षेप

इसेवा ह्याक गरी एक करोड चोरी


राहुल बुढा

काठमाडौं/ 'एट अलर्ट' नामको फिसिङ गर्दै इसेवाको रकम चोरी गर्ने धन्दामा संलग्न कञ्चनपुर कृष्णपुर नगरपालिका- १ का २२ वर्षीय राहुल बुढा पक्राउ परेका छन्। काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयबाट खटिएको प्रहरी टोलीले उनलाई पक्राउ गरेको हो। उनले इसेवाका चार हजारभन्दा बढी खाताबाट एक करोड दुई लाख रुपैयाँ चोरी गरेका थिए। प्रहरीका अनुसार उनले इसेवाका खातावाललाई 'एट अलर्ट' भन्दै म्यासेज पठाउँथे। म्यासेजसँगै एउटा लिंक पनि पठाउँथे। जब खातावालले लिंकमा क्लिक गर्थे, खाता एकाएक ह्याक हुन्थ्यो। सोही वेला खातामा अनधिकृत तवरले पहुँच बनाई भएभरको सबै रकम 'पशुपति ग्लोबल इनोभेसन'को मर्चेन्ट खातामा ट्रान्सफर गर्थे।

अपराध अनुसन्धान कार्यालयका एसपी अंगुर जिसीले सात दिनभित्र उनले एक करोड रुपैयाँभन्दा धेरै रकम चोरी गरेको बताए। 'एट अलर्ट नामको म्यासेज पठाउँदै इसेवाको खाता ह्याक गर्ने र रकम चोरी गर्ने धन्दामा संलग्न एकजना पक्राउ परेका छन्। उसले सात दिनभित्र एक करोडभन्दा धेरै रकम चोरी गरेको देखिन्छ। घटना सम्बन्धमा अनुसन्धान भइरहेको छ,' उनले भने। प्रहरीका अनुसार घटनाका मास्टर माइन्ड भने भारतीय नागरिक हुन्। उनकै योजनामा बुढाले कम्पनी खडा गर्दै बैंक खाता खोलेका थिए। सोही खातामा ह्याकपछि प्राप्त भएको रकम जम्मा हुने गर्थ्यो। घटनाका मास्टर माइन्ड भने फरार रहेको प्रहरीको भनाइ छ।

माओवादी जागरण अभियान रुपन्देहीमा

बुटवल/ माओवादीको 'तराई-मधेश जागरण अभियान' बुधबार रुपन्देही आइपुगेको छ। माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको टोली नवलपरासी हुँदै रुपन्देही आइपुगेको हो। प्रचण्ड नेतृत्वको टोलीले बिहीबार रुपन्देहीका विभिन्न कार्यक्रममा सहभागिता जनाउनेछ। बिहीबार जनसंवादमा सहभागी जनाएपछि प्रचण्ड प्रशिक्षणमा सहभागी हुने कार्यक्रम रहेको माओवादी रुपन्देहीले जनाएको छ। त्यस्तै, बुद्धिजीवी, नागरिक समाज र उद्योग व्यापार संघमा आबद्ध व्यक्तिसँग अन्तर्क्रियापछि प्रचण्डले सहिद परिवारसँग भेटघाट गर्नेछन्। दिउँसो मर्चवारको मझगावामा बृहत् आमसभालाई सम्बोधन गर्न केन्द्रीय अभियान कपिलवस्तु जाने कार्यक्रम छ।

प्रचण्ड बुधबार दिउँसो नवलपरासी पश्चिम सदरमुकाम परासीमा आयोजित अन्तर्क्रियामा सहभागी भएका थिए। उनले नेपालको समग्र विकास प्रक्रिया विशेषतः तराई-मधेश क्षेत्रको चर्चा गरे। हुलाकी राजमार्गजस्ता आधारभूत पूर्वाधार योजनाले जनतामा आशा र भरोसा पुनर्स्थापित गरेको चर्चा गर्दै उनले पार्टीको अभियान उपदेशमूलक नभई जनताको वास्तविक पीडा र अपेक्षाको प्रत्यक्ष अनुभूति लिनेतर्फ लक्षित भएको बताए। विकासको मोडल स्थानीय आत्मनिर्भर अर्थतन्त्रमा आधारित हुनुपर्नेमा जोड दिँदै प्रचण्डले राष्ट्रिय हितलाई केन्द्रमा राखी समावेशी, सन्तुलित र दिगो विकासका बाटाहरूको खोजी गर्नुपर्ने बताए।

विद्युत् सर्ट भई आगलागी हुँदा पाँच घर जले

सिन्धुपाल्चोक/ विद्युत् सर्ट भएर आगलागी हुँदा जुगल गाउँपालिका- ३ हाब्रामा पाँचवटा घर पूर्ण रूपले जलेका छन्। मानवीय र पशुचौपायाको क्षति नभए पनि दैनिक प्रयोग गर्ने घरायसी वस्तु, अन्नपात, लत्ताकपडा, भाँडाकुँडा, नगद र गहना जलेको जिल्ला प्रहरी कार्यालय सिन्धुपाल्चोकका सूचना अधिकृत डिएसपी उमाशंकरप्रसाद यादवले जानकारी दिए। एक्कासि विद्युत् सर्ट भएर सुरुमा एउटा मात्रै घरमा आगलागी भएको थियो। त्यसपछि क्रमशः अन्य चार घरमा आगो सल्किएको थियो। आगलागीबाट पाँचै घरका मानिस विस्थापित भएका छन्। प्रहरीका अनुसार स्थानीय प्रेम श्रेष्ठको दुईवटा घरमा आगलागी हुँदा अन्नपात, खाद्यान्न पिस्ने मेसिन, लत्ताकपडा र सुन जल्दा २६ लाखबराबरको क्षति भएको छ। कुमार श्रेष्ठको घर जल्दा १० लाख, मनकुमारी श्रेष्ठको सात लाख ४० हजार, मिलन श्रेष्ठको घर जल्दा १५ लाखबराबरको क्षति भएको छ। पाँचवटा घर जल्दा झन्डै ६० लाखबराबरको क्षति भएको र २० जना स्थानीय विस्थापित भएको सूचना अधिकृत यादवले जानकारी दिए।

■ मधेश प्रदेशका पूर्वप्रमुख अहिराजविरुद्ध पक्राउ पुर्जी

जबर्जस्ती करणीको आरोपमा प्रहरीले थाल्यो अनुसन्धान

नयाँ पत्रिका

मधेश प्रदेशका पूर्वप्रमुख डा. राजेश झा (अहिराज) विरुद्ध जबर्जस्ती करणी अभियोगमा पक्राउ पुर्जी जारी भएको छ। पीडित युवतीको जाहेरीपछि प्रहरीले उनीविरुद्ध पक्राउ पुर्जी जारी गरेको हो। अहिराज राजसंस्था पुनर्स्थापनाका लागि संयुक्त जनआन्दोलन समितिका सल्लाहकारसमेत हुन्।

जिल्ला प्रहरी परिसर काठमाडौंस्थित महिला सेलमा अहिराजविरुद्ध जबर्जस्ती करणी कसुरमा जाहेरी दर्ता भएको हो। सोही घटना अनुसन्धानका लागि जिल्ला अदालत काठमाडौंले उनीविरुद्ध पक्राउ पुर्जी जारी गरेको हो। आफूविरुद्ध पक्राउ पुर्जी जारी भएपछि अहिराज फरार छन्। प्रहरी परिसर काठमाडौंका प्रवक्ता एसपी अपिलराज बोहराले अहिराजविरुद्ध जबर्जस्ती करणी कसुरमा अनुसन्धान भइरहेको बताए। 'अहिराजविरुद्ध जबर्जस्ती करणी कसुरमा अनुसन्धान भइरहेको छ। पीडितले परिसरमा हालेको जाहेरीका आधारमा उनीविरुद्ध अनुसन्धान प्रक्रिया अघि बढेको छ। उनी पक्राउ परेका छैनन्। प्रहरी टोली खोजीमा छ,' उनले भने।

प्रहरीका अनुसार अहिराजविरुद्ध अनामनगर बस्ने युवतीले जाहेरी दिएकी थिइन्। जाहेरी दिने युवती अहिराजका छिमेकीसमेत हुन्। अहिराजले युवतीलाई 'एयर होस्टेज' बनाइदिने प्रलोभन दिएका थिए। सोही प्रलोभनपछि उनले युवतीलाई सात वर्षदेखि यौनशोषण गर्दै आएका थिए। युवती अहिले २५ वर्षकी छिन्। यौन दुर्व्यवहार सुरु हुँदा उनको उमेर १७ वर्षको थियो।

'अहिराजले सात वर्षदेखि युवतीलाई यौनशोषण गरेको जाहेरीमा उल्लेख छ। अहिले पीडितको उमेर २५ वर्षको छ। जुनवेला उनीविरुद्ध यौनशोषण सुरु भएको थियो, त्यसवेला उनको उमेर १७ वर्षको थियो। अहिराजले पीडित युवती नाबालिका हुँदाको बखतदेखि नै यौनशोषण गरेको देखिन्छ,' प्रहरी स्रोतले भन्यो।

प्रहरीका अनुसार होस्टेल सञ्चालन गर्दै आएकी युवती अहिले आमासँग बस्दै आएकी छिन्। उनकी आमा एकल महिला हुन्। होस्टेल सञ्चालनका लागि समेत अहिराजले सहयोग गर्ने गरेका थिए। पीडित युवतीको जाहेरीपछि अहिराज फरार भएका थिए। उनले नेपाल छाडिसकेको प्रहरीको भनाइ छ।



'घटनाको अनुसन्धान भइरहेको छ। अहिराजको खोजी जारी छ। केही दिनभित्रै पक्राउ पर्नेमा विश्वस्त छौं,' एसपी बोहराले भने।

पीडित युवती यसअघि राष्ट्रिय महिला आयोगमा पनि उजुरी लिएर गएकी थिइन्। तर, आफू 'हनी ट्र्याप'मा परेको भन्दै अहिराजले आयोगसँग छलफल टारेका थिए। आयोगबाट कुनै निकासा ननिस्किएपछि युवती जाहेरी लिएर प्रहरी परिसर काठमाडौं पुगेकी थिइन्। त्यो सूचना थाहा पाएका अहिराजले पनि 'आफू हनी ट्र्याप'मा परेको भन्दै परिसरमा उजुरी लिएर पुगेका थिए। तर, दुवैको जाहेरी दर्ता हुन सकेको थिएन। दबाबपछि भने युवतीको जाहेरी दर्ता भएको थियो।

अहिराजलाई तत्कालीन प्रधानमन्त्री केपी ओलीले ७ फागुन ०७७ मा मधेश प्रदे शको प्रमुखमा नियुक्त गरेको थिए। काग्रेस सभापति शेरबहादुर देउवा प्रधानमन्त्री भएपछि उनको पद गएको थियो। उनी करिब ६ महिना प्रदेश प्रमुख भएका थिए। तत्कालीन नेकपामा चरम विवाद हुँदा बहालवाल प्रदेश प्रमुख तिलक परियारलाई पदमुक्त गरी उनलाई नियुक्त गरिएको थियो।

■ थमन विक हत्या प्रकरण

विशेषज्ञलाई अदालतमा उपस्थित गराउन आदेश

जनकपुरधाम/ सशस्त्र प्रहरीका असइ थमन विक हत्या प्रकरणमा उच्च अदालत जनकपुरले मोबाइल अडियो परीक्षणमा संलग्न विशेषज्ञलाई अदालतमा झिकाउने आदेश दिएको छ। बुधबार उच्च अदालत जनकपुरका न्यायाधीश नरीश्वर भण्डारी र जगदीश घिमिरेको संयुक्त इजलासले साइबर विशेषज्ञ आनन्द निरौलालाई बयानका लागि अदालतमा उपस्थित गराउन आदेश दिएको हो। यसअघि पनि प्रहरी प्रधान कार्यालयको साइबर ब्युरोबाट आनन्द निरौला र दक्षेपी शेर्पालाई अदालतमा बोलाउने आदेश भएको थियो। तीमध्ये शेर्पाले बयान दिएका थिए। तर, निरौलाले कोरियामा तालिममा रहेकाले बयान दिन सकेका थिएनन्।

उच्च अदालत जनकपुरधामका सूचना अधिकारी तथा उपरजिस्ट्रार सुशील यादवका अनुसार निरौला र शेर्पा दुवैले असइ विक हत्यामा संलग्न ठहर गरिएका आरोपीको मोबाइल फोनमा भएको अडियो कल परीक्षण गरेका थिए। परीक्षणको विषयमा अझ प्रस्ट जानकारी आवश्यक परेकाले निरौलालाई पुनः अदालतले बोलाइएको हो। यो मुद्दामा जिल्ला अदालत महोत्तरीले मधेश प्रदेशका निलम्बित सांसद अभिराम शर्मा, जलेश्वरका पूर्वमेयर रामशंकर मिश्र, सुरेश पाण्डे र धर्मेन्द्र रायसहित सातजनालाई जन्मकैदको फैसला सुनाएको छ। २५ भदौ ०७२ मा दोम्रो मधेश आन्दोलनका क्रममा विकको हत्या भएको थियो।

बकैयाका ६१ जनालाई जग्गाधनी पुर्जा वितरण

एक टुक्रा जग्गाको मालिक नभई मरिन्छ कि भन्ने पिरबाट मुक्त भइयो : ठुलीमाया भ्लोन

मकवानपुरमा **पोष्टराज अधिकारी**

वर्षौंसम्म सुकुम्बासी जीवन बिताएकी मकवानपुरको बकैया गाउँपालिका- ७ की ठुलीमाया भ्लोन हातमा जग्गाधनी प्रमाणपुर्जा पर्दा निकै हर्षित देखिन्थिन्। ७६ वर्षकी ठुलीमायालाई एक टुक्रा जग्गाको मालिक नभई मरिन्छ कि भन्ने लागेको थियो। तर, आइतबार भूमि समस्या समाधान आयोग मकवानपुर र बकैया गाउँपालिकाको पहलमा ठुलीमायासँगै ६१ जनाले जग्गाधनी पुर्जा पाए। ठुलीमाया पाँच कट्ठा १८ धुर जग्गाको मालिक बनेकी छिन्। आफूले खनजोत गरेको जग्गा नापी भएको दशकौंसम्म पनि लालपुर्जा हात नलागेपछि उनले जीवनकालमा जग्गाधनी पुर्जा पाइएला भन्ने आस नै मारेकी थिइन्। आइतबार भूमि व्यवस्था तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीको हातबाट जग्गाधनी प्रमाणपत्र पुर्जा पाउँदा उनी दंग थिइन्।

ठुलीमायासँगै बकैया गाउँपालिका- ४ का २० र वडा नम्बर ७ का ४१ गरी ६१ घरपरिवारमा खुसी छाएको छ। बकैया- ७ कै मीनबहादुर सञ्जेलले ढिलै भए पनि जग्गाधनी पुर्जा पाउँदा खुसी लागेको बताए। ०२३ मा ललितपुरको भट्टेडाँडा छपेलीबाट बसाइँ सरेर बकैया आएका सञ्जेलको हजुरबुबाको पालासम्म जग्गा थियो। तर, बाढीपहिरो लागेपछि बुबाको पालादेखि नै सुकुम्बासी जीवन बिताउन बाध्य भएको उनी सुनाउँछन्। 'हजुरबुबाको नाममा त जग्गा थियो, बुबाको पालादेखि भने थिएन। बाढीपहिरो लागेपछि ललितपुरबाट बसाइँ सरेर यहाँ आयौं, धेरै वर्षसम्म लालपुर्जा पाइने आशामा बितायौं। जग्गाधनी पुर्जा पाइन्छ भन्ने विश्वासै थिएन,' ६८ वर्षीय सञ्जेलले भने, 'चुनावका वेला सबैले लालपुर्जा दिन्छु भन्थे। यसपालि साँच्चै पाइयो। सरकारले हाम्रो कुरा पनि सुन्यो।'



वर्षौंदेखि जग्गाको भोगचलन गर्दै आए पनि जग्गाधनी पुर्जा नहुँदा अनेक सास्ती व्यहोर्नुपरेको उनीहरूको अनुभव छ। बकैया- ७ का दीपक गिरीले जग्गाधनी पुर्जा नहुँदा व्यहोर्नुपरेको सास्ती सुनाउँदै भने, 'जग्गा छैन भनौं भने वर्षौंदेखि खनजोत गर्दै आएका छौं, तर त्यसको उचित उपभोग गर्न कहिल्यै पाएनौं। सानोतिनो व्यापार व्यवसाय गर्न वा कृषि ऋण लिन पनि जग्गाधनी पुर्जा नहुँदा समस्या भएको छ।'

हातमा लालपुर्जा परेपछि बकैयाकी विष्णुमाया भ्लोनमा खुसीको सीमा छैन। सानै उमेरमा बकैया- ७ का बुद्धबहादुर भ्लोनसँग बिहे गरेर आएकी उनी श्रीमान्सँगै सुकुम्बासी जीवन बिताउन बाध्य थिइन्। तर, अहिले हातमा लालपुर्जा पाउँदा जीवनकै सबैभन्दा ठुलो उपहार पाएको जस्तो भएको छ। 'हामी पनि सुकुम्बासीबाट जग्गाधनी भयौं,' उनले भनिन्, 'अब हामीले जस्तो हाम्रा सन्तानले सुकुम्बासी भएर हिँड्नुपर्दैन। थोरै भए पनि उनीहरूका लागि जग्गा भएको छ। मलाई जीवनमा सबैभन्दा ठुलो उपहार पाएजस्तो भएको छ।'

गाउँपालिकाका अध्यक्ष धर्म लामिछानेले पनि भूमि समस्या समाधान आयोग मकवानपुर सक्रियतामा जिल्लामै पहिलोपटक बकैयाबाट धनीपुर्जा वितरण सुरु गरेकोमा खुसी लागेको बताए। उनले गाउँपालिकाका थुप्रै नागरिकले वर्षौंदेखि आफूले भोगचलन गर्दै आएको जग्गाको धनीपुर्जा नपाएर समस्या भोग्दै आएको बताए। नागरिकलाई जग्गाधनी पुर्जा दिने अधिकार आफूहरूसँग नभएर मात्रै चुप लागेर बस्नुपरेको उनको भनाइ थियो। गाउँपालिकाका अन्य वडामा पनि प्रक्रिया पुऱ्याएर छिट्टै धनीपुर्जा वितरणको वातावरण मिलाउन गाउँपालिकाले भूमिका खेल्ने उनले प्रतिबद्धता व्यक्त गरे।

भूमि समस्या समाधान आयोग मकवानपुरले बकैया गाउँपालिका वडा नम्बर ७ र ४ का ६१ भूमिहीन सुकुम्बासीलाई जग्गा धनीपुर्जा वितरणको गरेको हो। आयोग मकवानपुरका सदस्य कविन सांगामीका अनुसार वडा नम्बर ७ का ४१ र ४ नम्बर वडाका २० घरपरिवारलाई जग्गा धनीपुर्जा उपलब्ध गराएको हो। आयोगले वडाले प्रविष्ट गरेको विवरणमाथि छानबिन गरी भूमिहीन नागरिकलाई पुर्जा वितरणको गरिएको उनले बताए। नियमानुसार आवासीय क्षेत्रका लागि न्यूनतम एक कट्ठा र कृषि प्रयोजनका लागि अधिकतम पाँच कट्ठा १८ धुर जग्गा उपलब्ध गराइएको सदस्य सांगामीले बताए।

चिकित्सा शिक्षामाथि राजनीति कि जस लिने होड ?

आवासीय चिकित्सकको मासिक पारिश्रमिक २० हजारभन्दा पनि कम हुनु किमार्थ जायज मान्न सकिन्न



● प्राडा ढुण्डीराज पौडेल

अग्रलेख

अहिले विश्वविद्यालय, प्रतिष्ठान, चिकित्सक संघ मात्रै होइन, चिकित्सा शिक्षालाई पनि चरम राजनीतिले गाँजेको छ। आवासीय चिकित्सकले उठएका सवाल सुल्झिनुको साटो झन् झन् बल्झिँदै गएको देखिन्छ। समग्र स्वास्थ्य सेवाको ७० प्रतिशत हिस्सा ओगटेको निजी क्षेत्रका शिक्षण अस्पतालको उपचार सेवा अवरुद्ध हुन पुगेको छ। हेक्का रहोस्, अन्य निजी कर्पोरेट अस्पतालले भन्दा निजी क्षेत्रकै शिक्षण अस्पतालले सहज र पहुँचयोग्य उपचार सेवा प्रदान गर्दै आएका छन्। स्वास्थ्य बिमाले तोकेको थैलीको रकमभन्दा निजी शिक्षण अस्पतालको शुल्क कमै देखिन्छ।

शिक्षण अस्पताल सञ्चालनको जगमा मुख्य भूमिका निर्वाह गर्दै आएका आवासीय चिकित्सक आकस्मिक सेवासमेत बहिष्कार गरी हडतालमा उत्रिएका छन्। उनीहरूको मासिक पारिश्रमिक २० हजारभन्दा पनि कम हुनु किमार्थ जायज मान्न सकिन्न। दुनियाँमा सबैखाले शिक्षण या कर्पोरेट अस्पतालले निश्चित मापदण्डका आधारमा आवासीय चिकित्सक माग गर्छन् र गुणवेत्ताका आधारमा छनोट गर्छन् र चौबिसै घण्टा सेवामा खटिने उनीहरूलाई उचित पारिश्रमिक दिन्छन्। रेजिडेन्ट चिकित्सकले निजी क्लिनिक या अन्य व्यवसाय सञ्चालन गर्न पाउँदैनन्। संस्थामा पूर्णकालीन समय बिताउनुपर्ने र सजग भई आफ्नो जिम्मामा रहेका प्रत्येक बिरामीको अवस्था, सुधार, उपचारसम्बन्धी ताजा विवरण सम्बन्धित कन्सल्टेन्टलाई बुझाउनु उनीहरूको दायित्व हो। रेजिडेन्सीमा रहुन्जेल परिवार या पर्वको पनि ख्याल गर्न पाइन्न।

त्यसैले, आवासीय चिकित्सकको आठौँ तहको पारिश्रमिकको माग नाजायज हुँदै होइन। अन्य खर्च कटाएर पनि रेजिडेन्ट चिकित्सकलाई कम्तीमा एउटा चिकित्सकले पाउने न्यूनतम पारिश्रमिक दिनैपर्छ। त्यसैले, निजी अस्पतालका रेजिडेन्टहरूको सरकारी मेडिकल अधिकृतले पाइरहेको न्यूनतम तलब ४८ हजारको माग नाजायज होइन। आखिर निजी मेडिकल कलेजका सञ्चालकमध्ये अधिकांश स्वयं विशेषज्ञ चिकित्सक नै रहेकाले उनीहरू आवासीय चिकित्सकका समस्याबारे बेखबर छैनन्।


चिकित्सा शिक्षामा बेथिति : मुख्यतः पार्टी नेताहरूका स्वार्थका कारण विगतमा निजी चिकित्सा शिक्षा क्षेत्रमा मौलाएका अनेक बेथिति र विसंगति विशेषज्ञ चिकित्सा सेवा र शिक्षा क्षेत्रमा झाँगिए। परिणामतः एमएस, एमडी अध्ययनका लागि महँगो र मोलमोलाइमा शुल्क तोकिन थाल्यो। अस्पतालका विशेषज्ञ चिकित्सक अध्येताबाट निजी शिक्षण संस्थाले कार्यक्रमअनुसार नेपालमा विगतमा एक करोडसम्म शुल्क लिने गरेको उदेकलाग्दो स्थिति थियो। तत्कालीन मेडिकल काउन्सिलकै अध्यक्षले आफ्नी छोरीको स्नातकोत्तरका लागि निजी मेडिकल कलेजलाई ९० लाख बुझाएको घटना सुनाएका थिए।

सुपरीवेक्षणका क्रममा कतिपय निजी मेडिकल कलेजले अवकाश प्राप्त भारतीय शिक्षक एवं कथित 'भारतीय खडेबाबा'लाई उतार्ने गर्थे। कतिले चाहिँ स्तरीय चिकित्सा शिक्षा एवं सेवाका माध्यमबाट योगदान दिएका पनि हुन्। मुख्यतः चिकित्सा शिक्षा आयोगको कानुनी व्यवस्थापछि यस्ता बेथिति अन्त्य त भए। तर, आर्थिक कारण देखाउँदै निजी मेडिकल कलेजले रेजिडेन्ट चिकित्सकलाई मेडिकल अधिकृतसरहको पारिश्रमिक दिन अस्वीकार गरे। अहिले मुलुकमा सबैखाले सामान्य एवं विशेषज्ञ सेवा प्रदान गर्ने अधिकांश विशेषज्ञ मुख्यतः स्वदेशी उत्पादन नै हुन्।

कामचलाउ पाराले सुरु भएका प्रतिष्ठानमा सुधार गर्नुभन्दा तिनको संख्या थपिँदो छ। अस्पतालको स्तरवृद्धिभन्दा आफ्नालाई पदाधिकारीमा नियुक्ति गर्ने ध्याउन्न छ। प्रतिष्ठान चरम अपव्यय, पार्टीगत राजनीति र बेथितिका अखडा र राज्यका निम्ति सेतो हात्ती बनिरहेका छन्। नेपालबाट चिकित्सा शिक्षाका लागि चीनलगायत देश जाने विद्यार्थी अध्ययन समाप्तिपश्चात् सेवा गर्न स्वदेशमै आउँछन्। चिकित्सा सेवाजस्तो संवेदनशील विषयको स्तरीयता कायम गर्न स्तरीय प्रवेश परीक्षा, तालिम एवं अनुमतिपत्र परीक्षा अपरिहार्य छ।

रेजिडेन्सीमा भर्नाको संख्या शिक्षक, पूर्वाधार र सेवाका लागि आवश्यक पर्ने चिकित्सक संख्याका आधारमा तोकिने विश्वव्यापी मान्यता छ। नेपालमा चिकित्सा शिक्षामा राज्यको चरम बेवास्ता, अकर्मण्यता र राजनीतिक हस्तक्षेपका कारण गुणस्तरमा अपेक्षित अभिवृद्धि आउन नसकेकै हो। विभिन्न विधामा सञ्चालित एमडी, एमएस, डिएम, एमसिएच कार्यक्रम सञ्चालनार्थ जनशक्ति एवं पूर्वाधारको अभाव छ। अझै पनि कार्यक्रम सञ्चालन गर्दाकै कामचलाउ या यथास्थिति कायम छ। बरु विगतमा राज्यबाट प्रदान गरिएको सुविधा र सहुलियत हाल कटौती गरिएको छ।

निजी मेडिकल कलेजका सवाल : सञ्चालकले एमबिबिएस सिट संख्या र शुल्क कम भई खर्च धान्न मुस्किल परेकाले रेजिडेन्टको मागबमोजिम पारिश्रमिक वृद्धि गर्न नसकिने दलिल पेस गर्दै आएका छन् र स्नातकोत्तरका लागि 'अप्राइजल फर्म'समेत भर्न आनाकानी गरिरहेका छन्। विगतमा प्रशस्त कमाइ गरेका कलेजहरूले नाफाको साटो घाटा रहेको दाबी गर्दै शिक्षण अस्पतालको सेवाको शुल्क



वृद्धि गर्न बाध्य परेको बताउँदै आएका छन्। मूल्यवृद्धि भए पनि विभिन्न कलेजका चिकित्सक शिक्षक एवं अन्य प्राविधिक र कर्मचारीले समयमै पारिश्रमिकसमेत पाएका छैनन्। यसका साथै, सेवाग्राही बिरामीसमेत स्तरीय र सहज चिकित्सा सेवाबाट वञ्चित भइरहेका छन्। सरकारले यो सवालको निरुपण गर्न स्पष्ट हुनु आवश्यक छ। दुवै पक्षको अभिभावकीय भूमिका निर्वाह गर्नुपर्ने सरकारले यो सवालमा न्यायोचित, तार्किक र विवेकसम्मत निर्णय गर्नु जरुरी छ।

मेडिकल कलेजहरूलाई अहिलेसम्म भर्ना भएका संख्याका आवासीय चिकित्सक के सेवाको निरन्तरताका लागि आवश्यक छैनन् ? शिक्षण अस्पतालको सेवाका लागि के रेजिडेन्टहरू नै मुख्य चिकित्सकीय जनशक्ति होइनन् ? निजी शिक्षण अस्पतालले सेवा प्रवाहबाट प्राप्त आर्थिक आम्दानीको महत्त्वपूर्ण हिस्सामा के रेजिडेन्ट चिकित्सकको योगदान छैन ? के रेजिडेन्टको अभावमा यही परिमाणको सेवाको निरन्तरता सम्भव छ ? यस्ता प्रश्नको जवाफ निजी मेडिकल कलेजका सञ्चालकले दिनैपर्छ।

चिकित्सा शिक्षा ऐनको कार्यान्वयनमा लचिलोपन : चिकित्सा शिक्षाको सन्दर्भमा ऐनमा मुख्यतः दुईवटा सवाल समेटिएका छन्, १. एकीकृत चिकित्सा प्रवेश परीक्षा, जुन चिकित्सा शिक्षा आयोग स्वयं वा तोकिएको संस्था या एजेन्सीले सञ्चालन गर्ने। २. योग्यताक्रमका आधारमा केन्द्रीय परामर्शको पद्धतिबाट विद्यार्थी भर्ना गर्ने। आर्थिक आधारमा व्यवस्थित हुनुपर्नेमा लिंग र जातिका आधारमा समेत व्यवस्था गर्दा यदाकदा आर्थिक रूपमा सक्षमले समेत आरक्षण कोटाको अवसर पाएका छन्। निजीका हकमा स्वदेशी लगानी भए १० प्रतिशत र विदेशी भए २० प्रतिशतलाई निःशुल्क छात्रवृत्ति प्रदान गर्ने व्यवस्था पनि ऐनले गरेको छ। सार्वजनिक शिक्षण संस्थाका हकमा यो ७५ प्रतिशत छ। कुल सिट क्षताको एक तिहाइसम्म विदेशी विद्यार्थी भर्ना गर्न सक्ने र २० प्रतिशत निःशुल्क छात्रवृत्ति प्रदान गर्नेको हकमा विदेशी विद्यार्थीको प्रतिशत ५० सम्म पुग्न सक्ने प्रावधान ऐनमा छ। उल्लिखित प्रावधानले नै चिकित्सा शिक्षामा आएको कानुनी सुधारलाई प्रतिबिम्बित गर्छन्। ऐनमा उल्लिखित नभए पनि ऐन लागू भएपश्चात् चिकित्सा शिक्षा आयोगले एमबिबिएसको अधिकतम सिट संख्या १०० र शुल्क ४६ लाखसम्म तोकेको छ। बर्सेनि ठुलो संख्यामा हाम्रा नेपाली विद्यार्थी चिकित्सा शिक्षाका लागि जाने चीन, बंगलादेश मात्रै होइन, भारतमा पनि यो सिट संख्या र शुल्क नेपालकै हाराहारीमा छ। गुणस्तरीयतामा भने फरक हुन सक्छ। ती देशमा ठुलो संख्यामा आफ्ना नागरिकलाई निःशुल्क या न्यून शुल्कमा पढ्ने अवसर छ भने विदेशी विद्यार्थीले शुल्क तिर्छन् र त्यसबाट मेडिकल कलेजहरूले मनग्य आम्दानी गर्छन्।

> पार्टी नेताका स्वार्थका कारण विगतमा निजी चिकित्सा शिक्षा क्षेत्रमा मौलाएका अनेक बेथिति र विसंगति विशेषज्ञ चिकित्सा सेवा र शिक्षा क्षेत्रमा पनि झाँगिएका हुनाले यसको समाधान पनि तिनैले गर्नुपर्छ

एमबिबिएस सिट संख्यामा पुनर्विचार : एमबिबिएस विद्यार्थीको अधिकतम सिट संख्या १५० बाट १०० मा झार्नुभन्दा १५० सिटकै लागि आवश्यक पूर्वाधार, जस्तो- कक्षाकोठा व्यावहारिक प्रयोगात्मक हल, ट्युटोरियल हल, आधारभूत एवं क्लिनिकल विषयमा दक्ष शिक्षक तथा प्रशिक्षकका साथैसाथै अन्य सुविधा र स्तरीयतामा वृद्धि गर्न आवश्यक छ। नेपालको अधिकतम १०० रहेको एमबिबिएस सिटसंख्या यथास्थितिमै कायम राख्नु कति उचित छ ? सिटसंख्या सीमित हुँदैमा स्तरीयताको सुनिश्चितता हुँदैन। बरु छात्रवृत्तिको संख्यामा समेत वृद्धि गरी सिटसंख्या र शुल्कलाई वर्गीकरण गर्दै व्यावहारिक बनाउन सकिन्छ कि ? विद्यार्थीलाई राज्यले सस्तो ऋणको पनि व्यवस्था गरेको छ। आखिर सरकार विद्यार्थी एवं लगानीकर्ता दुवैको अभिभावक पनि त हो।

च्यारिटीमा जाने तयारी : वर्तमान प्रधानमन्त्री केपी ओलीकै पालामा २०७५ मा पारित ऐनको दफा ४७ अनुसार अब चार वर्षमा मेडिकल कलेजहरूलाई नाफारहित च्यारिटीमा लग्ने भनिएको छ। जसलाई लागू गर्न चार वर्ष बाँकी छ। त्यसको तयारी के छ ? त्यसैले, अहिले उठेका र भविष्यमा उठ्ने यस्ता प्रश्नको सम्बोधन गर्न चिकित्सा ऐनकै संशोधन आवश्यक छ।

पारिश्रमिक र तालिम अवधिमा वृद्धि : चिकित्सा शिक्षामा तीनवर्षे एमएस या एमडीको शैक्षिक योग्यता मात्रै स्वतन्त्र रूपमा शल्यचिकित्सासहितका सेवा प्रदान गर्न पर्याप्त हुन्न। त्यसैले कम्तीमा पनि एमएस र एमडीको तीनवर्षे शैक्षिक योग्यता हासिल गरेका चिकित्सकलाई थप दुई वर्षजति सम्बन्धित कलेज या संस्थामा सुपरीवेक्षणमा रही काम गर्ने अवसर दिनुपर्छ। यस्तो व्यवस्था अनिवार्य पनि गर्न सकिन्छ। चिकित्सा शिक्षामा एमबिबिएस, एमएस, एमडी गरी नौ वर्ष व्यतीत गरेका विशेषज्ञ चिकित्सकलाई कम्तीमा नवौँ तहको पारिश्रमिक दिई दुईवर्षे अनिवार्य तालिम सोही शिक्षण अस्पतालमै हुने व्यवस्था गरिनुपर्छ। नेपालमा विभिन्न विधाका डिएम, एमसिएच सिट पनि आर्थिक कारणले नै खाली रहने गरेका छन्। कम्तीमा ती विशेषज्ञ प्रशिक्षार्थीका लागि आवाससहित जायज पारिश्रमिकको व्यवस्था हुनुपर्छ।

जस लिने होडबाजी : नेपाल चिकित्सक संघमा वर्षौंदेखि कायम कुनै खास राजनीतिक पार्टीको वर्चस्व तोड्न भएका विभिन्न प्रयासकै शृंखलामा आवासीय चिकित्सकको पारिश्रमिकसम्बन्धी अहिले सुल्झिन नसकेको सवाल पनि एक कडी हो। केही दिनअघि सञ्चालकका पक्षमा अभिव्यक्ति दिने मुलुकका प्रधानमन्त्री पार्टीसम्बद्ध चिकित्सकको सुझावमा आवासीय चिकित्सकका पक्षमा निर्णय गर्न अग्रसर हुनु अनि अर्को पक्षले चिकित्सा शिक्षा आयोगमार्फत पनि चिकित्सक संघमा वर्चस्वको खेल खेल्न खोज्नु जायज होइन। सत्तासीन दलबिच नै यस प्रकरणमा जस लिने होडबाजी चल्नु दुःखको विषय हो।

सरकार र आयोग जिम्मेवार बनून् : सरकार र सरकारी निकाय चिकित्सा शिक्षा आयोगले विद्यार्थी र सञ्चालकबिचको विवादलाई उल्झाउनुको सट्टा समयमै पारदर्शी तरिकाले यथार्थ आर्थिक अवस्थाको समेत विश्लेषण गरी उचित एवं दीर्घकालीन निर्णय गरून्।

(प्राडा पौडेल नेपाल रेजिडेन्ट डाक्टर एसोसिएसन २०५६ (शिक्षण अस्पताल, महाराजगञ्ज) का संस्थापक अध्यक्ष हुन्)

३ प्रश्न

स्वास्थ्य मन्त्रालयका सचिव **डा. विकास देवकोटा**लाई



आवासीय चिकित्सकहरूको समस्या किन बल्झिरहन्छ ?

एमबिबिएसपछि विशेषज्ञता हासिल गर्न एमडी, एमएस पढ्ने चिकित्सकले अस्पतालमा अध्ययनसँगै सेवा पनि दिन्छन्। त्यस्ता आवासीय चिकित्सकलाई निर्वाह भत्ता दिनु 'ग्लोबल प्राक्टिस' नै हो। आखिर अध्ययनसँगै अस्पतालमा सेवा दिने आवसीय चिकित्सकका कारण बिरामीको परीक्षण र अन्य सेवा शुल्क पनि त प्राप्त हुन्छ। त्यसैले, आवासीय चिकित्सक विद्यार्थी र कर्मचारी दुवै हुन्। एमबिबिएस पढ्दा ठुलो लगानी लाग्छ। पछि पिजी अध्ययनमा पनि २२-२४ लाख त खर्च हुन्छ नै। यस्तोमा आवासीय चिकित्सक पनि मर्कामा पर्नु हुँदैन। सञ्चालकहरूको पनि आवासीय चिकित्सकले तिरेको शुल्क पारिश्रमिकमै फिर्ता जान्छ, फाइदा हुँदैन भन्ने भनाइ छ। तर, मेडिकल कलेज या अस्पताल सञ्चालन भनेको अन्य व्यवसायजस्तो विशुद्ध व्यापार होइन, यो सेवा पनि हो। त्यसैले, यसमा नाफा मात्र हेरेर हुँदैन।

आवासीय चिकित्सकहरूको पारिश्रमिकसम्बन्धी चिकित्सा शिक्षा आयोगको निर्णय कार्यान्वयन गराउन किन नसकिएको हो ?

आयोगले प्रस्ट आधार तयार गरी यो शुल्क निर्धारण गरेको हो। पहिल्यै महँगो शुल्क तिरेर एमबिबिएस गरेको चिकित्सकले फेरि पनि घरबाट शुल्क मगाएर पिजी पढ्न सम्भव हुँदैन। त्यसैले, दुवै पक्षलाई समेटेर वैज्ञानिक आधार तयार गर्न सकिन्छ। यो निर्णय कार्यान्वयन गरेरै जानुपर्छ।

आवासीय चिकित्सकहरूको समस्या समाधानको उपाय के हो त ?

निर्णय भइसकेको हुनाले आवासीय चिकित्सकले पाउने न्यूनतम ४८ हजार शुल्क कायमै राखेर समाधान खोज्नुपर्छ। त्यसका लागि मेडकल कलेजको पूर्वाधार पुग्छ भने एमबिबिएसको सिट संख्यामा पुनर्विचार गर्न सकिन्छ। आखिर, पूर्वाधार र फ्याकल्टी दुवै राम्रो छ भने सिट संख्या १०० नै किन कायम राख्नु ? त्यसैका लागि आज कार्यदलसमेत बनेको छ।

प्रेरक प्रसंग

साधु र सक्खर

एकपटक एक महिला एक साधुसित भेटघाट गर्न उनको आश्रममा पुगिन्। साँझको समय थियो। साधु भोजन गर्दै थिए। महिलाले बाहिरै बसेर सन्तको प्रतीक्षा गर्नु उचित ठानिन्। महिलाको साथमा उनको सात–आठ वर्षका छोरा पनि थिए। महिलाले छोरालाई भनिन्- साधु महाराज भोजन गर्दै हुनुहुन्छ रे ! त्यसैले हामी उहाँको प्रतीक्षा गर्नेछौँ। भोजनको समाप्तिपछि नै उहाँले हाम्रो समस्याको समाधान गर्नुहुनेछ।

केहीबेरमा एक महिला कुटीबाट बाहिर आइन् र भनिन्- तपाईंहरू दुवैलाई महाराजले भित्र बोलाउनुभएको छ। महिला छोरालाई लिएर भित्र पसिन् र साधुको दर्शन पाएपछि उनले भनिन्- महाराज, मेरो छोरालाई अपचको समस्या छ। मैले यसलाई कैयौँ औषधि दिएँ, तर ठिक भएन। केही उपाय बताइदिनुपर्‍यो महाराज ! साधुले भने- ठिक छ, बाबुलाई लिएर भोलि बिहान आउनुहोला। भोलिपल्ट महिला आफ्ना छोरालाई लिएर आश्रम पुगिन्। साधुले महिलाका छोरासित सोधे- बाबु तिमी सक्खर धेरै खान्छौ, हो ? बालकले हो भन्दै टाउको हल्लाए ! साधुले भने- त्यसो भए आजैदेखि सक्खर खान बन्द गर, सबै ठिक हुन्छ। बालकले हुन्छ भन्दै मुन्टो हल्लाए।

महिलालाई भने साधुको व्यवहार अनौठो लाग्यो। त्यति कुरा त उनले अघिल्लै साँझ पनि बताउन सक्थे। पटक-पटक आश्रमसम्म धाउनु पनि पर्दैनथ्यो। महिलाले साधुलाई भनिन्- महाराज, यत्ति कुरा त हजुरले हिजै बताउन सक्नुहुन्थ्यो नि, होइन ?

साधुले भने- हिजो तपाईं आफ्ना छोरालाई लिएर आउँदा म भोजन गरिरहेको थिएँ। त्यतिखेर मेरो कचौरामा सक्खर थियो। यस्तोमा मैले सक्खर नखान सल्लाह दिएको भए उसले आफूचाहिँ सक्खर खान्छ, मलाई चाहिँ नखा भन्छ भनेर त्यसलाई व्यवहारमा अपनाउने थिएन। त्यसैले, मैले तपाईंलाई यसरी दुःख दिनुपरेको हो। साधुको यो भनाइ सुनेपछि महिला खुसी हुँदै उनलाई धन्यवाद दिएर घर फर्किइन्।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

गुरुहरूको समस्या समाधान गर

विगतमा सरकार र गुरुहरू दुवै पक्षबिच भएको सहमति र सम्झौता कार्यान्वयन संविधानसँग पनि जोडिएको देखिन्छ। यसको समाधान गर्न दुवै पक्षको समझदारीसाथ ढिलासुस्ती नगरी अघि बढ्नु जरुरी देखिन्छ। सम्बन्धित निकायका सरोकारवालाले अविलम्ब समाधानको व्यवस्था मिलाउन के ले छेकेको छ र ? गुरुहरूको समस्या भनेको प्रकारान्तरले विद्यार्थी र अभिभावकको पनि समस्या हो। यसलाई जतिसक्दो छिटो समाधान गरी गुरुहरूलाई काममा फर्काउन ढिलो गर्नुहुँदैन। यसतर्फ सरकारको अविलम्ब ध्यान जाओस्। गुरुहरूले राखेकामध्ये कतिपय माग पूरा गर्न नसकिने या नमिल्ने खालका छन् भने आन्दोलनरत शिक्षकलाई प्रस्ट भनिदिनुपर्छ। अन्यथा, पूरा गर्न सकिने मागलाई झुलाएर राख्न पाइँदैन।

● **बलराम थापा**, क्षेत्रपाटी, काठमाडौँ
2213ncw@gmail.com

महानगरलाई सुझाव

काठमाडौँ महानगरले बालाजुको माछापोखरीदेखि बाइपाससम्मको सडकमा बिहानैदेखि लाग्ने तरकारी बजार हटाएर निकै राम्रो काम गरेको छ। त्यहाँको सडकमा तरकारी बजार राख्दा सो सडकखण्ड हुँदै यात्रा गर्न निकै कठिन हुने गरेको थियो। पछिल्ला केही दिनदेखि तरकारी बजार हटाइएको हुनाले त्यहाँ यात्रा गर्न केही हदसम्म सहज भएको छ। तर, तरकारी बजार हटाउनासाथ बिहानैदेखि सडक किनारामा सवारीसाधन पार्किङ गर्न थालिएको छ। त्यसैले, यो पार्किङ पनि तत्काल हटाउनुपर्‍यो।

● **वन्दना तामाङ**
माछापोखरी, काठमाडौँ

सरकार, यो के पारा हो ?

कुनै चेलीले आफूमाथि बलात्कार भयो भन्छिन् भने प्रहरीले तत्काल आरोपीलाई पक्राउ गरी छानबिन सुरु गर्नुपर्छ। साथै, आरोपीलाई प्रहरीसामु बुझाउन र पीडितलाई सुरक्षाको प्रत्याभूति गराउन समाजका अगुवा पनि लाग्नुपर्छ। तर, हाम्रो समाजमा प्रायः बलात्कारका घटनामा पीडक छाती फुलाएर समाजमा ससम्मान हिँडिरहेको हुन्छ भने पीडितचाहिँ मुख छोपेर, परिचय बदलेर या लुकेर बस्नुपर्ने अवस्था हुन्छ। सरकार र उसका निकायले पनि पीडकलाई नै साथ दिन्छन्। यो के पारा हो सरकार ?

● **अमृता विक**
चिप्लेढुंगा, पोखरा

शिक्षकका मागप्रति उदासीनता किन ?

यतिखेर सरकारलाई दिउँसै बती बालेर खोज्ने वेला आएको छ। सरकार भएको भए लामो समयदेखि चलिरहेको शिक्षक आन्दोलनप्रति किन बेवास्ता गर्दो हो र ? परीक्षाफल प्रकाशित गरेर नयाँ भर्ना अभियान चलाउनुपर्ने शिक्षक राजधानीका सडकमा आन्दोलन गरेर बसेको दुई साताभन्दा बढी समय लम्बिँदा पनि सरकार मौन छ, मानौँ उसलाई केही थाहै छैन। सरकारको जसरी भए पनि शिक्षकलाई गलाएर घर फर्काउने मनसाय छ जस्तो देखिन्छ।

सरकार, शिक्षकमाथि ज्यादती नगर, उनीहरूका पूरा हुन सक्ने माग सम्बोधन गर। हिजो परिवर्तन ल्याउन ती शिक्षकले दिएको बलिदान सरकारले भुल्न मिल्दैन। नेपाल शिक्षक महासंघले नयाँ वर्षको दिनमा समेत आन्दोलनलाई निरन्तरता दियो। शिक्षकहरू रहरले आन्दोलनमा आएका होइनन्, यसबारे सरकारले किन सोच्दैन ? शिक्षक आन्दोलन गर्ने, सरकार नसुन्ने, त्यसको चेपुवामा विद्यार्थी पर्ने, कहिलेसम्म ? शिक्षक आन्दोलनका कारण ७० लाख विद्यार्थीको भविष्य आन्योलपूर्ण भइरहेको छ। सरकारले नसुने पनि सरकारमा सामेल अर्को दल कांग्रेसले त सरकारलाई शिक्षकका मागप्रति दबाब दिन सक्थ्यो नि ! शिक्षकको मागप्रति कांग्रेस किन मौन छ, थाहा भएन। तसर्थ, यथाशीघ्र शिक्षकको माग सम्बोधन गरेर तिनलाई विद्यालय फर्काउने वातावरण बनाऊ सरकार। विद्यार्थीको भविष्यमाथि खेलबाड नगर। कम्तीमा ग्रामीण भेगमा पढाउने शिक्षक र त्यहाँ पढ्ने विद्यार्थीबारे त सोच।

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौँ
ghimirepuru@gmail.com

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

बस्तरमा लोकतन्त्रको मौन संहार

भारतमा राज्यद्वारा गरिने हिंसा बहसको विषय बन्दैन, बरु यसलाई स्वाभाविक प्रतिक्रिया मानिन्छ



देश/विदेश

● सरोज गिरी

बस्तरमा हत्या भइरहेको छ तर भारतको संसद् मौन छ। मृतकको संख्या बढिरहेको छ। तर, यस विषयमा न सत्तारुढ दलले बोलेको छ, न त विपक्षले नै। गृहमन्त्री अमित शाह हिंसालाई समर्थन गर्छन् नै, तर भिन्न मत राख्ने राहुल गान्धी, महुआ मोइत्रा, असदुद्दिन ओवैसीजस्ता सबै नेता चुप छन्। संसद्मा आदिवासी प्रतिनिधि पनि छन्, तर ती पनि मौन छन्। यो हिंसालाई 'संरचनागत आवश्यकता' हो भनेजसरी स्विकारिएको छ। मिडियाले पनि यसलाई प्राकृतिक प्रकोपझैँ देखाउँछ र विनाश अपरिहार्य हो भन्ने सन्देश दिन्छ। संसद्को निष्क्रियता र नेताको मौनताले राज्य हिंसालाई वैधता दिएको छ। प्रश्न उठ्छ, कसरी यस्तो अदृश्य सहमति सम्भव भयो ? के यही हो भारतको लोकतन्त्रको सीमारेखा ? अब नागरिक समाजले अगाडि आउनैपर्छ। जनप्रतिनिधिलाई जिम्मेवार बनाउने, नैतिक दबाब सिर्जना गर्ने र लोकतान्त्रिक मूल्यको पक्षमा बोल्ने समय यही हो।

वास्तवमा पार्टीबिचको भिन्नता जति देखिए पनि बस्तर हिंसामा भने सबै सहमत छन्। 'संवैधानिक नैतिकता' भन्ने नारालाई विपक्षीले बारम्बार उद्धृत गरे पनि यथार्थमा त्यो खोक्रो देखिन्छ। सबैभन्दा पहिले बुझ्नुपर्ने के छ भने भारतको राजनीतिक वर्गले एक साझा 'शत्रु' पहिचान गरेको छ र त्यसलाई नष्ट गर्न उनीहरू एकताबद्ध छन्। भाजपा र विपक्षी दलको झगडा जति भए पनि यो साझा भयले उनीहरूलाई जोडेको छ। मनमोहन सिंहले माओवादीलाई सबैभन्दा ठुलो आन्तरिक सुरक्षा खतरा भनेका थिए र अमित शाहले सिंहको अभिव्यक्तिलाई कार्यान्वयन गरिरहेका छन्। माओवादी प्रतिरोधका नाममा स्थानीय जनताको कत्लेआम गर्ने गैरन्यायिक हतियारधारी सल्वा जुडुम यसैका निरन्तरता हुन्।

यस मुद्दामा शाह र चिदम्बरम् राष्ट्रिय स्वयंसेवक संघ र कांग्रेस एउटै पंक्तिमा उभिन्छन्। जब विषय राज्यद्वारा गरिएको हिंसाको हुन्छ, तब धर्मनिरपेक्षता र साम्प्रदायिकता एकैजस्तो देखिन्छ। यहाँ गणतन्त्रको नैतिक आधार चरम संकटमा पर्ने गर्छ। त्यसैले संसद् यी र यस्ता गम्भीर नैतिक अन्धकारतिर हेर्न डराउँछ, अर्थात् पाखण्ड स्वतन्त्र रूपमा दौडन्छ। जस्तोसुकै ढंगले भए पनि हिंसा जारी राख्नुपर्छ भन्ने एक मौन सहमति देखिन्छ। संसद्ले यसबारे साँधेको मौनता स्पष्ट छ।

प्रश्न उठ्छ, न्यायपालिका के गर्दै छ ?

बस्तरमा सर्वोच्च अदालतका फैसला पनि कार्यान्वयन हुँदैनन्। सम्भवतः फैसला कार्यान्वयन नै नहुने भएकाले अदालतले प्रगतिशील फैसला दिन्छ, अर्थात् अदालतलाई पनि केही हुनेवाला छैन भन्ने थाहा छ। कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका तीनै अंग यो मामिलामा एउटै पंक्तिमा छन्। 'शक्ति पृथकीकरण'को केवल सैद्धान्तिक विषय मात्रै रह्यो।

बस्तर हत्याका कुनै कागजी प्रमाण हुँदैनन्, अर्थात् कुनै लिखित आदेश, परिपत्र वा संसद्मा छलफल हुँदैन। गृहमन्त्रीले आक्रामक अभिव्यक्ति दिइरहँदा पनि सरकारी अभिलेखमा केही भेटिँदैन। ठिक त्यसैगरी कांग्रेस नेतृत्वको युपिए सरकारले औपचारिक घोषणा नगरी 'अप्रेसन ग्रिन हन्ट' चलायो। यसअघि इन्दिरा गान्धीले सन् १९७१ मा लागू गरेको 'अप्रेसन स्टिपलचेज' पनि शब्दविहीन र दस्ताबेजविहीन नै थियो। यी सबै विडम्बनापूर्ण छन्, किनभने सन् २००२ को गुजरात दंगा, सन् १९८४ को शिखविरोधी हिंसा वा नेल्ली हत्याकाण्डमा राज्यको संलग्नता प्रमाणित गर्ने कागजी प्रमाण खोज्ने होड नै चलाइएको थियो।


तस्बिर : पिटिआई

ती घटनामा राजनीतिक दलहरू एक-अर्काको संलग्नता उजागर गर्न इच्छुक थिए। तर, बस्तरको सन्दर्भमा सबैले मिलेर प्रमाण लुकाउने सहमति गरेको देखिन्छ। यसबाट भारतको राजनीतिक वर्गबिचको गहिरो अन्तरदृष्टिगत सहमति प्रकट हुन्छ।

भारतमा राज्यद्वारा गरिने हिंसा बहसको विषय बन्दैन, बरु यसलाई स्वाभाविक प्रतिक्रिया मानिन्छ। संसद्, अदालत वा नेतृत्वले यसबारे सोच्न जरुरी ठान्दैनन्। गणतन्त्रले कुनै निश्चित 'शत्रु' देखेपछि स्वचालित रूपमा हिंसात्मक हुन्छ। बस्तरका हत्याहरूले यही देखाउँछन्। यो हिंसा संविधानका आदर्शलाई दबाउँदै अगाडि बढ्छ, जसले लोकतन्त्र, धर्मनिरपेक्षता र समाजवादलाई संकटमा पार्छ। यो सबै एउटा अदृश्य साझा भयद्वारा सञ्चालित हुन्छ, जसले भारतका विभिन्न विरोधाभाषी शक्तिलाई पनि एकजुट बनाएको छ। सन् १९७३ को केशवानन्द भारती फैसलामार्फत पुँजीपति वर्गको एकता र व्यक्तिगत स्वतन्त्रताका नाममा सम्पत्तिको अधिकारलाई 'संविधानको आधारभूत संरचना'का रूपमा संस्थागत गरिएको थियो। यही सामञ्जस्यले आजको संस्थागत हिंसालाई वैधानिकता दिन्छ।

भारतको लोकतन्त्रलाई आज सताइरहेको डर नयाँ होइन। यसको जरा भारतीय उदारवादको प्रारम्भमै देखिन्छ। उदाहरणका लागि सन् १९२० को पेसावर र सन् १९२९ मेरठ षड्यन्त्र काण्डमा देख्न सकिन्छ। इतिहासकार अली रजाका अनुसार मेरठ काण्डकै क्रममा 'आधिकारिक साम्यवाद'को जन्म भयो, जुन पछि भारतीय उदार संरचनाभित्र समाहित भयो। यसले एउटा गम्भीर प्रश्न उठाउँछ- के भारतीय लोकतन्त्र एक गहिरो असत्यमा आधारित छ ? भारतको लोकतन्त्र आफ्नो अन्धकारतर्फ हेर्न डराउँछ। नित्सेले भनेझैँ जब तपाईं अन्धकारतर्फ हेर्नुहुन्छ, अन्धकार पनि तपाईंलाई फर्केर हेर्छ। यही डरले मौनता र अस्वीकारलाई जन्माउँछ र यो नैतिक एवं राजनीतिक शून्यताको प्रतिबिम्ब हो। भारतीय लोकतन्त्रमा कानुन निलम्बित हुन्छ र अपवाद नै नियमित बन्छ। यसर्थ, असंवैधानिकता भारतमा कुनै विशेष संकटकाल होइन, यो त लोकतन्त्रकै सामान्य, दिनचर्याजस्तै प्रक्रिया हो, जुन संविधानको नाममा सञ्चालन हुन्छ।

(गिरी दिल्ली विश्वविद्यालयमा राजनीतिशास्त्र अध्यापन गर्छन्)

द वायरबाट

दोस्रो विभाजनको जोखिममा सुडान

अप्रिल १५ मा सुडान गृहयुद्धले आफ्नो दोस्रो वर्ष प्रवेश गर्दा यो असहाय देश जटिलता र विभाजनतर्फ अग्रसर भएको देखिन्छ। सात देश र रणनीतिक लालसागरको सिमानामा रहेको तथा क्षेत्रफलका हिसाबले अफ्रिकाको तेस्रो ठुलो देश सुडानमा बढ्दो हिंसाले राजनीतिक रूपमा कमजोर 'हर्न अफ अफ्रिका'का लागि दूरगामी परिणाम निम्त्याउनेछ।

देशको अवस्था यसअघि नै भयावह भईसकेको थियो। एक महिनाअघि संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्लाई दिएको बयानमा युनिसेफका प्रमुखले खुलासा गरे कि सुडान द्वन्द्व विश्वको सबैभन्दा गम्भीर मानवीय आपत् कालमा परिणत भएको छ, जसले सुडानको जनसंख्याको दुईतिहाइ अर्थात् तीन करोड मानिसलाई असर गरेको छ। एक करोड ४० लाखभन्दा बढी (जनसंख्याको एकचौथाइ) विस्थापित भएका छन्। लगभग ३५ लाख सुडानी छिमेकी देशमा शरण लिन बाध्य छन्। हताहतको संख्या कम्तिमा २० हजार पुगेको छ। यद्यपि, द्वन्द्वले निम्त्याएको हिंसा र क्रूरतालाई ख्याल गर्दा मारिनेको वास्तविक संख्या धेरै गुणा बढी हुन सक्छ। आर्थिक हिसाबले द्वन्द्वका कारण १५ अर्ब डलर क्षति भएको प्रक्षेपण छ। २०२५ मा राष्ट्रिय जिडिपी ४८ प्रतिशतले घट्ने अपेक्षा गरिएको छ।



● महेश सचदेव

लेखक सेवानिवृत्त भारतीय राजदूत हुन्। उनी हाल दिल्लीस्थित परामर्शदाता इको-डिप्लोमेसी एन्ड स्ट्राटेजिजका प्रमुख हुन्।)

बारम्बार युद्धको चपेटामा

विशाल र बहुजातीय मुलुक सुडान कुशासन र गृहयुद्धका लागि अपरिचित देश होइन। सन् १९५६ मा स्वतन्त्र भएदेखि देशमा १५ वटा सैन्य विद्रोह र दुई गृहयुद्ध भए। १५ लाखले ती द्वन्द्वमा ज्यान गुमाए। सन् २०११ मा दक्षिण सुडान यसबाट अलग भएको थियो। विगत दुई दशकदेखि पश्चिमी क्षेत्र डार्फरमा कुख्यात जनजाविद लडाकु समूहले स्थानीय गैरअरब मुस्लिमविरुद्ध दमन मच्चाइरहेको छ। जसमा दुई लाखभन्दा बढी मानिस मारिएका छन्। २० लाख विस्थापित भएका छन्।

वर्तमान संकटको उत्पत्ति तानाशाह ओमर हसन अल-बसिरको ३० वर्षको निरंकुशतामा निहित छ। महिनौंको विरोधपछि अप्रिल २०१९ मा एक सैन्य विद्रोहमा अल-बसिरलाई पदच्युत गरिएको थियो। संक्रमणकालीन सैन्य परिषद्ले संयुक्त सैन्य-नागरिक सार्वभौमिकता परिषद् गठन गर्न र नयाँ संविधानको मस्यौदा तयार गर्न नागरिक समूहहरूसँग एक सम्झौतामा हस्ताक्षर गऱ्यो। यद्यपि, यो नागरिक-सैन्य सहकार्य गठबन्धन लामो समय टिक्न सकेन। अक्टोबर २०२१ मा भएको सैन्य विद्रोहले सुडान सशस्त्र बल (एसएएफ) का प्रमुख जनरल अब्देल फताह अल-बुरहानलाई राज्य प्रमुखको रूपमा स्थापित गऱ्यो। पूर्ण नागरिक शासन र अन्तर्राष्ट्रिय दबाबको माग गर्दै सडक प्रदर्शन भयो। तर त्यसले आशातीत परिणाम ल्याउन सकेन। यसका साथसाथै, जनरल मोहम्मद हमदान दगालोको नेतृत्वमा रहेको अर्धसैनिक मिलिसिया 'र्‍यापिड सपोर्ट फोर्स (आरएसएफ)' ले डिसेम्बर २०२२ को मस्यौदा ढाँचालाई अस्वीकार गऱ्यो। सन् २०२३ को अप्रिल १५ मा अनुमानित तीन लाख एसएएफ र आरएसएफबिच सशस्त्र द्वन्द्व सुरु भयो, जसमा लगभग एक लाख हतियारधारी लडाकु थिए। वैचारिक र जातीय पासोमुनि युद्धका दुई समूहका आआफ्नै महत्त्वाकांक्षा छन्।

शक्ति राष्ट्रबिच प्रभावका लागि द्वन्द्व

सुडानमा भएको तितो र रक्तपातपूर्ण गृहयुद्ध रोक्न जेद्दा, दोहा, जेनेभा र अन्यत्र शान्ति स्थापनाका धेरै प्रयास भईसकेका। तर तिनले कुनै परिणाम ल्याउन सकेको छैन। छोटो अवधिका लागि आह्वान गरिएको युद्धविराम पनि कार्यान्वयन हुन सकेन। सुरुका केही महिनासम्म विदेशी संलग्नता कम थियो। तर, पछिल्ला केही महिनामा सुडानी सशस्त्र बल अर्थात् एसएएफले प्रभुत्व जमाएको देखिन्छ। यसले हालै केन्द्र र छेउछाउका दक्षिणी क्षेत्रमा आरएसएफविरुद्ध धेरै सफलता हासिल गरेको छ। यसले राष्ट्रिय राजधानी खार्तुमदेखि ओमदुरमानको अधिकांश भूभाग कब्जामा लिएको छ। रणनीतिक रूपमा महत्त्वपूर्ण क्रस-रोड र देशको रोटीको टोकरी भनिने अलगजिरा प्रान्तको राजधानी वादी अल-मदानी पनि सेनाको नियन्त्रणमा गएको छ। यद्यपि, आरएसएफले अझै पनि पश्चिममा डार्फरको विशाल क्षेत्र नियन्त्रण गरेको छ, दक्षिण सुडानको सिमानामा रहेको पश्चिम कोर्डोफान प्रान्तमा पनि यसको पकड छ। दक्षिण सुडान दशकौंको गृहयुद्धपछि २०११ मा छुट्टै देशको रूपमा हस्तान्तरण गरिएको थियो। सुडानका अन्य धेरै क्षेत्र या त विवादमा छन्, या स्वतन्त्र आदिवासी लडाकु समूहको नियन्त्रणमा छन्।



सैन्य अवस्था र भूराजनीतिक पंक्तिबद्धताले देशलाई वास्तविक विभाजनको पूर्वानुमान गर्छ। फेब्रुअरीको अन्त्यमा आरएसएफ र यसका सहयोगीले 'नयाँ सुडान'को बेग्लै सरकारको 'संस्थापक बडापत्र' मा हस्ताक्षर गरे, जुन विद्यमान सेनाको नेतृत्वमा रहेको सरकारबाट वैधता खोस्न र उन्नत हतियार आयातलाई सहज बनाउन डिजाइन गरिएको थियो। यद्यपि, आरएसएफ र यसका सहयोगीले आगामी दिनमा सरकार गठन हुने बताएका छन्, तर कसले नेतृत्व गर्ने भन्नेबारे अझै स्पष्ट छैन। एसएएफ नेतृत्वको जुन्टाले यी कदमको विरोध गरेको छ। मार्च १३ मा सुडानी विदेशमन्त्रीले पुनर्निर्माणमा केन्द्रित हुँदै संक्रमणकालीन अवधिमा देशको नेतृत्व गर्न प्राविधिक सरकार गठन गर्ने उद्देश्यले समावेशी राजनीतिक प्रक्रिया सुरु गर्न परामर्श सुरु भएको दाबी गरे। भनिरहन आवश्यक छैन कि यी दुवै युद्धरत गुटहरूले सुडानको पक्षमा बोल्ने बहाना मात्र गर्छन्, तर कुनै ठोस कार्य गर्दैनन्।

किन खतरनाक हुन सक्छ विभाजन ?

अन्तर्राष्ट्रिय समुदायले सुडानी गृहयुद्धलाई सावधानीपूर्वक हेरिरहेको छ। मार्च ५ मा एक विज्ञप्तिमा संयुक्त राष्ट्र संघको सुरक्षा परिषद्ले 'संस्थापक बडापत्र'माथि 'गम्भीर चिन्ता' व्यक्त गरेको थियो, बडापत्रले 'पहिले नै भयानक मानवीय अवस्थालाई अझ खराब बनाउन सक्छ,' राष्ट्र संघले भनेको छ। मार्च १२ मा अफ्रिकी संघले एक चेतावनी जारी गर्दै भनेको छ कि आरएसएफले समानान्तर सरकार गठन गर्ने प्रयासले 'देशमा विभाजनको ठुलो जोखिम' निम्त्याउनेछ। संघले आफ्ना सबै सदस्य राष्ट्रका साथै अन्तर्राष्ट्रिय समुदायलाई 'सुडान गणतन्त्र वा यसका संस्थालाई विभाजन गर्ने उद्देश्यले कुनै पनि सरकार वा समानान्तर संस्थालाई मान्यता नदिन' आग्रह गऱ्यो। त्यस्तै, इयुले 'सुडानको एकता र क्षेत्रीय अखण्डता'प्रति आफ्नो प्रतिबद्धता दोहोऱ्यायो। सुडानको लिबिया, चाड, मध्य अफ्रिकी गणराज्य र दक्षिण सुडानजस्ता अस्थिर राज्यसँग सीमाना जोडिएको छ, जुन सबैमा विखण्डनको माग उठिरहेको छ।

सरोकारवालाहरू सुडानको पुनः विभाजनविरुद्ध छन्, तर व्यापक अन्तर्राष्ट्रिय दबाबको अवभा छ। सुडानी गृहयुद्ध अन्तर्राष्ट्रिय समुदायको प्राथमिकता सूचीमा छैन। एसएएफ नेतृत्वलाई इजिप्ट, टर्की र इरानले सैन्य रूपमा समर्थन गरेको छ। अर्कोतर्फ, युएईले आरएसएफलाई सैन्य सहयोग प्रदान गरेको विश्वास गरिन्छ, यद्यपि अबुधाबी यसलाई अस्वीकार गर्छ। दक्षिण सुडान र इथियोपियामा पुनः सुरु भएको गृहयुद्ध र पूर्वी कंगोको अस्थिरताको पनि सुडानमा असर पर्ने सम्भावना छ।

- एनडिटिभीबाट

इतिहासमा आज

अप्रिल १७



सन् १९६१ : १४ सय क्युबाली आप्रवासी अमेरिकाबाट क्युबाको दक्षिणी तट 'बे अफ पिग्स'मा अवतरण गरे। अमेरिकी गुप्तचर निकाय सिआइएको सहयोग लिएर क्यास्ट्रो शासन अपदस्थ गर्ने लक्ष्य राखेको सो समूह क्यास्ट्रोको फौजसँग सहजै पराजित भयो।

सन् १४९२ : इटालेली नागरिक क्रिस्टोफर कोलम्बसले स्पेन्डिज (एसिया)' जाने नयाँ मार्ग पत्ता लगाउने वाचा गर्ने सम्बन्धमा एक सम्झौतामा हस्ताक्षर गरे। सम्झौतामा स्पेनले कोलम्बसले यात्रा खर्च व्यहोर्ने र कोलम्बसले भेटेको कुल खजानाको १० प्रतिशत पाउने विषय उल्लेख थियो।

सन् १८९५ : सिमोनोसेकी सम्झौतासँगै पहिलो जापान-चीन (१८९४-१८९५) युद्ध अन्त्य भयो। सम्झौतामा कुनै समय क्षेत्रीय शक्ति मानिने मिङ वंशले उदाउँदो चीनसँग अपमानजक हार स्वीकार गरेको थियो।

सन् १९१७ : भ्लादिमिर लेनिनले सोभियतहरूले सबै शक्ति आफ्नो हातमा लिनुपर्ने विचार राखेको अप्रिल थेसिस जारी गरे, जसलाई रुसी अक्टोबर क्रान्तिको प्रस्थान बिन्दु मानिन्छ।

सन् १९७५ : कम्बोडियामा खमेर रुज कम्युनिस्ट विद्रोहीले राजधानी न्हेम पेन कब्जा गरेसँगै देशमा गृहयुद्ध अन्त्य भयो भने कठोर शासन सुरु भयो।

विश्व संक्षेप

युरेनियम प्रशोधनको विषयमा कुनै सम्झौता नहुने इरानको अडान

तेहरान/ इरानका परराष्ट्रमन्त्री अब्बास अराघचीले 'युरेनियम प्रशोधन इरानको अधिकार भएको र यसबारे कुनै सम्झौता नहुने' बताएका छन्। अमेरिकाका विशेष दूत स्टिव विटकोफले इरानलाई युरेनियम प्रशोधन पूर्ण रूपमा बन्द गर्न आह्वान गरेपछि इरानी अधिकारीको यस्तो टिप्पणी आएको हो। 'इरान शान्तिपूर्ण प्रयोजनका लागि युरेनियम प्रशोधन गर्दै आएको छ। यदि कसैलाई चिन्ता छ भने विश्वास निर्माणका उपायमा छलफल गर्न सकिन्छ। तर, प्रशोधन रोक्ने माग स्वीकार्य छैन,' अराघचीले भने। इरान र अमेरिकाबीच गत साता ओमानमा उच्चस्तरीय वार्ता भएको थियो। वार्ताको पूर्वसन्ध्यामा सन् २०१५ को आणविक सम्झौतामा फर्कनुपर्ने पक्षमा रहेका विटकोफ अहिले इरानले प्रशोधन बन्द गर्नुपर्ने नयाँ सर्त लिएर आएका छन्। दोस्रो चरणको वार्ता आउँदो शनिबार फेरि मस्कटमा हुने तय भएको छ। अराघचीले अमेरिकाबाट विरोधाभाषी सन्देशहरू आइरहेका कारण स्पष्ट धारणा बुझ्न वार्ताकै पर्खाई गरिएको टिप्पणी दिए।

वार्ताको तयारीस्वरूप अराघची बिहीबार रुस जाँदै छन्। तेहरानस्थित रुसी दूतावासका अनुसार यो भ्रमण पहिलेदेखि तय भए पनि अमेरिकासँगको वार्तासम्बन्धी छलफल हुनेछ। इरानले वार्तामा सम्झौता नहुने विषय युरेनियम प्रशोधन, सैन्य क्षमता, क्षेप्यास्त्र कार्यक्रम र क्षेत्रीय भूमिका समावेश रहेको बताएको छ।

गाजामा मानवीय सहायता प्रवेश गर्न नदिइने इजरायली रक्षामन्त्रीको घोषणा

तेल अभिभ/ इजरायलले गाजापट्टीमा २४ लाख प्यालेस्टिनीका लागि अन्तर्राष्ट्रिय सहायता सामग्रीको प्रवेशलाई कडाइका साथ नियन्त्रण गरिरहेको छ। यो प्रतिबन्ध अझै जारी रहने इजरायलका रक्षामन्त्री इजरायल काट्जले बताएका छन्। 'इजरायलको नीति स्पष्ट छ- कुनै पनि मानवीय सहायता गाजामा प्रवेश गर्न दिइनेछैन। हमासमाथि दबाब सिर्जना गर्ने माध्यममध्ये एक यो पनि हो,' काट्जले एक विज्ञप्ति जारी गर्दै भने। इजरायलले मार्च २ देखि सहायताको प्रवेशमा राक लगाइरहेको छ। संयुक्त राष्ट्र संघले सोमबार गाजाले सन् २०२३ अक्टोबरमा युद्ध सुरु भएपछिको सबैभन्दा गम्भीर मानवीय संकटको सामना गरिरहेको चेतावनी दिएको छ।

'गाजाको अहिलेको मानवीय स्थिति सम्भवतः युद्धको पछिल्लो १८ महिनायताको सबैभन्दा खराब छ,' संयुक्त राष्ट्र संघको मानवीय मामिला समन्वय कार्यालय (ओसिएचए) ले भनेको छ। एक विज्ञप्तिमा ओसिएचएले डेढ महिनादेखि गाजामा कुनै आपूर्ति नपुगेको र चिकित्सा आपूर्ति, इन्धन, पानी र अन्य आवश्यक वस्तुको अभाव रहेको बताएको छ। जनवरी १९ मा लागू भएको युद्धविराम सम्झौता दुई महिनापछि टुटेपछि इजरायलले प्यालेस्टिनी क्षेत्रमा आक्रमण तीव्र बनाएको छ।

भविष्यका महामारीको सामना गर्ने सम्झौता : डब्लुएचओ

जेनेभा/ विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) सदस्य मुलुकहरू कोभिड-१९ को समयमा गरिएका गल्ती नदोहोऱ्याई भविष्यका महामारीसँग जुध्ने उद्देश्यमा ऐतिहासिक सम्झौतामा सहमत भएका छन्। संगठनको मुख्यालयमा यस विषयमा तीन वर्षदेखि वार्ता चलिरहेको थियो। अन्ततः बुधबार वार्ता प्रतिनिधिले सम्झौता प्रमाणित गरे। 'यो सुरक्षित संसारतर्फको साझा यात्रा'को महत्त्वपूर्ण कोसेढुंगा हो,' डब्लुएचओका प्रमुख टेड्रोस एड्हानोम गेब्रेयससले बताए। कोभिड-१९ ले लाखौं मानिसको ज्यान लिनुका साथै अर्थतन्त्रलाई ध्वस्त पारेको पाँच वर्षपछि, एच-५एन-१, बर्ड फ्लुदेखि एमपोक्स र इबोलासम्मका सम्भावित स्वास्थ्य खतराबारे छलफल भएका थिए। सम्झौताको मूल उद्देश्य रोगविरुद्ध औषधि कम्पनीसँग द्रुत साझेदारी सहज बनाउनु र महामारीविरुद्धको संघर्ष सहज पार्नु हो। सम्झौताको मस्यौदामा विश्वभरका देशले भविष्यको महामारीको खतरा रोक्न र सुरक्षा गर्न आफ्नो साझा प्रतिबद्धता जाहेर गरेका छन्।

कुमारी बैक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीहरूलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८२/०१/०४ गते नयाँपत्रिका दैनिक)

यस कुमारी बैक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैकलाई समय-समयमा तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज लगायतका रकम चुक्ता-भुक्तान गर्न पटक-पटक मौखिक एवं लिखित रुपमा सूचित गरी तर-ताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणीहरुलाई ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (**पैतीस**) दिनभित्र यस बैंकको शाखा कार्यालयमा सम्पर्क गरी उपभोग गरिरहेको ऋणकर्जाको साँवा, ब्याज लगायतका बैकलाई तिर्नु/बुझाउनुपर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन, कानून, राष्ट्र बैंकबाट जारी निर्देशनहरु एवं यस बैंक कर्जा असुली विनियमावली बमोजिम धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रि वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षलाई **कर्जा सूचना केन्द्रको कालोसूचि**मा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचना मार्फत अवगत गराउँदै, ऋणकर्जा चुक्ता भुक्तान गर्न/गराउनुहुन सम्बन्धित सबै पक्षलाई यसै सूचना मार्फत जानकारी समेत गराउँदछौं । **उल्लेखित ऋणकर्जाको लागि सुरक्षण बापत रहेको धितोबाट बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन, २०७३ तथा अन्य प्रचलित नियम, कानून तथा कर्जा सम्झौता अनुसार ऋणी, संचालक तथा जमानीकर्ताहरुको अन्य चल/अचल जायजेथा तथा श्रीसम्पत्तिहरुबाट बैंकको बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा समेत ऋणी, जमानतकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सुचित गरीन्छ ।**

तपसिल

सहिदचोक शाखा

१. ऋणीको विवरण	धितो सुरक्षणको विवरण
पशुपति के सी ना.प्र.नं.- ३९४२, जारी मिति - २०४४/११/११, जि.प्र.का. चितवन बाबु - कुमार सिंह के सी बाजे - सु सोभितमान के.सी. स्थायी ठेगाना- चितवन जिल्ला, जुटपानि गा.वि.स., वडा नं. ०५ हालको ठेगाना- चितवन जिल्ला, कालिका न.पा., वडा नं. ०६	१. **पशुपति के सी.**को नाममा मालपोत कार्यालय, चितवनमा दर्ता कायम रहेको चितवन जिल्ला, कालिका न.पा. वडा नं. ६ (साबिक जुटपानी गा.वि.स. वडा नं.५ क) स्थित कित्ता नं. १६९५ को क्षे.फ. ४५५४.२९ (व.मी) जग्गा तथा सम्पुर्ण लिगलगापातहरु समेत

व्यक्तिगत जमानीकर्ताहरूको विवरण

१. **अञ्जली बिष्ट**
ना.प्र.नं.- ३०७६३,
जारी मिति - २०४४/०५/१०, जि.प्र.का. ललितपुर
बाबु - पदम राज बिष्ट
बाजे - कृष्ण बहादुर बिष्ट
पति -पशुपति के सी
स्थायी ठेगाना- ललितपुर जिल्ला, ललितपुर म.न.पा., वडा नं. ०२
हालको ठेगाना- चितवन जिल्ला, कालिका न.पा., वडा नं. ०६

२. **आभुषण के.सी.**
ना.प्र.नं.-३५-०१-७८-१२००४
जारी मिति - २०७८/१०/२६, जि.प्र.का. चितवन
बाबु - पशुपति के सी
बाजे - कुमार सिंह के सी
स्थायी ठेगाना- चितवन जिल्ला, कालिका न.पा., वडा नं. ०६
हालको ठेगाना- ऐ.ऐ

३. **प्रभुषण के.सी**
ना.प्र.नं.- ३५-०१-७४-०८६२१,
जारी मिति - २०७४/०६/२७, जि.प्र.का. चितवन
बाबु - पशुपति के सी
बाजे - कुमार सिंह के सी
स्थायी ठेगाना- चितवन जिल्ला, कालिका न.पा., वडा नं. ०६
हालको ठेगाना- ऐ.ऐ

२. ऋणीको विवरण	धितो सुरक्षणको विवरण
नुमाया गुरूङ ना.प्र.नं.- १३१३६९, जारी मिति - २०६२/०४/३१, जि.प्र.का. गोरखा बाबु - देवन सिं गुरुङ बाजे - नर बहादुर गुरुङ स्थायी ठेगाना- गोरखा जिल्ला, छोप्राक गा.वि.स./उ.म.न.पा., वडा नं. ०४ हालको ठेगाना- चितवन जिल्ला, भरतपुर म.न.पा., वडा नं. ११	१. **नुमाया गुरूङ**को नाममा मालपोत कार्यालय, चितवनमा दर्ता कायम रहेको चितवन जिल्ला, भरतपुर गा.वि.स./न.पा. वडा नं. ०१ स्थित कित्ता नं. ४७७९ को क्षे.फ. ०-०-१३.५-० (वि.क.धु.क) जग्गा र सो जग्गामा निर्माण भएको घर तथा साको सम्पुर्ण लिगलगापातहरु समेत ।

व्यक्तिगत जमानीकर्ताहरूको विवरण

१. **हस्त बहादुर गुरूङ**
ना.प्र.नं.- १७२८/४४९६४
जारी मिति -२०५२/०१/२४, जि.प्र.का. गोरखा
बाबु - कुल बहादुर गुरुङ
बाजे - चन्द्र बहादुर गुरुङ
स्थायी ठेगाना- गोरखा जिल्ला, छोप्राक गा.वि.स./उ.म.न.पा., वडा नं. ०४
हालको ठेगाना- चितवन जिल्ला, भरतपुर, म.न.पा., वडा नं. ११

२. **युकेश गुरूङ**
ना.प्र.नं.- ४४-०१-७७-०३०४९,
जारी मिति - २०७७/०९/०२, जि.प्र.का. गोरखा
बाबु - हस्त बहादुर गुरुङ
बाजे - चन्द्र बहादुर गुरुङ
स्थायी ठेगाना- गोरखा जिल्ला, सिरानचोक गा.पा., वडा नं. ०५
हालको ठेगाना- चितवन जिल्ला, भरतपुर, म.न.पा., वडा नं. ११

३. ऋणीहरूको विवरण

क. नेपाल सरकार, प्रदेश सरकार, बागमती प्रदेश सरकार, उद्योग, पर्यटन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय भरतपुर, चितवनमा मिति २०७६/०१/०९ मा प्रा.फ.द.नं. ९०५/०७५/०७६ कायम भई दर्ता रहेको चितवन जिल्ला, माडी न.पा. वडा नं. ०४ स्थित रजिष्टर्ड कार्यालय रहेको **डि. के. एग्रो फर्म ।**
प्रोप्राइटर सुनिल कुमार महतो

ख. **शर्मिला महतो**
ना.प्र.नं.- ३५-०२-७८-००७७३
जारी मिति - २०७८/०८/१३, जि.प्र.का. चितवन
बाबु - डिल्लीराम महतो
बाजे - विरजवल महतो
स्थायी ठेगाना- चितवन जिल्ला, माडी न.पा. वडा नं. ४
हालको ठेगाना- ऐ.ऐ....१ र
डिल्लीराम महतो
ना.प्र.नं.- २२९
जारी मिति - २०४३/११/०१, जि.प्र.का. चितवन
बाबु - विरजवल महतो
बाजे - सोमन महतो
स्थायी ठेगाना- चितवन जिल्ला, बघौडा गा.वि.स/न.पा. वडा नं. ७,
हालको ठेगाना- चितवन जिल्ला, माडी न.पा. वडा नं. ०४...१ को संयुक्त नाममा

व्यक्तिगत जमानीकर्ताहरूको विवरण

१. **डिल्लीराम महतो**
ना.प्र.नं.- २२९
जारी मिति - २०४३/११/०१, जि.प्र.का. चितवन
बाबु - विरजवल महतो
बाजे - सोमन महतो
स्थायी ठेगाना- चितवन जिल्ला, बघौडा गा.वि.स/न.पा. वडा नं. ७,
हालको ठेगाना- चितवन जिल्ला, माडी न.पा. वडा नं. ०४

२. **शर्मिला महतो**
ना.प्र.नं.-३५-०२-७८-००७७३
जारी मिति - २०७८/०८/१३ जि.प्र.का. चितवन
बाबु - डिल्लीराम महतो
बाजे - विरजवल महतो
स्थायी ठेगाना- चितवन जिल्ला, माडी न.पा. वडा नं. ४,
हालको ठेगाना- ऐ.ऐ

३. **कुमारी महतो**
ना.प्र.नं.- ३५३०३५/६७२
जारी मिति - २०४३/११/०१, जि.प्र.का. चितवन
बाबु - देवु महतो
बाजे - गंगाधर महतो
स्थायी ठेगाना- चितवन जिल्ला, बघौडा गा.वि.स/न.पा. वडा नं. ७,
हालको ठेगाना- चितवन जिल्ला, माडी न.पा. वडा नं. ०४

४. **शुष्मा महतो**
ना.प्र.नं.- ३५१०२२/२२८२,
जारी मिति - २०७०/०३/१४, जि.प्र.का. चितवन
बाबु - सुरेन्द्र महतो
पति- सुनिल कुमार महतो
स्थायी ठेगाना- चितवन जिल्ला, गितानगर गा.वि.स/न.पा. वडा नं. ५,
हालको ठेगाना- चितवन जिल्ला, माडी न.पा. वडा नं. ०४

धितो सुरक्षणको विवरण

१. **डिल्लीराम महतो**को नाममा मालपोत कार्यालय माडी, चितवनमा दर्ता कायम रहेको चितवन जिल्ला, बघौडा गा.वि.स/न.पा वडा नं ७/७ ख, स्थित कित्ता नं १५८ क्षेत्रफल १-४-० (वि.क.धु) को जग्गा/घर तथा सोको सम्पुर्ण लिगलगापात समेत ।

२. ऋणी **डि. के. एग्रो फर्म**को सम्पूर्ण चल अचल श्रीसम्पत्ति तथा अन्य आसामीहरुसंग लेना रकम उपर उल्लेखित कर्जा रकम तथा सोवाट उत्पन्न दायित्वको हदसम्म धनि बैंकको हक रहने गरी धितो सुरक्षण लिखत वा हाईपोथिकेशन तमसुक ।

नयाँपाटी शाखा

१. ऋणीको विवरण	धितो सुरक्षणको विवरण
सुप्रिया तामाङ ना.प्र.नं.- २५३०४४/७६६ जारी मिति - २०६३/१०/१३, जि.प्र.का. नुवाकोट बाबु - सानु काजी तामाङ बाजे - जित बहादुर तामाङ स्थायी ठेगाना- नुवाकोट जिल्ला, कुमरी गा.वि.स/उ.म.न.पा, वडा नं. ०६ हालको ठेगाना- काठमाडौं जिल्ला, गोकर्णेश्वर न.पा., वडा नं. ०१	१. **सुप्रिया तामाङ र सुमित्रा तामाङ**को संयुक्त नाममा मालपोत कार्यलय नुवाकोटमा दर्ता कायम रहेको नुवाकोट जिल्ला कुमरी गा.वि.स./न.पा. वडा नं. ०७ स्थित कित्ता नं. २५१९ को क्षे.फ. ०–५–१–१ (रोपनी) को जग्गा तथा सोको सम्पूर्ण लिगलगापात समेत ।

व्यक्तिगत जमानीकर्ताको विवरण

१. **सुमित्रा तामाङ**
ना.प्र.नं.- २५०३६९/१३३
जारी मिति - २०६९/०७/१६, जि.प्र.का नुवाकोट
बाबु - सानु काजी तामाङ
बाजे - जित बहादुर तामाङ
स्थायी ठेगाना- नुवाकोट जिल्ला, कुमरी गा.वि.स/उ.म.न.पा, वडा नं. ०६
हालको ठेगाना- काठमाडौं जिल्ला, गोकर्णेश्वर न.पा., वडा नं. ०१

टांडी शाखा

१. ऋणीको विवरण	धितो सुरक्षणको विवरण
नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय भरतपुर चितवनमा मिति २०७२/११/२७ मा प्रा.फ.द.नं. ७७५/०७२/०७३ कायम भई दर्ता रहेको चितवन जिल्ला, रत्ननगर न.पा. वडा नं. ०२ स्थित रजिष्टर्ड कार्यालय रहेको **तुलसी इन्टरप्राइजेज ।** **प्रोप्राईटर - तुलजा श्रेष्ठ**	१. **सुर्य कुमार श्रेष्ठ**को नाममा मालपोत कार्यालय, भरतपुर, चितवनमा दर्ता कायम रहेका चितवन जिल्ला, रत्ननगर नगरपालिका वडा नं. २ (साबिक पंचकन्या गा.वि.स/न.पा वडा नं. ५।ग) स्थित कित्ता नं. १०९० को क्षे.फ. ०-०-९ (वि.क.धु.)जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत । २. ऋणी **तुलसी इन्टरप्राइजेज**को सम्पूर्ण चल अचल श्रीसम्पत्ति तथा अन्य आसामीहरुसंग लेना रकम उपर उल्लेखित कर्जा रकम तथा सोवाट उत्पन्न दायित्वको हदसम्म धनि बैंकको हक रहने गरी धितो सुरक्षण लिखत वा हाईपोथिकेशन तमसुक ।

व्यक्तिगत जमानीकर्ताहरूको विवरण

१. **तुलजा श्रेष्ठ**
ना.प्र.नं.- ५८७७४
जारी मिति - २०६३/०२/१५, जि.प्र.का. लमजुङ्ग
बाबु - राम बहादुर मल्ल
बाजे - भिम बहादुर मल्ल
पति - सुर्य कुमार श्रेष्ठ
स्थायी ठेगाना- लमजुङ्ग जिल्ला, कुन्छा गा.वि.स वडा नं. ०१,
हालको ठेगाना- चितवन जिल्ला, रत्ननगर नगरपालिका वडा नं.०२,

२. **सुर्य कुमार श्रेष्ठ**
ना.प्र.नं.- १२२२६
जारी मिति - २०४९/१०/०१, जि.प्र.का. लमजुङ्ग
बाबु - डिल नारायण श्रेष्ठ
बाजे - सिद्धीमान श्रेष्ठ
पत्नी - तुलजा श्रेष्ठ
स्थायी ठेगाना- लमजुङ्ग जिल्ला, कुन्छा गा.वि.स वडा नं. ०१,
हालको ठेगाना- चितवन जिल्ला, रत्ननगर नगरपालिका वडा नं.०२,

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

कर्जा असुली विभाग बागबजार, काठमाण्डौं फोन नं. ०१-५३४६९९१

अर्थ पत्रिका

नयाँ पत्रिका
बिहीबार ४ वैशाख ०८२

■ कोशीमा १८-१९ वैशाखमा लगानी सम्मेलन

लगानीकर्तालाई एक खर्ब ७० अर्बका परियोजना देखाउन ५४ योजना छनोट

पाँचतारे होटेल, रिसोर्ट, केबलकार निर्माण गर्नेदेखि कोदोको रक्सी ब्रान्डिङसम्मका योजना समावे

स्वदेशका सबै ठूला उद्योगी, विदेशी लगानीकर्ता र गैरआवासीय नेपालीलाई समेत सम्मेलनमा निमन्त्रणा

विराटनगरमा **गणेश लम्साल**

यसअघिको विवादलाई सल्टाएर सरकारी पहलमै कोशी प्रदेशमा १८ र १९ वैशाखमा लगानी सम्मेलन गर्ने निर्णय भएको छ।

यसअघि निजी क्षेत्रको अगुवाइमा ११ देखि १३ माघमा लगानी सम्मेलन आयोजना गर्ने तयारी थियो, तर विराटनगरका ठुला औद्योगिक घरानाबिच विवाद उत्पन्न भएपछि सरकारी हस्तक्षेपमा रोकिएको थियो। निजी क्षेत्रले विवाद निरूपण गरेर अगुवाइ गर्न नसकेपछि सरकारी पहलमै लगानी सम्मेलन गर्नेको निर्णय भएको कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतबहादुर कार्कीले जानकारी दिए। उनले यसपटक तय भएको मितिमै लगानी सम्मेलन हुने भएकाले तीव्र तयारी गर्न पनि निर्देशन दिए।

'१८ र १९ वैशाखका लागि तोकिएको सम्मेलन कुनै हालतमा पनि स्थगित हुँदैन। बरु भव्य रूपमा उद्घाटन हुनेछ' सम्मेलनको अध्यक्षसमेत रहेका कार्कीले भने, 'पहिलोपटक आयोजना हुन लागेको सम्मेलनलाई प्रदेशवासीले नै अपनत्व लिएर कार्यान्वयन गर्नुपर्छ।' सम्मेलनको प्रधानमन्त्री केपी ओलीले उद्घाटन गर्ने उनले जानकारी दिए।

विराटनगरमा आयोजना गर्न लागिएको सम्मेलनमा विभिन्न आठवटा क्षेत्रका एक खर्ब ७० अर्बबराबरका ५४ परियोजना सोकेसमा राखिने लगानी बोर्ड, कोशीका कार्यकारी निर्देशक सरोज कोइरालाले जानकारी दिए। कोइरालाले सम्पूर्ण तयारी पूरा गरेर सचिवालयसमेत गठन गरिसकेको जानकारी दिए।

लगानी सम्मेलन आयोजक समिति सचिवालयका संयोजक पवनकुमार तिमिल्सेनाले दुईदिने सम्मेलनमा कृषि, पर्यटन, पूर्वाधार, उद्योग, ऊर्जा, स्वास्थ्यलगायतका आठ क्षेत्रमा लगानी भित्र्याउने गरी योजना छनोट भएको जानकारी दिए।

कोशी प्रदेशका प्रवक्तासमेत रहेका आन्तरिक मामिला तथा कानुनमन्त्री रेवतीरमण भण्डारीले हालसालै संशोधन भएका आर्थिक ऐनबाट लगानीको वातावरण सिर्जना भएकाले सम्मेलनलाई फाइदा पुग्ने विश्वास व्यक्त गरे। 'लगानी भित्र्याउने वतावरण बनाउन नयाँ भूपउपयोग नीति पनि ल्याउँछौं र बाधा बनेका कानुन पनि चाँडै संशोधन प्रक्रियामा लैजानेछौं,' उनले भने।



पहिलोपटक आयोजना हुन लागेको कोशी लगानी सम्मेलनबारे जानकारी दिँदै मुख्यमन्त्री हिक्मतकुमार कार्कीलगायतका सरकारी अधिकारी।



लगानी सम्मेलन भव्य बनाउनु सबैको दायित्व हो

● **हिक्मतकुमार कार्की**, मुख्यमन्त्री, कोशी



वैशाख १८ र १९ मा आयोजना हुने लगानी सम्मेलन कुनै हालतमा पनि स्थगित हुँदैन। प्रधानमन्त्रीज्यूको मुख्य सहभागितामा सम्मेलन आयोजना हुनेछ। पहिलो पटक आयोजना हुन लागेको लगानी सम्मेलन सरकारको मात्रै नभएर सबै कोशी प्रदेशवासीको भएकाले भव्य रूपमा सफल बनाउनु सबैको दायित्व हो। लगानी सम्मेलनमा निजी क्षेत्रका मुख्य संस्थासमेत सहसंयोजक रहेका र एनआरएन तथा विदेशी लगानीकर्ताहरूलाई सहज रूपमा आकर्षित गर्न पनि निरन्तर संवाद भइरहेको छ। सम्मेलन सौहार्दपूर्ण वतावरणमा सम्पन्न हुने विश्वास छ।

कृषि उत्पादनदेखि सहरमा व्यापारिक कम्प्लेक्स बनाउनेसम्मका परियोजना छनोट

झापा, मोरङ, सुनसरी, उदयपुर, धनकुटा, सोलुखुम्बु, संखुवासभा, तेह्रथुम, इलाम, ताप्लेजुङ, पाँचथर, खोटाङलगायत जिल्लाबाट योजना सोकेसका लागि छनोट गरिएको छ। 'पाँचतारे होटेल र रिसोर्ट निर्माण गर्नेदेखि कोदोको रक्सी ब्रान्डिङ गर्नेसम्मका योजना समावेश छन्' तिमिल्सिनाले भने। त्यस्तै अलैन्ची, चिया, एभोकार्डो र किवीखेती, बेसार र छुर्पी उत्पादन, पर्यटकीय ताल निर्माण र सिमसार क्षेत्रको संरक्षण, केबलकार निर्माण, विज्ञान प्रविधि केन्द्र स्थापना, पदमार्ग सञ्चालन, पुरातात्त्विक क्षेत्रको संरक्षण, नयाँ पर्यटकीय क्षेत्र निर्माण, सहरमा व्यापारिक कम्प्लेक्स निर्माणलगायतका परियोजना समावेश छन्।

निजी क्षेत्रका दुई संस्थाको विवादले स्थगित भएको थियो यसअघिको तयारी

उद्योग संगठन मोरङ र उद्योग परिसंघ, कोशीमा आबद्ध उद्योगीको विवादले यसअघि तय भएको ११ देखि १३ माघसम्मको सम्मेलन रोकिएको थियो। विराट एक्स्पोसँगै लगानी सम्मेलन गर्ने उद्योगीको एउटा समूहको प्रस्तावलाई अर्को समूहले विरोध गरेको थियो। त्यसपछि प्रदेश सरकारले हस्तक्षेप गरेर एक्स्पो मात्रै आयोजना गर्न दिएर लगानी सम्मेलन धकेलेको थियो। व्यवासायीको अगुवाइमा हुने लगानी सम्मेलनले राम्रो सन्देश नदिने भनेर चौतर्फी आलोचना भएपछि सरकारकै पहलमै सम्मेलन गर्ने निर्णय भएको हो।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

तपशिलमा उल्लिखित ऋणीहरुलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरुरी सूचना
(प्रकाशित मिति २०८२/०१/०४

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड
दरबारमार्ग, काठमाण्डौं।नेपाल पोष्ट बक्स नं.३४१२
फोन नं. ४३२८२२९, ४३४५३०
इमेल. info@nimb.com.np
वेवसाइट. www.nimb.com.np

तपशिलमा उल्लिखित ऋणीहरुले यस नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि.(साबिक नेपाल ईन्भेष्टमेण्ट बैंक लि. र मेगा बैंक नेपाल लि. एक आपसमा गाभिएर बनेको संस्था) बाट उपभोग गर्नुभएको कर्जा समय-समयमा तिर्नु/बुझाउनुपर्ने साँवा, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियतको उल्लघन गर्नुभएको र ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुलाई पटक पटक मौखिक एवम् लिखित तरताकेता गर्दा समेत कर्जाहरुको साँवा, ब्याज, किस्ता र हर्जाना ब्याज लगायतका रकमहरु बुझाउनेतर्फ कुनै पहल नगरेको हुनाले निजहरुका नाममा यस बैकमा रहेका सम्पूर्ण ऋण कर्जाहरु चुक्ता भुक्तानी गर्नुहुन यो ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतिस) दिनभित्र** बैकमा सम्पर्क राखी बुझाउनुपर्ने सम्पूर्ण साँवा, ब्याज, किस्ता र हर्जाना ब्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नुहुन अनुरोध छ। अन्यथा, ऋणी र बैकबिच भए गरेका शर्त सम्झौता, बैकको नियम, बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैक तथा वित्तीय संस्थाको ऋण असुली ऐन २०५८, बैकको नियम तथा अन्य प्रचलित कानूनले बैकलाई दिएको अधिकार प्रयोग गरी **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचीमा नाम समावेश** गर्न लेखि पठाई ऋणी/प्रोपाइटर/शेयरधनि/सचालक/साझेदार तथा व्यक्तिगत जमानीकर्ताहरु/धितो सुरक्षणदाताले धितो सुरक्षण स्वरुप बैकलाई लेखिदिएको चलअचल सम्पत्ति जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गरी वा अन्य प्रक्रिया अपनाई बैकको सम्पूर्ण लेना रकम असुल उपर गर्नेतर्फ आवश्यक कानुनी कारवाही अगाडी बढाईने व्यहोरा सूचित गरिन्छ। साथै, धितो सुरक्षणको सम्पत्ति लिलाम बिक्री हुन नसकी बैकले धितो सकार्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको घरघरानाबाट असुल उपर गर्ने प्रकिया अगाडी बढाईने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ।

तपसिल

क्र.सं.	ऋणी/प्रोपाइटर/शेयरधनि/संचालक/साझेदार/व्यक्तिगत जमानीकर्ताको नाम ठेगाना/ विवरण
१.	**ऋणी : नन्द कली नेपाली (आवास कर्जा) -शाखा कार्यालय बिरौटा** (ना.प्र.नं. ७८, मिति २०४६/०२/३१ मा जि.प्र.का.कास्कीबाट जारी भएको) पति : धन बहादुर नेपाली, ससुरा : गुमाने सार्की **व्यक्तिगत जमानीकर्ताहरु :** **१. धन बहादुर नेपाली** (ना.प्र.नं. ४६-०१-७१-१११८०, मिति २०७१/१२/१० मा जि.प्र.का. कास्कीबाट जारी भएको), बाबु : गुमाने सार्की, बाजे : गोरे सार्की **२. उमेश नेपाली** (ना.प्र.नं. ४६१००१/१०३७ मिति २०६४/०२/१६ मा जि.प्र.का. कास्कीबाट जारी भएको), बाबु : धन बहादुर नेपाली, बाजे : गुमाने सार्की **३. गणेश नेपाली** (ना.प्र.नं. ४६१००१/१०३६, मिति २०६४/०२/१६ मा जि.प्र.का. कास्कीबाट जारी भएको), बाबु : धन बहादुर नेपाली, बाजे : गुमाने सार्की **४. कल्पना नेपाली** (ना.प्र.नं. ४६-०१-७२-००३२४, मिति २०७२/०१/१० मा जि.प्र.का. कास्कीबाट जारी भएको), पति: उमेश नेपाली, ससुरा: धन बहादुर नेपाली
३.	**ऋणी : सुजन पाण्डे/खुम बहादुर पाण्डे (आवास कर्जा) -शाखा कार्यालय वालिङ** ठेगाना : वालिङ्ग न.पा. ०८, स्याङ्जा **क) सुजन पाण्डे** (ना.प्र.नं.१४९३९, मिति २०५०/१०/१४ मा जि.प्र.का.स्याङजावाट जारी भएको), बाबु : खुम बहादुर पाण्डे, बाजे : ध्वज प्रताप पाण्डे **ख) खुम बहादुर पाण्डे** (ना.प्र.नं.५९९५, मिति २०४४/१२/२२ मा जि.प्र.का.स्याङजावाट जारी भएको), बाबु : ध्वज प्रताप पाण्डे, बाजे : खर्क जङ्ग पाण्डे **व्यक्तिगत जमानीकर्ताहरु :** **१. हुम कुमारी पाण्डे** (ना.प्र.नं.५९५८, मिति २०४४/१२/२२ मा जि.प्र.का.स्याङजावाट जारी भएको), पति : खुम बहादुर पाण्डे, ससुरा : ध्वज प्रताप पाण्डे **२. शान्ती मल्ल** (ना.प्र.नं.१८५४,मिति २०५५/१२/२१ मा इ.प्र.का चन्द्रौटा, कपिलवस्तुबाट जारी भएको), पति : सुजन पाण्डे, बाजे : खुम बहादुर पाण्डे
५.	**ऋणी : लोप्चन सप्लायर्स प्रा.लि.(नगद क्रेडिट कर्जा) -शाखा कार्यालय धादिड,** दर्ता नं. : १७७५०४/०७४/०७५, ठेगाना : निलकण्ठ ०३, धादिड **शेयरधनी/व्यक्तिगत जमानीकर्ताहरु :** **१. टेक बहादुर तामाङ -शेयरधनी/जमानीकर्ता** (ना.प्र.नं. ५ टो ७९०१-०४४/४५, मिति २०४५/०२/१० मा जि.प्र.का. धादिडबाट जारी भएको) बाबु : यङ्ग लामा तामाङ, बाजे : बलि तामाङ **२. जुरीदेवी तामाङ -जमानीकर्ता** (ना.प्र.नं. २६३८३८-०४६/४७, मिति २०४६/१०/१२ मा जि.प्र.का. धादिडबाट जारी भएको) पति : टेक बहादुर तामाङ, ससुरा : यङ्ग लामा तामाङ **३. चोक बहादुर तामाङ -जमानीकर्ता** (ना.प्र.नं. २६३९७९७, मिति २०५७/०८/१५ मा जि.प्र.का. धादिडबाट जारी भएको) बाबु : टेक बहादुर तामाङ, बाजे : यङ्ग लामा तामाङ **४. आयुप तामाङ -जमानीकर्ता** (ना.प्र.नं. १/४७२३३, मिति २०६८/०३/२२ मा जि.प्र.का. धादिडबाट जारी भएको) बाबु : टेक बहादुर तामाङ, बाजे : यङ्ग लामा तामाङ **५. सोलोमान तामाङ -जमानीकर्ता** (ना.प्र.नं. २६-०१-७१-०३००३, मिति २०७१/०४/२० मा जि.प्र.का. धादिडबाट जारी भएको) बाबु : टेक बहादुर तामाङ, बाजे : यङ्ग लामा तामाङ
७.	**ऋणी : तुलसी कामी (घर कर्जा) -शाखा कार्यालय लामाचौर,** (ना.प्र.नं. ३४८, मिति २०४४/१२/२३ मा जि.प्र.का. कास्कीबाट जारी भएको) पति : सुक बहादुर कामी, ससुरा : थमने कामी **व्यक्तिगत जमानीकर्ताहरु :** **१. सुक बहादुर कामी** (ना.प्र.नं. ३७९४७, मिति २०५२/०८/२५ मा जि.प्र.का. कास्कीबाट जारी भएको), बाबु : थमने कामी, बाजे : गोथे कामी **२. सुर्य वि.क.**(ना.प्र.नं. ४६-०१-७३-०९२५९, मिति २०७३/११/२३ मा जि.प्र.का. कास्कीबाट जारी भएको), बाबु : सुक बहादुर कामी, बाजे : थमने कामी **३ .किरण विश्वकर्मा** (ना.प्र.नं. ४६-०१-७५-०१३९३, मिति २०७५/०२/१६ मा जि.प्र.का. कास्कीबाट जारी भएको), बाबु: सुक बहादुर कामी, बाजे : थमने कामी **४. कञ्चन वि.क.** (ना.प्र.नं. ४६-०१-७५-०१७३२, मिति २०७५/०२/२४ मा जि.प्र.का. कास्कीबाट जारी भएको), पति: किरण विश्वकर्मा, ससुरा: सुक बहादुर कामी

क्र.सं.	ऋणी/प्रोपाइटर/शेयरधनि/संचालक/साझेदार/व्यक्तिगत जमानीकर्ताको नाम ठेगाना/ विवरण
२.	**ऋणी : एस वि पौडेल सप्लायर्स (बैंक जमानत कर्जा) -शाखा कार्यालय अमरसिंह,** प्रा.फा.र.नं. : २७७८/०७९/८०, ठेगाना : पोखरा म.न.पा. १५, कास्की **प्रोप्राईटर/व्यक्तिगत जमानीकर्ताहरु :** **१. संजय पौडेल -प्रोप्राईटर/जमानीकर्ता** (ना.प्र.नं. ४५-०१-७२-०२९९५, मिति २०७२/०८/०८ मा जि.प्र.का.लमजुङबाट जारी भएको) बाबु : विक्रम पौडेल, बाजे : कृष्ण पसाद पौडेल **२. शुशिला पौडेल -जमानीकर्ता** (ना.प्र.नं.४५३०४६/३२७, मिति २०६३/११/२२ मा जि.प्र.का. लमजुङबाट जारी भएको) पति : विक्रम पौडेल, ससुरा : कृष्ण पसाद पौडेल
४.	**ऋणी: सिता गिरी (व्यक्तिगत कर्जा)-शाखा कार्यालय सुर्खेत,** (ना.प्र.नं. ३३९७०/२३२७, मिति २०५५/०९/०७ मा जि.प्र.का. सुर्खेतबाट जारी भएको) पति : गणेश गिरी, ससुरा : कविराम गिरी, ठेगाना: वीरेन्द्रनगर न.पा. ०४, सुर्खेत **व्यक्तिगत जमानीकर्ताहरु :** **१. गणेश गिरी -जमानीकर्ता** (ना.प्र.नं. २२९४३, मिति २०५१/०९/१८ मा जि.प्र.का. सुर्खेतबाट जारी भएको), बाबु : कविराम गिरी, बाजे : शिव गिरी **२. रोशन गिरी -जमानीकर्ता** (ना.प्र.नं. ६४-०१-७३-०३४८२, मिति २०७३/०७/०१ मा जि.प्र.का. सुर्खेतबाट जारी भएको), बाबु : गणेश गिरी, बाजे : कविराम गिरी **३. गोमा देवी गिरी -जमानीकर्ता** (ना.प्र.नं. ६४७३१, मिति २०४४/११/०१ मा जि.प्र.का. सुर्खेतबाट जारी भएको), पति : कविराम गिरी, ससुरा : शिव गिरी
६.	**ऋणीहरु : टेक बहादुर तामाङ र जुरी देवी तामाङ (विविध कर्जा) -शाखा कार्यालय धादिड,** ठेगाना : दार्खा ०४, धादिड **(क) टेक बहादुर तामाङ** (ना.प्र.नं. ५ टो ७९०१-०४४/४५, मिति २०४५/०२/१० मा जि.प्र.का. धादिडबाट जारी भएको) बाबु : यङ्ग लामा तामाङ, बाजे : बलि तामाङ **(ख) जुरी देवी तामाङ** (ना.प्र.नं. २६३८३८-०४६/४७, मिति २०४६/१०/१२ मा जि.प्र.का. धादिडबाट जारी भएको) पति : टेक बहादुर तामाङ, ससुरा : यङ्ग लामा तामाङ **व्यक्तिगत जमानीकर्ताहरु :** **१. चोक बहादुर तामाङ -जमानीकर्ता** (ना.प्र.नं. २६३९७९७, मिति २०५७/०८/१५ मा जि.प्र.का. धादिडबाट जारी भएको) बाबु : टेक बहादुर तामाङ, बाजे : यङ्ग लामा तामाङ **२. आयुप तामाङ -जमानीकर्ता** (ना.प्र.नं. १/४७२३३, मिति २०६८/०३/२२ मा जि.प्र.का. धादिडबाट जारी भएको), बाबु: टेक बहादुर तामाङ, बाजे: यङ्ग लामा तामाङ **३. सोलोमान तामाङ -जमानीकर्ता** (ना.प्र.नं. २६-०१-७१-०३००३, मिति २००७१/०४/२० मा जि.प्र.का. धादिडबाट जारी भएको) बाबु : टेक बहादुर तामाङ, बाजे : यङ्ग लामा तामाङ
८.	**ऋणी : पि.एस. कंक्रट तथा ब्लक उद्योग (नगद क्रेडिट कर्जा) -शाखा कार्यालय मेघौली** प्रा.फ.नं. : २८३/०७३/०७४, ठेगाना : नारायणी ०४, चितवन **प्रोप्राईटर/व्यक्तिगत जमानीकर्ताहरु :** **१. प्रकाश बाबु भुजेल -प्रोप्राईटर/जमानीकर्ता** (ना.प्र.नं. १५११/०३५, मिति २०४८/१०/०२ मा जि.प्र.का. चितवनबाट जारी भएको) बाबु : हरि बहादुर भुजेल, बाजे : अमर बहादुर भुजेल **२. शोभा भुजेल -जमानीकर्ता** (ना.प्र.नं. १०२०/०५६, मिति २०५६/०२/१३ मा जि.प्र.का. चितवनबाट जारी भएको) पति: प्रकाश बाबु भुजेल, ससुरा: हरि बहादुर भुजेल **३. पुस्कर भुजेल -जमानीकर्ता** (ना.प्र.नं. ३५१०३८/१०११, मिति २०६९/०३/०३ मा जि.प्र.का. चितवनबाट जारी भएको) बाबु : प्रकाश बाबु भुजेल, बाजे : हरि बहादुर भुजेल **४. पुकार भुजेल -जमानीकर्ता** (ना.प्र.नं. ३५१०३८/१०१०, मिति २०६९/०३/०३ मा जि.प्र.का. चितवनबाट जारी भएको) बाबु : प्रकाश बाबु भुजेल, बाजे : हरि बहादुर भुजेल

बाढीले क्षतिग्रस्त निजी आवासको आकलन सुरु

काभ्रे/ गत असोज १० देखि १२ गते आएको बाढीपहिरोबाट क्षतिग्रस्त निजी आवासको विस्तृत क्षति आकलन कार्यक्रम काभ्रेको रोशी गाउँपालिकाबाट सुरु भएको छ। राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले मनसुनजन्य विपत्बाट सबैभन्दा बढी प्रभावित क्षेत्रबाट आकलन सुरु गरेको हो।

बुधबार क्षतिग्रस्त क्षेत्र रोशी गाउँपालिका वडा नम्बर २ नारायणटार पुगेर गृहमन्त्री रमेश लेखकले तीनजना पीडितलाई क्षति आकलन निस्सा उपलब्ध गराउँदै विस्तृत क्षति आकलन सुरुवात गरेका हुन्। आकलन शुभारम्भ गर्दै मन्त्री लेखकले क्षति आकलन सकेबित्तिकै निजी आवास पुनर्निर्माण सुरु गरिने बताए। पुनर्निर्माणका लागि सबै तह र क्षेत्रको सहयोग आवश्यक हुने भन्दै पीडितका लागि पुनर्निर्माणको काममा राजनीति नगरी सबैले सहयोग गर्नुपर्ने बताए। प्रतिनिधिसभा सदस्य सूर्यमान दोडले निजी आवासको पुनर्निर्माणको साथमा पुल, तटबन्धनलगायतका पूर्वाधार निर्माण गरे मात्र पुनर्निर्माणले पूर्णता पाउने बताए। पूर्वसांसद शिवप्रसाद हुमागाईंले पुनर्स्थापना र पुनर्निर्माण त्यति सहज नभएको भन्दै सिँचाइलगायतका पूर्वाधार निर्माणमा प्रदेश र संघ सरकारले सघाउनुपर्ने तर्क गरे।

योग्यताका आधारमा होइन, ओली-देउवाको सहमतिमा नियुक्त हुँदै छन् गभर्नर

सरकारका प्रवक्तासमेत रहेका सञ्चारमन्त्री गुरुङको स्वरोक्ति : प्रधानमन्त्री र कांग्रेस सभापतिबिच गभर्नर नियुक्तिका विषयमा सहमति भइसकेको छ, अब चाँडै नियुक्ति गर्छौं



गभर्नर नियुक्तिलगायतका विषयमा बुधबार साँझ बसेको उच्चस्तरीय राजनीतिक संयन्त्रको बैठक

पवन तिमिल्सिना/नयाँ पत्रिका

सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले राजनीतिक असहमतिले राष्ट्र बैंकको गभर्नर नियुक्तिमा ढिलाइ भएको स्विकारेका छन्। साथै, उनले सत्ता साझेदार नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवासँग गभर्नर नियुक्तिका विषयमा सहमति भइसकेकाले चाँडै नियुक्ति प्रक्रिया अघि बढ्नेसमेत दाबी गरेका छन्।

बुधबार मन्त्रिपरिषद्को निर्णय सार्वजनिक गर्ने क्रममा सञ्चारमन्त्री गुरुङले प्रधानमन्त्री केपी ओली र कांग्रेस सभापति देउवाबिच गभर्नर नियुक्तिका विषयमा मंगलबार सहमति भएको बताएका हुन्। उनले महत्त्वपूर्ण नियुक्तिमा राजनीतिक दलहरूले चासो राख्ने विषयलाई स्वाभाविक रूपमा लिनुपर्ने तर्कसमेत गरेका छन्।

'गभर्नरजस्तो पदमा दलहरूले आ-आफ्नो चासो राख्नु स्वाभाविक पनि हो। अस्वाभाविक होइन,' उनले भने, 'हिजो (मंगलबार) मात्रै हो, दुई पार्टी नेकपा एमालेका अध्यक्ष एवं प्रधानमन्त्री केपी ओली र नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाबिच पनि वार्ता भएर चाँडोभन्दा चाँडो समस्याको समाधान गर्ने सहमति भएको छ।'

बुधबार साँझ बसेको उच्चस्तरीय राजनीतिक संयन्त्रले पनि गभर्नर नियुक्तिको विषयमा महत्त्वपूर्ण निर्णय गर्ने एजेन्डा रहेको उनले बताए। 'गभर्नर नियुक्ति ढिलो भएकै छ। हामी चाँडोभन्दा चाँडो नियुक्ति गर्ने प्रक्रियामा छौं,' उनले भने, 'यो एउटै दलको सरकार होइन। मिलिजुली सरकार हो। कांग्रेस र एमाले मात्रै होइन, अरू पार्टी पनि छन्। नेपाललाई ग्रे लिस्टबाट बाहिर ल्याउनुपर्नेछ। लयमा आउन थालेको अर्थतन्त्रलाई थप सुदृढ गर्नुपर्ने आवश्यकता छ।'

मन्त्री गुरुङले गभर्नर नियुक्तिमा बिचौलिया हाबी भएको विषय बजार हल्ला मात्रै भएको पनि दाबी गरे। 'बिचौलिया हाबी भए र एक अर्ब सात करोड खर्च भए भन्ने समाचार आइरहेको छ। यस्तो सूचनाको स्रोत दिए गृहमन्त्रीज्यूलाई भन्नुहुन्थ्यो। कुनै तथ्य प्रमाण नभएको विषयमा नलेखेको राम्रो,' उनले भने।

सरकारले डेपुटी गभर्नर निलम ढुंगाना तिम्सिनालाई कार्यवाहक गभर्नरको जिम्मेवारी दिइसकेकाले राष्ट्र बैंकका महत्त्वपूर्ण काम नरोकिएको उनको भनाइ छ। उनले कार्यवाहक गभर्नर स्थायी प्रकृतिको नभए पनि अधिकार सम्पन्न हुने भएकाले नियमित काममा बाधा नपर्ने तर्क राखे। 'राष्ट्र बैंक निमित्तको भरमा छाडेका छैनौं। कार्यवाहक गभर्नर नै तोकेका छौं। सबै अधिकार हुन्छ। स्थायित्वको मात्रै विषय हो' उनले भने। सामान्यतया बहालवाला गभर्नरले बिदा लिनुअघि नै नयाँ गभर्नर नियुक्ति गर्नुपर्ने मापदण्ड भए पनि महाप्रसाद अधिकारीले गभर्नरबाट २२ चैतमै बिदा लिइसके पनि अहिलेसम्म नयाँ नियुक्ति हुन सकेको छैन।

● बहालवाला गभर्नर बिदाइ हुनुअघि नयाँ नियुक्ति गर्नुपर्ने भए पनि सत्ता साझेदारबिच सहमति नहुँदा राष्ट्र बैंक २२ चैतदेखि नेतृत्वविहीन



पृथ्वी सुब्बा गुरुङ, सञ्चारमन्त्री

गभर्नर नियुक्ति ढिलो भएकै छ। हामी चाँडोभन्दा चाँडो गभर्नर नियुक्ति गर्नेछौं। यो एउटै दलको सरकार होइन। मिलिजुली सरकार हो। कांग्रेस र एमाले मात्रै होइन, अरू पार्टी पनि छन्। नेपाललाई ग्रे लिस्टबाट बाहिर ल्याउनुपर्नेछ। लयमा आउन थालेको अर्थतन्त्रलाई थप सुदृढ गर्नुपर्ने आवश्यकता छ। गभर्नरजस्तो पदमा दलहरूले आ-आफ्नो चासो राख्नु स्वाभाविक पनि हो। अस्वाभाविक होइन। हिजो (मंगलबार) मात्रै हो, दुई पार्टी नेकपा एमालेका अध्यक्ष एवं प्रधानमन्त्री केपी ओली र नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाबिच पनि वार्ता भएर चाँडोभन्दा चाँडो समस्याको समाधान गर्ने सहमति भएको छ।

गभर्नर नियुक्ति गर्न बिचौलिया हाबी भए र एक अर्ब सात करोड खर्च भए भन्ने समाचार आइरहेको छ। यस्तो सूचनाको स्रोत दिए कारबाही गर्न गृहमन्त्रीज्यूलाई भन्नुहुन्थ्यो। कुनै तथ्यप्रमाण नभएको विषयमा नलेखेको राम्रो हुन्छ।

राष्ट्र बैंक निमित्तको भरमा छाडेका छैनौं। कार्यवाहक गभर्नर नै तोकेका छौं। उहाँलाई सबै अधिकार हुन्छ। स्थायित्वको मात्रै विषय हो। उच्चस्तरीय संयन्त्रको बैठक बुधबार बसेको छ। त्यहाँ पनि गभर्नर नियुक्तिबारे छलफल चलेको छ।

नौ महिनामा लुम्बिनीमा ३८.५६ प्रतिशत बजेट खर्च, भौतिक र स्वास्थ्यको धेरै प्रगति

■ **२४.५८ अर्ब पुँजीगत बजेट रहेकामा ९.४७ अर्ब मात्रै खर्च**

बुटवलमा **विष्णुप्रसाद घिमिरे**

लुम्बिनी प्रदेश सरकारले चालू आर्थिक वर्षको नौ महिनामा करिब ४० प्रतिशत बजेट खर्च गरेको छ। चैत मसान्तसम्ममा पुँजीगततर्फ जम्मा ३८ दशमलव ५६ प्रतिशत बजेट खर्च भएको प्रदेश लेखा नियन्त्रण कार्यालयले जनाएको छ।

समीक्षा अवधिमा चालूतर्फ यो अवधिमा ४१ दशमलव ७६ प्रतिशत खर्च भएको छ। प्रदेश सरकारको चालू आर्थिक वर्षका लागि ३८ अर्ब ९७ करोडको बजेट रहेको छ। यो अवधिमा पुँजीगततर्फ २४ अर्ब ५८ करोड ५९ लाख बजेट रहेकोमा नौ अर्ब ४७ करोड ९७ लाख १४ हजार चार सय ८६ रुपैयाँ खर्च गरेको छ।

त्यस्तै, चालूतर्फ १४ अर्ब ३८ करोड ४१ लाख बजेट रहेकोमा ६ अर्ब ७२ लाख १६ हजार दुई सय ७९ रुपैयाँ खर्च भएको छ। सो अवधिमा सबैभन्दा बढी पुँजीगत खर्च प्रतिशतका हिसाबले धेरै खर्च गर्नेमा स्वास्थ्य मन्त्रालय रहेको छ भने रकमका हिसाबले भौतक पूर्वाधार मन्त्रालय रहेको छ।

आर्थिक वर्ष सुरु हुँदा कायम रहेका मन्त्रालयमध्ये केही मन्त्रालय गाभ्ने काम भएको थियो। मन्त्रालय गाभिए पनि खर्चको विवरण भने साउनमा कायम मन्त्रालयकै नाममा देखिएको छ। कात्तिक ४ गते मन्त्रिपरिषद बैठकले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयलाई सामाजिक विकास मन्त्रालयमा गाभ्ने र युवा तथा खेलकुद मन्त्रालय बनाउने निर्णय गरेको थियो।



प्रदेश मातहत रहेका १० मन्त्रालयको पुँजीगत खर्चको अवस्था

- भौतिक पूर्वाधार विकास मन्त्रालय तीन अर्ब ७३ करोड (**३७.२४ प्रतिशत**)
- स्वास्थ्य मन्त्रालयको दुई अर्ब चार करोड (**७९.३४ प्रतिशत**)
- ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय ९७ करोड ९३ लाख (**३२.५२ प्रतिशत**)
- खानेपानी, ग्रामीण तथा सहरी विकास मन्त्रालय दुई अर्ब तीन करोड (**३९.५५ प्रतिशत**)
- कृषि तथा भूमि व्यवस्था मन्त्रालयले चार करोड ४७ लाख (**४६.४ प्रतिशत**)
- महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको ६ लाख २२ हजार (**५.४१ प्रतिशत**)
- आन्तरिक मामिला कानुन तथा सहकारी मन्त्रालयको एक करोड ९३ लाख (**१०.९३ प्रतिशत**)
- समाजिक विकास मन्त्रालयको २८ करोड ६४ लाख (**२४.९० प्रतिशत**)
- आर्थिक मामिला मन्त्रालयको १९ लाख ६५ हजार (**३९.३२ प्रतिशत**)
- मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको ३६ लाख १६ हजार (**९.२३ प्रतिशत**)

बिवाइडी इभीमा साइमेक्सले ल्यायो 'एक्सटेन्डेड वारेन्टी'

काठमाडौं/ बिवाइडीको नेपालका लागि आधिकारिक वितरक साइमेक्स इंक प्रालिले नेपालमा बिक्री हुने सबै बिवाइडी इलेक्ट्रिक भेइकल (इभी)मा व्यापक विस्तारित वारेन्टी नीति अर्थात् कम्प्रिहेन्सिभ एक्सटेन्डेड वारेन्टी नीति लागू गर्ने घोषणा गरेको छ। बिवाइडीका एडभान्स्ड इलेक्ट्रिक भेइकल टेक्नोलोजीमा उपलब्ध ग्राहक सन्तुष्टि र आत्मविश्वासको अटल प्रतिबद्धतालाई अझै बढाउन कम्पनीले नयाँ वारेन्टी उपलब्ध गराउने भएको हो।



सो वारेन्टीअन्तर्गत निम्न कभरेज उपलब्ध हुनेछन्- वारेन्टी ब्याट्रीअन्तर्गत पहिले उपलब्ध आठ वर्ष वा एक लाख ६० हजार किलोमिटरको वारेन्टीलाई बढाएर १० वर्ष वा दुई लाख किलोमिटर पुऱ्याइएको छ। यसले ग्राहकमा लामो समयसम्म मानसिक शान्ति सुनिश्चत गर्ने कम्पनीको दाबी छ। त्यसैगरी, होल भेइकल वारेन्टीअन्तर्गत लाइट, टायर प्रेसर मोनिटरिङ मोड्युल, सस्पेन्सन र बल ज्वाइन्टलगायतका कम्पोनेन्टमा हाल उपलब्ध चार वर्ष वा एक लाख किलोमिटरको वारेन्टी बढाएर पाँच वर्ष वा एक लाख २५ हजार किलोमिटर पुऱ्याइएको छ। यसबाहेक जनरल भेइकल पार्टस् वारेन्टीमा अन्य कन्जुमेबल तथा आयल, चार्जिङ इक्विपमेन्ट, गिफ्ट र रेफ्रिजेरेटरलगायतका विभिन्न पार्टस्वाहेकका सबै भेइकल पार्टसमा रहेको ६ वर्ष वा एक लाख ५० हजार किलोमिटर वारेन्टीलाई बढाएर ७.५ वर्ष वा एक लाख ८७ हजार पाँच सय किलोमिटर पुऱ्याइएको कम्पनीको भनाइ छ।

यो एक्सटेन्डेड वारेन्टी नीतिले बिवाइडी इभीको टिकाउपना, राम्रो पर्फर्मेन्स र विश्वसनीयताप्रतिको बलियो विश्वासलाई झल्काउने कम्पनीले जनाएको छ। साइमेक्स इंकका सिइओ साहिल श्रेष्ठले भने, 'हाम्रो यो एक्सटेन्डेड वारेन्टीले बिवाइडीको अत्याधुनिक विद्युतीय सवारी प्रविधिप्रति हाम्रो दृढ विश्वास र हाम्रा ग्राहकहरूलाई उत्कृष्ट सेवा प्रदान गर्ने प्रतिबद्धता झल्काउँछ।'

बुद्धिस्ट इन्टरनेसनल ट्राभल मार्ट हुँदै

बुद्धिस्ट मार्टजस्ता कार्यक्रमले नेपाललाई अन्तर्राष्ट्रिय बौद्ध तीर्थ पर्यटन प्रवर्द्धनमा प्रमुख स्थान दिलाउने विश्वास



नयाँ पत्रिका

बुद्धिस्ट इन्टरनेसनल ट्राभल मार्ट (बिआइटिएम)को तेस्रो संस्करण १०-१२ जेठमा आयोजना हुने भएको छ। नेपाल एसोसिएसन अफ टुर एन्ड ट्राभल एजेन्ट्स (नाट्टा)ले पत्रकार सम्मेलन गरेर बुद्धिस्ट-२०२५ को औपचारिक घोषणा गरेको हो। नेपाल पर्यटन बोर्ड र नाट्टाबिच आगामी बुद्धिस्ट ट्राभल मार्ट संयुक्त रूपमा आयोजना गर्ने सहमतिसहित २२ चेतमा सम्झौतापत्रमा हस्ताक्षर भएको थियो। उक्त कार्यक्रममा पर्यटन बोर्डका कार्यवाहक निर्देशक सुनील शर्मा तथा मार्टकी संयोजक एवं नाट्टाकी वरिष्ठ उपाध्यक्ष जिस्वाँ तुलाधर श्रेष्ठले समन्वयकर्ता र प्रतिनिधिको रूपमा भूमिका निर्वाह गर्ने बताइएको छ।

बुद्धिस्ट मार्ट १० देखि १२ जेठसम्म काठमाडौं र लुम्बिनी-भैरहवामा आयोजना गरिनेछ। कार्यक्रमको उद्घाटन समारोह र अन्तर्राष्ट्रिय सम्मेलन तथा प्रदर्शनी जेठ १० र ११ गते काठमाडौंमा आयोजना हुनेछ भने १२ जेठमा लुम्बिनीमा बिटुबी सत्र, फार्म ट्रिप, नेटवर्किङ डिनर तथा समापन समारोह आयोजना गरिनेछ। कार्यक्रममा १५० भन्दा बढी अन्तर्राष्ट्रिय बौद्ध पर्यटनप्रति अभिरुचि राख्ने खरिदकर्ता तथा ६० भन्दा बढी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विक्रेताको सहभागिता हुने अपेक्षा आयोजकको छ।

सहभागी देशहरूमा भारत, चीन, भुटान, म्यानमार, थाइल्यान्ड, मलेसिया, श्रीलंकालगायतका प्रमुख बौद्ध राष्ट्र छन्। मार्टमा ११ सयभन्दा बढी आगन्तुकको उपस्थिति रहने अपेक्षा गरिएको छ, जसमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यटन व्यवसायीहरू, बौद्धमार्गीलगायत राष्ट्रिय र अन्तर्राष्ट्रिय साझेदार र सञ्चारमाध्यमका प्रतिनिधिहरू रहनेछन्।

सहभागीहरूले २८ वैशाखभित्र अनिवार्य दर्ता गर्नुपर्ने बताइएको छ। मार्टको आधिकारिक वेबसाइटमार्फत सहभागीहरूले सहज रूपमा दर्ता गर्न सक्नेछन्। पर्यटन बोर्डका सिइओ दीपकराज जोशीले नेपालमा रहेका बौद्ध सम्पदाहरूले विश्वभरिका करोडौं मानिसहरूसँग भावनात्मक सम्बन्ध राख्ने बताए। उनले भने, 'बुद्धिस्ट मार्टजस्ता कार्यक्रमले नेपाललाई अन्तर्राष्ट्रिय बौद्ध तीर्थ पर्यटन क्षेत्रमा प्रमुख स्थान दिलाउने विश्वास लिएको छु। यसले दीर्घकालीन पर्यटन प्रवर्द्धनमा सहयोग पुऱ्याउनेछ।'

नाट्टाका अध्यक्ष कुमारमणि थपलियाले बुद्धिस्ट इन्टरनेसनल मार्ट नेपाललाई केवल बुद्धको जन्मस्थलको रूपमा मात्र होइन, बौद्ध धर्मको गहिरो सांस्कृतिक, ऐतिहासिक र आध्यात्मिक महत्त्व बोकेको देशको रूपमा चिनाउने अवसर भएको बताए। यसले निजी क्षेत्र र सरकारी निकायबिचको सहकार्यलाई बलियो बनाउने उनको भनाइ थियो।

मार्टकी संयोजक तुलाधरले कार्यक्रमको प्रस्तुतीकरण दिँदै भनिन्, 'हामीले मार्टलाई सहभागीहरूका लागि प्रभावशाली र फलदायी बनाउने गरी विभिन्न सत्र, बिटुबी बैठक, फार्म ट्रिप र सांस्कृतिक कार्यक्रम समावेश गरेका छौं।'

एनसेलको नयाँ प्याकमा ३० रुपैयाँभन्दा कममै अनलिमिटेड भ्वाइस र डेटा सेवा

काठमाडौं/ एनसेलले पहिलोपटक दिनको ३० रुपैयाँभन्दा कममा नै अनलिमिटेड भ्वाइस र डेटा सेवा लिन सकिने नयाँ प्याक सञ्चालनमा ल्याएको छ। भ्वाइस सेवामा एनसेलले २८.३ देखि ५९९ रुपैयाँसम्म शुल्क पर्ने ६ वटा नयाँ प्याक सार्वजनिक गरेको छ, जसमा सात दिनका लागि मात्र रु. १९८ मा उपलब्ध अनलिमिटेड अल नेपाल प्याक पनि समावेश छ। यस प्याकमार्फत ग्राहकहरूले दिनको मात्र रु. २८.३ मा अनलिमिटेड भ्वाइस कल सेवाको फाइदा लिन सक्नेछन्।



एनसेलबाट एनसेलमा कल गर्न टक टाइम चाहिने ग्राहकहरूले तीन दिनका लागि मान्य अनलिमिटेड डे अन नेट प्याक लिन सक्छन्, जसको मूल्य मात्र रु. ५० रहेको छ। त्यसैगरी, रु. ५९९ मा ग्राहकहरूले ८४ दिन अर्थात् झन्डै तीन महिनासम्म प्रयोग गर्न मिल्ने ९९९ मिनेटको कुनै पनि नेपाली नेटवर्कमा कल गर्न मिल्ने अल नेपाल टक टाइम प्राप्त गर्न सक्ने कम्पनीले जनाएको छ।

भारतमा फोन गरी सम्पर्कमा रहिरहनुपर्ने ग्राहकहरूलाई लक्षित गर्दै, एनसेलले रु. ४९ मा २८ दिनसम्म मान्य रहने इन्टरनेसनल लङ डिस्ट्यान्स (आइएलडी) प्याक सञ्चालन गरेको छ, जसअन्तर्गत ग्राहकहरूले भारतमा प्रतिमिनेट मात्र रु. २.९९ (करबाहेक)मा फोन गर्न सक्छन्। यो दर हाल लाग्दै आएको शुल्कभन्दा २५ प्रतिशत सस्तो हो। सस्तो शुल्कमा बढी मोबाइल डेटाको माग बढिरहेको अवस्थालाई ध्यानमा राख्दै, एनसेलले दुई आकर्षक प्याक सार्वजनिक गरिएको बताइएको छ। रु. ९९ पर्ने पहिलो प्याकमा ग्राहकहरूले तीन दिनसम्म अनलिमिटेड डेटा लिन सक्छन् भने २,४९९ शुल्क रहेको दोस्रो प्याकमा ग्राहकहरूले ८४ दिनसम्म अनलिमिटेड डेटाको फाइदा लिन सक्छन्। यसले अनलिमिटेड डेटाको प्रतिदिनको खर्च मात्र रु. २९.८ मा सीमित गरिएको छ।

रक्षा नेपाललाई सिटिजन्स बैंकले दियो खाद्यान्न तथा स्यानिटरी

काठमाडौं/ सिटिजन्स बैंक इन्टरनेसनलले सामाजिक संस्था रक्षा नेपाललाई सहयोग गरेको छ। बैंकले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत बेचबिखन तथा यौन शोषणमा परेका बालिका र महिलाको सुरक्षाका लागि कार्य गर्दै आएको रक्षा नेपाललाई दैनिक उपभोग्य खाद्यान्न सामग्री र स्यानिटरी प्याड सहयोग गरेको हो।



दुई दशकदेखि विभिन्न हिंसामा परेका महिला, किशोरी तथा बालबालिकाको सुरक्षा र पुनर्स्थापनामा लागिपरेको संस्था रक्षा नेपालले उनीहरूलाई सीप, शिक्षा, काउन्सेलिङ, कानुनी सहयोग, आत्मरक्षा र आत्मजागरुकतामार्फत आत्मनिर्भर बनाउने प्रयास गरिरहेको छ। बैंकले एक समारोहबिच संस्थालाई सामग्री हस्तान्तरण गरेको हो। समाजमा उल्लेखनीय मानवीय कार्य गर्दै आएको संस्थालाई सहयोग गर्न पाँउदा संस्था सञ्चालनमा सहजता हुने विश्वास बैंकले लिएको छ।

भावी दिनमा पनि बैंकले सामाजिक, आर्थिक, सांस्कृतिक, शैक्षिकलगायतका क्षेत्रमा सकारात्मक परिवर्तन ल्याउन विभिन्न कार्यक्रम सञ्चालन गर्ने योजना रहेको विषय जानकारी गराएको छ।

ग्यालेक्सी एस२५ अल्ट्रा बजारमा

काठमाडौं/ सामसङ नेपालले आफ्नो नयाँ फ्ल्यागसिप ग्यालेक्सी एस २५ अल्ट्रा १ टिबी नेपाली बजारमा सार्वजनिक गरेको छ। मोबाइल अनुभवको नयाँ परिभाषा बोकेको यो डिभाइसमा १ टिबी स्टोरेज, एड्भान्स्ड ग्यालेक्सी एआई फिचर र सहज मल्टिटास्किङ क्षमता रहेको बताइएको छ ।

यसको एआई-फर्स्ट वन युआई ७ प्लेटफर्मले व्यक्तिगत तथा व्यावसायिक दुवै प्रयोजनमा सहज प्रयोग अनुभव प्रदान गर्ने कम्पनीले जनाएको छ। यसमा सर्कल टु सर्च, कल ट्रान्सक्रिप्ट र समरी, राइटिङ असिस्ट, ड्राइङ असिस्टजस्ता एआई फिचर छन्। १२ जिबी ऱ्याम र १ टिबी स्टोरेज भएको ग्यालेक्सी एस २५ अल्ट्राको मूल्य दुई लाख ३४ हजार नौ सय ९९ रुपैयाँ छ। यो फोन ४ वैशाखदेखि सामसङका आधिकारिक स्टोरहरूमा नेपालभर उपलब्ध हुने कम्पनीले जनाएको छ।

साथै, सामसङ हुलास फिनसर्भ हायर पर्चेजद्वारा उपलब्ध गरिएको इन्स्टा फाइनान्स सुविधामार्फत ग्राहकले सजिलो किस्ताबन्दी योजनाका साथ ० प्रतिशत ब्याजमै ग्यालेक्सी एस २५ अल्ट्रा १ टिबी मासिक ११,७५० रुपैयाँ इएमआईमा पनि प्राप्त गर्न सक्छन्। साथै, एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेडमार्फत एक वर्षको एकपटकको ब्रेकिज इन्स्योरेन्स पनि दिइने बताइएको छ।

एनसिएचएल र मास्टरकार्डबिच रणनीतिक समझदारी

काठमाडौं/ नेपाल क्लियरिङ हाउस लिमिटेड (एनसिएचएल) र मास्टरकार्डबिच नेपाल भ्रमणमा आउने अन्तर्राष्ट्रिय पर्यटकका लागि क्युआर भुक्तानी गर्न सहमति भएको छ। दुवै संस्थाबिच भएको सहमतिअनुसार अन्तर्राष्ट्रिय मास्टरकार्ड प्रयोगकर्ताले एनसिएचएलको नेपालपे क्युआर र इन्टरअपरेबल क्युआर प्रयोग गर्न सक्नेछन्। यो सहकार्यले मास्टरकार्ड प्रयोगकर्तालाई भुक्तानी सहज बनाउने बताइएको छ।

नेपालपे क्युआर र इन्टरअपरेबल क्युआर नेटवर्कमा हाल करिब १० लाख मर्चेन्ट आबद्ध छन्। त्यस्तै, मास्टरकार्डले ३.१ अर्बभन्दा बढी कार्ड विश्वभर जारी गरिसकेको छ। यो सहकार्यले नेपालको पर्यटन क्षेत्रमा महत्त्वपूर्ण भूमिका खेल्ने बताइएको छ।

मोटरसाइकल हरायो

मिति २०८१/१२/२२ गते अ. २२:०० देखि २३:३० बजेको समयमा काठमाडौं जिल्ला कागेश्वरी मनोहरा न.पा. ८ सेलिब्रेसन स्कुल अगाडी घरबाहिर पार्किङ गरिराखेको मेरो निम्न व्यहोरा भएको Pewler Grey Blue रंगको 200 CC को NS पल्सर मोटरसाइकल हराएको हुँदा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु होला।

नाम : **हुलास अटो फाईनान्स लि.**
(ऋणी : **भुवन पाखिन)**
मो.सा.नं.: बा.प्र. ०२-०४६ प ७०२९
चेसिस नं.: MD2A36FX6PCE87360
इन्जिन नं.: JLXCPD57225
सम्पर्क न.: 9828593862

सुदूरपश्चिम प्रदेश
सामाजिक विकाश मन्त्रालय
स्वास्थ्य निर्देशनालय
स्वास्थ्य कार्यालय
धनगढी, कैलाली

E-Bidding मार्फत बोलपत्र आह्वान सम्बन्धी सूचना

प्रथम पटक प्रकासित मिति : २०८२/०१/०३

यस कार्यालय को आ.व. २०८१/०८२ को स्वीकृत कार्यक्रम अन्तर्गत तपसिलका कार्य गर्नुपर्ने भएको हुँदा इच्छुक र इजाजत प्राप्त प्राप्त फर्मरकम्पनीले रितपूर्वक बोलपत्र पेश गर्नहुन यो सूचना पेश गरिएको छ। विस्तृत जानकारीको लागि website:bolpatra.gov.np/egp हेर्न सकिनेछ।

S.N	Contrac Identification Number	Description of Work	Total Cost
1	DPH/Works/NCB/2081/82/01	THE PROCUREMENT OF Construction Of Birthing centre in Chure -05, kailali	25,00000/-

Government of Sudur Pashchim Province
Ministry of Social Development
Province Health Logistic Management Center
Dhangadhi, Kailali Nepal

Invitation for Electronic Bid

First Date of publication: 2081/12/17 (March 30, 2025)
Second Date of Publication: 2082/01/04 (April 17, 2025)

1. The **Province Health Logistic Management Center Dhangadhi-05, Kailali** invites electronic bids from eligible bidders for the following goods under Sealed Quotation (SQ) **Single Stage Single Envelope Procedures** specified in public procurement Act & Regulations as:

SN	Description of Goods	IFB No.	Bid Security
1	Procurement of Philips Lumify Cable	PHLMCSP/G/SQ- 01/081-082 (RE)	60,000.00

2. Eligible Bidders may obtain further information and inspect the bidding documents at PPMO eGP system www.bolpatra.gov.np/egp. For more Information: Telephone +977-091-524982, email: phlmcsp@gmail.com

Acting Director

Bagamati Proviencial Government
Ministry of Water Supply, Energy and Irrigation
Water Supply and Sanitation Division No. 6,
Nuwakot

Invitation for Bid (IFB)

Date of publication: 17th April 2025 (Baishakh 4, 2082)

Water Supply and Sanitation Division No.6, Nuwakot, Nepal invites only electronic bids from qualified/elgigible Bidders for the Supply of entire Works of Following Water Supply Project's of Nuwakot and Rasuwa Districts under National Competitive Bidding; Single Stage, Single invelope Bidding Procedures. A complete set of Bidding Documents can be downloaded from PPMO's website :www.bolpatra.gov.np/egp.

S. No	District	Contract / IFB No	Name of work/Project	Bid Security Amount NRS	Bid Fee. (Nrs.)	Remarks
1	Nuwakot	NCB-4/081/082 Nuwakot	Supply and Delivery of HDPE Pipe for Various Water Supply Project, Nuwakot	280000.00	3000.0	Single stage/ Single Envelope
2	Rasuwa	NCB-5/081/082 Nuwakot	Supply and Delivery of HDPE Pipe for Various Water Supply Project, Rasuwa	130000.00	3000.0	Single stage/ Single Envelope

Division Chief

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग
आन्तरिक राजस्व कार्यालय
हेटौंडा, मकवानपुर

आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना

प्रकाशन मितिः २०८२/०१/०४

यस कार्यालयको २०८१/११/११ गतेको नयाँ पत्रिका राष्ट्रीय दैनिकमा प्रकाशित बोलपत्र (ठेक्का नं. IRO/HETAUDA/NCB/WORKS/01/2081/082) सम्बन्धी सूचना अनुसार E-Bid मार्फत तोकिएको म्यादभित्र दर्ता हुन आएका बोलपत्रहरुमध्ये प्राविधिक प्रस्तावको मूल्याङ्कनमा निम्न बोलपत्रदाताको प्राविधिक प्रस्ताव सारभूतरुपमा प्रभावग्राही भएकोले निजले पेश गरेको आर्थिक प्रस्ताव E-Bid मार्फत मिति २०८२/०१/११ गते दिनको १:०० बजे यस कार्यालयमा खोलिने भएकोले सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधनसहित) को नियम ३१(ज) को उपनियम (५) को प्रयोजनार्थ सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ।

ठेक्का नं.	कार्यको विवरण	प्राविधिक प्रस्तावमा सफल भएका बोलपत्रदाता
IRO/ HETAUDA/ NCB/ WORKS/ 01/2081/082	Construction of Residential Quarter Building of Inland Revenue Office Hetauda, Makawanpur	1. Louts Multi Construction Pvt.Ltd. Banepa-6, Kavre 2. Ecovus Construction Pvt.Ltd.Tarkeshwor-7, Kathmandu 3. Maryada Construction and Suppliers Pvt.Ltd. Dillibazar-29, Kathmandu 4. Sundar Nepal Nirman Sewa Pvt.Ltd Hetauda-2, Makawanpur 5. Mangmalungma Construction, Sukedhara-4, Kathmandu 6. Shreekhandapur Nirman Sewa Pvt.Ltd. Chauri Deurali-8. Kavre 7. Ganapati Construction, Bidur-4, Nuwakot 8. Earth Desigers & Developers Pvt. Ltd. Hetauda-6, Makawanpur 9. Ugreshwor Mahadev R.S JV Mandan Deupur-11, Kavre

प्रमुख कर अधिकृत

नबिल बैंक लिमिटेड, वीरगंज शाखा, पर्सा तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मितिः २०८२/०१/०४

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्यौंट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितोजमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूची**मा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

१ **तपसिल**

ऋणी कम्पनीको नाम र ठेगानाको विवरण

कम्पनी ऐन २०६३ बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०६८/०१/२२ मा दर्ता नं.: ८२९३५/०६७/०६८ अन्तर्गत दर्ता भएको **म्याक्स ट्रेड प्रा.लि.** । ठेगानाः काठमाण्डौ जिल्ला, काठमाण्डौ म.न.पा. वडा नं.१३, टंकेश्वर ।

व्यक्तिगत जमानतकर्ताको विवरण

१. राधाकृष्ण कावराको नाती, प्रेम नारायण कावराको छोरा, काठमाडौं जिल्ला, काठमाडौं न.प. वडा नं. २५ स्थायी घर भई हाल काठमाडौं जिल्ला, काठमाडौं म.न.पा. वडा नं. २५ बस्ने, ना.प्र.न. ५३०४ (जारी मितिः ०४७/९/१८, स्थान काठमाडौं) भएका **आलोक कुमार कावरा** ।
२. प्रेम नारायण कावराकी बुहारी, आलोक कुमार कावराकी श्रीमती, हाल काठमाण्डौं जिल्ला, काठमाण्डौं म.न.पा. वडा नं. २२ बस्ने, दर्ता ७५२/९६ (जारी मितिः २०५३/४/१५, स्थान भारतीय राजदूतावास, काठमाण्डू (नेपाल) भएकी **प्रिया कावरा** ।

२ **ऋणी कम्पनीको नाम र ठेगानाको विवरण**

कम्पनी ऐन २०२१ बमोजिम साविकको श्री ५ को सरकार, उद्योग तथा वाणिज्य मन्त्रालय, वाणिज्य विभागमा मिति २०३२/११/१३ मा प्रा.लि. नम्बर ४९/०३२ अन्तर्गत दर्ता भएको **निशान्त फर्मास्युटिकल्स प्रा.लि.** । ठेगानाः काठमाण्डौं जिल्ला, काठमाण्डौं म.न.पा वडा नं. २५ ।

ऋणी कम्पनीका संचालक तथा व्यक्तिगत जमानतकर्ताको विवरण

१. राधाकृष्ण कावराको नाती, प्रेम नारायण कावराको छोरा, काठमाडौं जिल्ला, काठमाडौं न.प. वडा नं. २५ स्थायी घर भई हाल काठमाडौं जिल्ला, काठमाडौं म.न.पा. वडा नं. २५ बस्ने, ना.प्र.न. ५३०४ (जारी मितिः ०४७/९/१८, स्थान काठमाडौं) भएका **आलोक कुमार कावरा** ।
२. प्रेम नारायण कावराकी बुहारी, आलोक कुमार कावराकी श्रीमती, हाल काठमाण्डौं जिल्ला, काठमाण्डौं म.न.पा. वडा नं. २२ बस्ने, दर्ता ७५२/९६ (जारी मितिः २०५३/४/१५, स्थान भारतीय राजदूतावास, काठमाण्डू (नेपाल) भएकी **प्रिया कावरा** ।

म्याक्स ट्रेड प्रा.लि. र निशान्त फर्मास्युटिकल्स प्रा.लि.को संयुक्त धितोको विवरण

काठमाडौं जिल्ला, काठमाडौं न.प. वडा नं. २५ स्थायी घर भई हाल काठमाण्डौं जिल्ला, काठमाण्डौ म.न.पा. वडा नं. २५ बस्ने, **आलोक कुमार कावरा**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको काठमाण्डौं जिल्ला, काठमाण्डौं म.न.पा. वडा नं. ४ नक्सा सीट नं. १०२९०२६१८ र १०२९०२६१९, सेन्ट्रल पार्क नामक संयुक्त आवास भवन मध्ये तुलिप टावरको T-105, ब्लक नं. B-३, अपार्टमेन्ट रहेको जग्गाको कि.नं. २७० र ४४० को क्षेत्रफल ३५४९ वर्ग फिट एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१

■ आइसिसी यू-१९ विश्वकप छनोट

नेपाल र अफगानिस्तानबिच आगामी शनिबार निर्णायक भिडन्त

रमेश सुवेदी/नयाँ पत्रिका

नेपाल र अफगानिस्तानमध्ये एक टोलीले सन् २०२६ को आइसिसी यू-१९ विश्वकप क्रिकेट प्रतियोगिता खेल्नेछ। मूलपानीको तल्लो क्रिकेट मैदानमा भइरहेको छनोट प्रतियोगिताको शीर्ष दुई स्थानमा नेपाल र अफगानिस्तान पुगेका छन्। दुवैले समान तीन खेलबाट ६ अंक जोडेका छन्। यी दुई राष्ट्रबिच शनिबार निर्णायक भिडन्त हुनेछ। सहभागी अन्य राष्ट्र हङकङ, ओमान र युएई अंकविहीन छन्। यी तीन राष्ट्रले बाँकी खेल जित्दा पनि शीर्ष स्थान भेट्टाउन सक्दैनन्। यसकारण नेपाल र अफगानिस्तानमध्ये एक राष्ट्रले जिम्बावे र नामिबियाले आयोजना गर्ने विश्वकपको टिकट काट्नेछ।



नेपाल र अफगानिस्तानको तीन खेलबाट समान ६ अंक छ, यी दुई टोलीबिचको विजेताले अर्को वर्ष जिम्बावे र नामिबियाले आयोजना गर्ने विश्वकपमा स्थान बनाउने

छनोटको तेस्रो खेलमा नेपालले बुधबार हङकङमाथि नौ विकेटको सानदार जित निकाल्यो। यसअघि नेपालले संयुक्त अरब इमिरेट्स (युएई)लाई डिएलएस पद्धतिमा ५ रन र ओमानलाई आठ विकेटले हराएको थियो। अफगानिस्तानले ओमानलाई पहिलो खेलमा आठ विकेट र दोस्रो खेलमा हङकङलाई आठ विकेटले हराएको थियो। माथिल्लो मूलपानी मैदानमा बुधबार भएको अर्को खेल वर्षाले रोकिँदा अफगानिस्तानले युएईलाई डिएलएस पद्धतिमा १८० रनले हराउँदै शीर्ष स्थान कब्जा गरेको हो। नेट रनरेटका आधारमा अफगानिस्तानले नेपाललाई पछि पारेको छ। शनिबार हुने महत्त्वपूर्ण खेल वर्षाले प्रभावित हुँदा नेपाललाई घाटा लाग्नेछ।

नेपालका कप्तान नरेन भट्टले अफगानिस्तानसँग खेल्न तयार भएको बताएका छन्। 'अफगानिस्तानसँग खेल्न मानसिक रूपमै तयार छौं,' भट्टले भने, 'हामीले मूलपानीमै अफगानिस्तानसँग राम्रो खेलेका छौं। उनीहरूको खेल बुझेका छौं। त्यसैले घरमै छनोट हुन खेल्छौं।' एसिया छनोटमा दुई खेल मात्रै खेलेका स्पिनर युवराज खत्री लयमा छन्। उनले दुई खेलमा नौ विकेट लिइसकेका छन्।

युवराजले ओमानविरुद्ध पहिलो खेलमा पाँच विकेट लिएका थिए। ब्याटिङतर्फ कप्तान नरेनसँगै नीरज यादव र साहिल पटेल उत्कृष्ट फर्ममा छन्। 'चार महिना अभ्यास गरेका छौं। व्यक्तिगत रूपमा पनि खेलाडी बलिया छन्। घरेलु समर्थकको पनि साथ हुनेछ,' नरेनले भने। छनोट खेलअघि नेपाल र अफगानिस्तानबिच तीन खेलको शृंखला भएको थियो। अफगानिस्तान २-१ ले विजयी भएको थियो। नेपाल उपाधि रक्षा गर्ने योजनामा छ। यसअनुसार नेपाली युवाले प्रदर्शन गरिरहेका छन्। गत वर्ष दक्षिण अफ्रिकामा भएको विश्वकपमा नेपाल छनोट भएको थियो। नेपालले सन् २००० देखि २००८ सम्म लगातार पाँचपटक, त्यसपछि सन् २०१२ र २०१६ मा यू-१९ विश्वकपमा स्थान बनाएको थियो। नेपाल अहिले नवौंपटक विश्वकप खेल्ने तयारीमा छ। कप्तान नरेनले उत्कृष्ट प्रदर्शन गरी विश्वकपमा स्थान सुरक्षित गर्ने योजना भएको बताए।

नेपालको लगातार तेस्रो जित

नेपालले एसिया छनोटमा लगातार तेस्रो जित निकालेको छ। तल्लो मूलपानी मैदानमा बलर चम्किएपछि नेपाल सहज जित निकाल्न सफल भयो। टस हारेर ब्याटिङ गरेको हङकङले ४६.२ ओभरमा अलआउट हुँदा मात्र ११६ रनको लक्ष्य दिएको थियो। प्रत्युत्तरमा नेपालले १२.३ ओभरमा एक विकेट गुमाउँदै जित निकालेको हो। नेपालको जितमा साहिल पटेलले ४१ बलमा आठ चौकासहित अविजित ४२ रन बनाए। कप्तान नरेनले अविजित ३९ रन बनाएका हुन्। उनले २३ बलमा आठ चौका प्रहार गरेका थिए। नीरजकुमारले यादव १२ बलमा चार चौकासहित २३ रनको योगदान गरे।

अफगानिस्तानसँग खेल्न तयार छौं



● **नरेन भट्ट**, कप्तान, नेपाल

अफगानिस्तानसँग खेल्न मानसिक रूपमै तयार छौं। हामीले मूलपानीमै अफगानिस्तानसँग राम्रो खेलेका छौं। उनीहरूको खेल राम्रोसँग बुझेका छौं। त्यसैले घरमै छनोट हुन खेल्छौं। लामो समय अभ्यास गरेका छौं। व्यक्तिगत रूपमा पनि खेलाडी बलिया छन्। घरेलु समर्थकको पनि साथ हुनेछ। हामी विश्वकपमा छनोट हुनकै लागि खेल्छौं।

यसअघि हङकङका लागि शिव माथुरले सर्वाधिक ६३ रन बनाए। उनले ११६ बलमा चार चौका र एक छक्का हिर्काए। अन्य खेलाडीले गतिलो योगदान दिन सकेनन्। नेपालका युवराज खत्रीले १० ओभरमा चार विकेट हात पारे। विपिन शर्माले ६.२ ओभरमा तीन विकेट हात पारे। सन्तोष यादवले दुई तथा अशोक धामीले एक विकेट लिएका थिए।

अफगानिस्तान पनि लयमा

टेस्ट राष्ट्र अफगानिस्तानले छनोट खेलमा आफ्नो लय कायम राखेको छ। टोलीले लगातार तेस्रो जित निकाल्ने क्रममा युएईलाई १८० रनले हरायो। पहिलो ब्याटिङ गरेको अफगानिस्तानले निर्धारित ५० ओभरमा चार विकेट गुमाएर ३६० रनको लक्ष्य प्रस्तुत गरेको हो। प्रत्युत्तरमा युएईले ४७ ओभरमा सात विकेट गुमाएर १६८ रन बनाउँदा वर्षा भयो। अफगानिस्तानका ओपनर खालिद अहमाजाईले १३२ रनको शतकीय योगदान दिए। उनले १२४ बलमा १९ चौका हिर्काएका थिए। बर्कात इब्राहिमले ६२, जिआजाई खानले ६० तथा मोहम्मद खानले अविजित ५९ रन बनाएका हुन्। युएईका मुहम्मद रायन खानले सर्वाधिक ६४ रन बनाए। माधवमनोज नाइरले २८ तथा पृथ्वी मधुले २५ रनको योगदान गरेका थिए।

अंक तालिका

टोली	खेल	जित	हार	अनिर्णीत	अंक	रनरेट
अफगानिस्तान	३	३	०	०	६	४.८१
नेपाल	३	३	०	०	६	३.५७
युएई	२	०	२	०	०	-२.२२
हङकङ	२	०	२	०	०	-५.१९
ओमान	२	०	२	०	०	-६.११

■ तेस्रो नेपाल सुपर लिग

झापाले ललितपुरलाई बराबरीमा रोक्यो

नयाँ पत्रिका

झापा एएफसीले तेस्रो सुपर लिग (एनएसएल)मा क्वालिफायरमा स्थान पक्का गरिसकेको ललितपुर सिटीलाई १-१ बराबरीमा रोकेको छ। दशरथ रंगशालामा बुधबार भएको प्रतिस्पर्धामा झापाले पाँचौं बराबरी नतिजा निकाल्यो। ललितपुरका नवीन लामा र झापाका लाकेन लिम्बूले एक-एक गोल गरेका थिए। ललितपुरले ६ खेलमा समान ३ जित र बराबरीका साथ १२ अंक जोडेको छ। ललितपुरले अब शनिबार धनगढीविरुद्ध फाइनल प्रवेशका लागि पहिलो क्वालिफायर खेल्नेछ।



तेस्रो सिजनमा झापाले ६ खेलमा पाँच बराबरी र एक हार सामना गऱ्यो

तस्बिर : **ज्ञानेन्द्र कार्की**/नयाँ पत्रिका

अर्कोतिर झापा तेस्रो सिजनमा जितविहीन फर्कियो। झापाले ६ खेलमा पाँच बराबरी र एक हारको सामना गरी ५ अंक बनायो। झापा लगातार दोस्रो सिजन पनि प्ले अफ पुग्न सकेन। दोस्रो संस्करणमा झापाले १० अंक जोडे पनि गोल अन्तरमा पछि रहँदा लिग चरणबाटै बाहिरिएको थियो। अब बिहीबार चितवन र धनगढीबिचको खेलको नतिजाले प्ले अफमा पुग्ने चौथो टोलीको छिनोफानो हुनेछ। चितवन र काठमाडौंमध्ये एक टोली प्ले अफमा पुग्नेछ। जितले चितवनको प्लेअफ स्थान पक्का हुनेछ। साबिक विजेता ललितपुरले झापाविरुद्ध कप्तान तथा डिफेन्डर अनन्त तामङलाई मध्यान्तरअघिको प्रतिस्पर्धामा आराम दिएको थियो। अनन्तको स्थानमा सनिस श्रेष्ठले कप्तानको जिम्मेवारी लिएका थिए। आक्रामक शैलीमा प्रस्तुत भएको ललितपुरले नवौं मिनेटमा राम्रो गोल अवसर खेर फाल्यो। आदित्य शाक्यले झापाका गोलरक्षक अन्जल श्रेष्ठविरुद्ध वान भर्सेस वानमा सहज गोल अवसर गुमाएका हुन्। खेलको १२औं मिनेटमा ललितपुरका इमोह इजाकियलको प्रहारलाई झापाका गोलरक्षक अन्जलले बचाएका थिए। पहिलो हाफमा झापाले खासै राम्रो मुभ बनाउन सकेन।

दोस्रो हाफमा ललितपुर थप आक्रामक

स्पष्ट ३ अंक बटुल्ने योजनाका साथ ललितपुरले दोस्रो हाफमा रणनीति परिवर्तन गरेको थियो। दोस्रो हाफको सुरुवातमा ललितपुरले चार खेलाडी परिवर्तन गऱ्यो। यसपटक नियमित कप्तान अनन्त मैदानमा प्रवेश गरे। खेलको ५०औं मिनेटमा झापाका आशिष गुरुङको हेडिङमा प्रवीण खुलालाको भली गोल प्रयास असफल भयो। खेलको ५४औं मिनेटमा ललितपुरले १-० को अग्रता लियो। नवीनले अफसाइड ट्र्याप बिट गरी ललितपुरलाई अग्रता दिलाए। उनले अनमोल भण्डारीको क्रसमा गोल गरेका हुन्। पहिलोपटक गोल गरेको खुसीयाली मनाएका नवीनले जर्सी खोले।

उनले पहेँलो कार्ड पाए। तर, झापाले ११ मिनेटको अन्तरमा बराबरी गोल फर्कायो। खेलको ६५औं मिनेटमा झापाका कप्तान लाकेनले १-१ को बराबरी गोल फर्काए। खेलको ८९औं मिनेटमा झापाले खेलमा दोस्रोपटक अग्रता लिने मौका गुमायो। लाकेनको क्रसमा अभिनाश स्याङ्तानले डिबक्सभित्रबाट गरेको प्रहारलाई ललितपुरका गोलरक्षक समितले उत्कृष्ट बचाउ गरेका थिए।

अंक तालिका

टोली	खेल	जित	ड्र	हार	गोलअन्तर	अंक
ललितपुर	६	३	३	०	४	१२
धनगढी	५	३	२	०	६	११
पोखरा	६	२	२	२	१	८
काठमाडौं	६	२	२	२	-१	८
चितवन	५	२	१	२	०	७
झापा	६	०	५	१	-१	५
बुटवल	६	०	१	५	-९	१

■ केपी ओली टी-२० क्रिकेट

समूह विजेता हुँदै अत्तरिया सेमिफाइनलमा

कास्कीमा रोहितराज पराजुली

अत्तरिया क्रिकेट एकेडेमी समूह 'डी'को विजेता हुँदै केपी ओली टी-२० राष्ट्रिय पुरुष क्रिकेट प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेको छ। अत्तरियासँगै अन्तिम चारमा पुग्ने चारै टोलीको टुंगो लागेको छ। समूह 'ए'बाट सिइसी काठमाडौं, समूह 'बी'बाट गण्डकी हिरोज र समूह 'सी'बाट हिमाल फ्रेन्ड्सले अन्तिम चारमा स्थान पक्का गरेका हुन्। प्रतियोगिताअन्तर्गत बुधबार भएको अन्तिम खेलमा अत्तरियाले मालपोखरी क्रिकेट क्लबलाई ६ विकेटले हरायो। पहिलो सेमिफाइनलमा सिइसी काठमाडौंले हिमाल फ्रेन्ड्सको सामना गर्नेछ। अर्को फाइनल प्रवेश खेलमा गण्डकीले अत्तरियाविरुद्ध खेल्नेछ। लिगको अन्तिम खेलमा पहिलो ब्याटिङ गरेको मालपोखरी १७.४ ओभरमा १२४ रनमै अलआउट भयो। अत्तरियाले १४.१ ओभरमा चार विकेटको क्षतिमा १२८ रन बनायो।

अत्तरियाको जितमा अभिषेक पलले १७ बलमा ३८ रनको योगदान दिए। उनले पाँच चौका र दुई छक्का प्रहार गरे। निश्चल क्षेत्रीले २६ बलमा ३० रन जोडे। उनले तीन चौका र एक छक्का प्रहार गरेका थिए। मालपोखरीका लागि विजय गुप्ताले ३६ बलमा ३८ रन बटुले। उनले पाँच चौका र एक छक्का प्रहार गरेका थिए। बलिङमा अत्तरियाका लागि अर्जुन विक, हिक्मत महर, शौर्या श्रेष्ठ र सुशील साउदले समान दुई विकेट लिए।

अर्को खेलमा होरिजोनले सुन्दर हर्रैचा क्रिकेट क्लबलाई सात विकेटले पराजित गऱ्यो। सुन्दर हर्रैचाले २० ओभरमा आठ विकेट गुमाएर १३९ रन बनाएको थियो। होरिजोनले १२.३ ओभरमा तीन विकेटको क्षतिमा १४० रन जोड्यो। सुन्दर हर्रैचाका लागि मनीष थापाले २८ बलमा समान तीन चौका र छक्काको सहयोगमा सर्वाधिक ४७ रन जोडेका थिए। होरिजोनका आरिफ खानले अर्धशतकीय योगदान दिए। उनले ३३ बलमा ८० रन बटुले। उनले ६ चौका र आठ छक्का प्रहार गरेका थिए। यसैगरी अमर मिश्रले २७ बलमा चार चौका र दुई छक्का प्रहार गर्दै ३७ जोडे।

■ फर्किए पदक विजेता मुक्केबाज



भुटानको थिम्पुमा भएको फोर नेसन्स कप बक्सिङ च्याम्पियनसिको पदक विजेता खेलाडीसहितको नेपाली टोलीलाई नेपाल बक्सिङ महासंघका अध्यक्ष राम अवाले र महासचिव मानबहादुर भण्डारीसहितका पदाधिकारीले स्वागत गरेका छन्। महासंघले त्रिभुवन विमानस्थलमा बुधबार स्वागत गरेका पदक विजेता खेलाडीलाई राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव टंकलाल घिसिङले पनि बधाई दिएका छन्। महिला ५० केजी तौलसमूहमा आरती बम्जन, ५२ केजी तौलसमूहमा अस्मिता दुवाल र ५४ केजी तौलसमूहमा वर्षा श्रेष्ठले नेपाललाई स्वर्ण दिलाएका थिए। ५१ केजी तौल समूहमा लक्ष्मण राईले स्वर्ण जितेका थिए। भुटान बक्सिङ संघको विशेष निमन्त्रणामा प्रतियोगिता सञ्चालनका लागि टेक्निकल डेलिगेट हेडका रूपमा नेपालबाट पहिलो अन्तर्राष्ट्रिय टेक्निकल अफिसियल पुस्करराज पन्तलाई जिम्मेवारी दिइएको थियो।

खेल संक्षेप

प्रशिक्षक भट्टलाई उपनिर्देशकको जिम्मेवारी

काठमाडौं/ भलिबलका मुख्य प्रशिक्षक जगदीश भट्टले राष्ट्रिय खेलकुद परिषद्अन्तर्गत तालिम तथा प्रशिक्षण विभागको प्रशिक्षण, योजना तथा अनुगमन विभागको उपनिर्देशकको जिम्मेवारी पाएका छन्। परिषद्को सदस्यसचिवस्तरीय निर्णयअनुसार भट्टलाई विभागको उपनिर्देशकको जिम्मेवारी दिइएको हो। राखेपका सदस्यसचिव टंकलाल घिसिङले बुधबार भट्टलाई पत्र प्रदान गरेका छन्। भट्टले प्राप्त जिम्मेवारी इमानदारीका साथ निभाउने बताए। तीन दशकदेखि भलिबलमा सक्रिय भट्टले आफ्नो अनुभव, ज्ञान र सीपलाई पूर्ण इमानदारीका साथ राष्ट्रको खेल क्षेत्रमा योगदान गर्ने बताएका छन्। 'भलिबलमा अहिलेसम्म प्राप्त अनुभव र ज्ञानलाई राष्ट्रको खेल क्षेत्रमा प्रयोग गर्नेछु,' उनले भने, 'राखेपले ममाथि विश्वास गरेको छ, यसका लागि धन्यवाद दिन चाहन्छु।'



कराँतेका खेलाडी सम्मानित

काठमाडौं/ अमेरिकाको न्युयोर्कस्थित च्याम्पियन मार्सल आर्टस् क्लबले कराँतेका मोहम्मद सेखु आलमलाई नगदसहित सम्मान गरेको छ। एसेम्ब्ली मेम्बर स्टेभन रागाले सेखुलाई एक हजार अमेरिकी डलरसँगै प्रशंसापत्र प्रदान गरी सम्मान गरेको क्लबका अध्यक्ष सुनील लामाले जनाएका छन्। सेखु युएसए ओपन कराँतेमा भाग लिने क्रममा अमेरिकामा छन्। लस भेगसमा १८ देखि २० अप्रिलसम्म हुने प्रतियोगितामा सेखुले पुरुष ८४ केजीमुनि तौलसमूहमा नेपालको प्रतिनिधित्व गर्नेछन्।

सन्तोषीले लन्डन म्याराथन खेल्ने

काठमाडौं/ नेपालकी धाविका सन्तोषी श्रेष्ठ विश्वचर्चित लन्डन म्याराथनमा सहभागी हुने भएकी छिन्। लन्डन म्याराथन १४ वैशाखमा हुनेछ। प्रतियोगितामा सहभागी हुन श्रेष्ठ बिहीबार बेलायत जानेछिन्। राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव टंकलाल घिसिङले उनलाई बिदाइ गरेका छन्। घिसिङले राष्ट्रको सान बढाउने गरी उच्च प्रदर्शन गर्न सन्तोषीलाई शुभकामना दिए। लन्डन म्याराथनमा सहभागिता जनाउन श्रेष्ठलाई नेपाल रन युकेले व्यवस्थापन गरेको एथलेटिक्स परिवार नेपालका अध्यक्ष राजन खत्रीले जनाएका छन्।

५ वैशाखदेखि लुम्बिनी अन्तर्राष्ट्रिय महिला फुटबल

काठमाडौं/ लुम्बिनी अन्तर्राष्ट्रिय महिला फुटबल प्रतियोगिता ५ देखि १२ वैशाखसम्म हुने भएको छ। नेपालगन्ज रंगशालामा एक सातासम्म चल्ने महिला फुटबल प्रतियोगिताको सबै तयारी पूरा भएको आयोजकले जनाएको छ। प्रतियोगितालाई भव्य बनाउन रंगशाला सरसफाइ, रङरोगन, खेलाडी आवास, यातायातलगायत काम पूरा भइसकेको आयोजकका प्रमुख कार्यकारी जयनारायण शाहले जानकारी दिएका छन्। प्रतियोगितामा सहभागी खेलाडीको आगमन सुरु भएको शाहले बताए। अहिलेसम्म त्रिभुवन आर्मी क्लब नेपालगन्ज पुगेको छ। नेपाल र भारतका गरी आठ टोलीले प्रतियोगितामा भाग लिनेछन्। प्रतियोगितामा घरेलु टिम बाँके-११, नेपाल एपिएफ, नेपाल पुलिस, आर्मी, कर्णाली एफसी, सुदूरपश्चिम एफसी, सिलगुडी र रौतहट जिल्ला फुटबल संघले प्रतिस्पर्धा गर्नेछन्। बाँके जिल्ला फुटबल संघको सहकार्यमा हुन लागेको प्रतियोगिताको विजेताले पाँच लाख पाँच हजार र उपविजेताले दुई लाख ५० हजार रुपैयाँ पाउनेछन्।



■ आइपिएल-२०२५

सुपर ओभरमा दिल्ली भाग्यमानी



एजेन्सी

दिल्ली क्यापिटल्सले बुधबार १८औं इन्डियन प्रिमियर लिग (आइपिएल)मा राजस्थान रोयल्सविरुद्ध सुपर ओभरमा रोमाञ्चक जित निकालेको छ। राजस्थानले सुपर ओभरमा १२ रन बनाएको थियो। दिल्लीले सुपर ओभरको ०.४ ओभरमा विनाविकेट १३ रन जोडेको थियो। जितसँगै दिल्ली अंकतालिकाको शीर्ष स्थानमा उक्लेको छ। दिल्लीले ६ खेलमा पाँच जित र एक हार सामना गरी १० अंक बनाएको छ। राजस्थान ४ अंकका साथ आठौं स्थानमा रह्यो।

सुपर ओभरमा पहिलो ब्याटिङ गरेको राजस्थानले दुई विकेट गुमाएर १० रन बनाएको थियो। सिमरोन हेटमेयरले चार बलमा ६ रन बनाए। राजस्थानका दुई खेलाडी रनआउट भए। यसअघि दिल्लीले निर्धारित २० ओभरमा पहिलो ब्याटिङ गरी पाँच विकेट गुमाएर १८८ रन बनाएको थियो। प्रत्युत्तरमा राजस्थानले २० ओभरमा चार विकेटको क्षतिमा १८८ रनको योगफल बनायो। दिल्ली र राजस्थानबिच १८औं सिजनको आइपिएलकै पहिलो सुपर खेल रह्यो। राजस्थानले अन्तिम ओभरमा ९ रन बनाउनुपर्ने थियो। दिल्लीले ८ रन मात्र दिँदै खेललाई सुपर ओभरमा पुऱ्यायो। राजस्थानलाई अन्तिम बलमा २ रन आवश्यक थियो। ध्रुव जुरेल २ रन लिने क्रममा रनआउट भए।

दुई अर्धशतकीय योगदान

राजस्थानले लक्ष्य पछ्याएको इनिङ्समा यशस्वी जैसवाल र नीतीश रानाले अर्धशतकीय योगदान दिएका थिए। जैसवालले ३७ बलमा तीन चौका र चार छक्का प्रहार गरी ५१ रनको योगदान दिए। कप्तान सञ्जु सामसन रिटायर्ड हट हुँदा १९ बलमा ३१ रन बटुले। उनले दुई चौका तीन छक्का प्रहार गरे। नीतीशले २८ बलमा ६ चौका र दुई छक्काको सहयोगमा ५१ रन बटुलेका थिए। यसैगरी ध्रुव जुरेलले १७ बलमा दुई छक्का प्रहार गरी २६ रन बनाए। हेटमेयरले नौ बलमा १५ रन जोडेका थिए।

यसअघि पहिलो ब्याटिङ गरेको दिल्लीको सुरुवात राम्रो भएन। शीर्ष क्रमका जाक फासेर ९ तथा करुण नायर शून्यमा आउट भएका थिए। यी दुवै ब्याट्समयान चार बलको अन्तरमा पेभेलियन फर्केका थिए। जाक र करुण आउट हुँदा दिल्ली ३.१ ओभरमा ३४-२ को अवस्थामा थियो। अभिषेक पोरेल र लोकेश राहुलले तेस्रो विकेटका लागि ६३ रनको साझेदारी गरी दिल्लीलाई १२.४ ओभरमा ९७-३ को अवस्थामा राखे। क्रिजमा सेट हुन लागेका राहुलले ३२ बलमा समान दुई चौका र छक्का प्रहार गरी ३८ रनको योगदान दिए।

अभिषेक र त्रिस्तान स्तुब्सबिच चौथो विकेटका लागि केवल ८ रनको साझेदारी भएको थियो। दिल्लीका दोस्रो ओपनर अभिषेकले ३७ बलमा पाँच चौका र एक छक्का प्रहार गरी सर्वाधिक ४९ रनको योगदान दिए।

अभिषेक आउट हुँदा दिल्लीले १३.५ ओभरमा १०५-४ को प्रदर्शन गरेको थियो। स्तुब्सले कप्तान अक्षर पटेलसँग पाँचौं विकेटका लागि ३९ रनको साझेदारी गर्दै टोलीलाई १६.६ ओभरमा १४६-५ को स्थितिमा राखे।

अक्षरले आफ्नो विकेट गुमाउँदा १४ बलमा चार चौका र दुई छक्का प्रहार गरी ३४ रनको योगदान दिए। त्यसपछि आशुतोष शर्मा र स्तुब्सबिच छैटौं विकेटका लागि नटआउट ४२ रनको साझेदारी हुँदा दिल्लीले पाँच विकेट गुमाएर १८८ रनको योगफल खडा गऱ्यो। आशुतोषले ११ बलमा १५ तथा स्तुब्सले १८ बलमा समान दुई छक्का र चौका प्रहार गरी ३४ रनको योगदान दिए। बलिङमा राजस्थानका लागि तुसार देशपाण्डेले ३२ रन खर्चेर दुई विकेट हात पारे।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com